राष्ट्रपति पदका लागि पुटिनद्वारा औपचारिक उम्मेदवारी दर्ता पृष्ठ ६ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ • अंक २४३ • २०८० साल माघ १६ गते मंगलबार (30 January, Tuesday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

# दरबार हत्याकाण्डको छानबिन हुन्छ : प्रधानमन्त्री

**रञ्जन यादव**

वीरगञ्ज । नेकपा माओवादी केन्द्रका अध्यक्ष समेत रहेका प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले २०५८ सालमा भएको दरबार हत्याकाण्डको छानबिन हुने बताएका छन् ।

बारा जिल्लाको सिमरा विमानस्थलमा सोमवार सञ्चारकर्मीहरुसँगको संक्षिप्त कुराकानीमा प्रधानमन्त्री प्रचण्डले तत्कालीन राजा वीरेन्द्रको वंशविनाश हुने गरी भएको दरबार हत्याकाण्डको अनुसन्धान हुने बताए ।

'सङ्घीय लोकतान्त्रिक गणतन्त्रले सबैलाई स्वतन्त्रतापूर्वक अधिकार दिएको स्पष्ट हुँदाहुँदै पनि यस व्यवस्थाका विरुद्ध उभिने र षड्यन्त्रपूर्ण गतिविधि गर्ने काम भएको छ' उनले भने, यस्तो अधिकार कसैलाई छैन् ।

पूर्व राजा ज्ञानेन्द्र शाहले २०५८ सालको दरबार हत्याकाण्डमा आफूलाई अत्यन्त दुखी बनाउने प्रचार गरिएको आरोप लगाएका थिए । वीरगञ्जमा गत शनिवार आयोजित अभिनन्दन समारोहमा पूर्व राजाले दलका नेताहरुमाथि विभाजन गर्ने आरोप लगाएका थिए ।

प्रधानमन्त्री दाहालले त्यसको काउण्टर गर्दै दरवार हत्याकाण्डको छानबिन गरिने बताएका छन् ।

प्रधानमन्त्री प्रचण्डले सङ्घीय लोकतान्त्रिक गणतन्त्रको मर्म र व्यवस्थाबारे बुझाउन स्थानीय तहका जनप्रतिनिधि जनताको घरदैलोमा पुग्नुपर्ने बताए । जनतालाई गणतन्त्रको मर्म बुझाउन नसकिएको भन्दै उनले स्थानीय तहका जनप्रतिनिधिले त्यसतर्फ विशेष ध्यान दिनुपर्ने बताए ।

बारा र पर्सा जिल्लाका स्थानीय तहका जनप्रतिनिधिहरूसँग भएको छलफलमा प्रधानमन्त्रीले भने-'संविधानमा व्यवस्था भएका अधिकारबारे आम जनसमुदायलाई बुझाउन स्थानीय तहले नागरिकको प्रत्येक घरसम्म पुग्ने गरी जागरण अभियान वा घरदैलो कार्यक्रम सञ्चालन गर्नुस् ।'

संविधानले मधेशका नागरिक, महिला, दलितलगायत उत्पीडित वर्ग र समुदायको पहिचान र अधिकारको प्रबन्ध गरेको उनले स्पष्ट गरे । 'आम जनसमुदायसम्म संविधानको मर्म र व्यवस्थालाई जसरी प्रस्तुत गर्नुपर्थ्यो, जसरी स्वामित्व लिनुपर्थ्यो, त्यसो हुन सकेको छैन' उनले भने-'यसलाई जनतासम्म व्यवस्थित रूपमा बुझाउने जिम्मेवारी तपाईंहरूको हो ।'

संविधानमा व्यवस्था भएबमोजिमका सङ्घीय कानुनहरूको निर्माणमा उच्च प्राथमिकताका साथ काम भइरहेको जानकारी दिँदै प्रधानमन्त्री दाहालले प्रहरी समायोजन ऐन कार्यान्वयनको प्रक्रियामा अगाडि बढेको बताए ।

माध्यमिक शिक्षा विधेयक संसद्मा छलफलको प्रक्रियामा रहेको बताउँदै उनले सङ्घीय निजामती सेवा ऐन संसद्मा प्रस्तुत गर्ने तयारीमा रहेको जानकारी दिए ।




संघीय कानुनहरूको निर्माणलाई तीव्रता दिन आइतबार कार्यविस्तृतीकरण प्रतिवेदनमाथि आफूले उच्चस्तरीय छलफल चलाएको बताउँदै प्रधानमन्त्री प्रचण्डले संविधानको अनुसूचीमा व्यवस्था भएबमोजिम संघ, प्रदेश र स्थानीय तहको एकल र साझा अधिकार सूचीको व्यवस्थित गरिने उनले बताए ।

प्रधानमन्त्री प्रचण्डले ३ करोडभन्दा कमका योजनामा लगानी नगर्ने घोषणा गरेका समेत गरेका छन् । उनले संघ, प्रदेश र स्थानीय तहबीच हुने योजनाको दोहोरोपनलाई रोक्न र जनतालाई विकासको प्रत्यक्ष अनुभूति गराउनका लागि ३ करोडभन्दा माथिको योजनामा मात्रै संघीय सरकारले लगानी गर्ने बताए ।

वीरगञ्जको नगरसभागृहमा आयोजित प्रेस सेन्टर नेपालको २०औँ स्थापना दिवस तथा राष्ट्रिय परिषद् बैठकको उद्घाटन सभामा प्रधानमन्त्री दाहालले सबैको सल्लाहमा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट ल्याउने तयारी भइरहेको जानकारी दिए ।

सरकारले एकपक्षीय ढङ्गले ल्याउने नीति तथा कार्यक्रमले काम नगरेको भन्दै उनले अब नागरिक समाज, राजनीतिक दलका नेता तथा कार्यकर्ता र जनप्रतिनिधिबीच बृहत् छलफल र बहसबाट प्राप्त रायसुझावकै आधारमा नीति तथा कार्यक्रम र बजेट ल्याउने बताए ।

सरकारले पहिले पुराना योजनालाई पूरा गर्ने अनि मात्र नयाँ योजनामा लगानी गर्ने निर्णयमा पुगेकाले आगामी आवको बजेट पुराना योजनालाई सम्पन्न गर्ने दिशातर्फ उन्मुख हुने प्रधानमन्त्रीको भनाइ थियो । उनले पुराना योजना सम्पन्न नहुँदै नयाँ योजना ल्याएका कारण ऋणको भार मात्र थपिएको र आम जनताले विकासको अनुभूति नगरेको बताए ।

सरकारले भ्रष्टाचार, भूमाफिया र मिटरब्याजविरुद्ध सशक्त कदम चालेको भन्दै प्रधानमन्त्रीले सामाजिक सुरक्षा कोषमा अनौपचारिक क्षेत्र, स्वरोजगारी तथा वैदेशिक रोजगारीमा रहेका श्रमिकलाई समेट्ने महत्वपूर्ण कार्य गरेको उनले बताए ।

त्यस्तै प्रधानमन्त्री दाहालले निजी क्षेत्रसँग सहकार्य गरेर सरकार अगाडि बढ्ने बताए । बाराको जीतपुरसिमरा उपमहानगरपालिकाको सिमरा स्थित विशेष आर्थिक क्षेत्र (सेज)को अवलोकन भ्रमणपश्चात् स्थानीय व्यवसायीसँग सोमबार अन्तरक्रिया गर्दै उनले निजी क्षेत्रलाई विश्वासमा लिएर लगानीको वातावरण बनाउनेमा जोड दिए । 'निजी क्षेत्रलाई संलग्न नगराई सेज परियोजना सफल हुँदैन, सरकार निजी क्षेत्रको साथमा छ," प्रधानमन्त्रीले भने-'रुग्ण उद्योग सञ्चालन हुन्छन्, विशेष आर्थिक क्षेत्रलाई महत्व दिएर निजी सरकारी साझेदारीमा उद्योग सञ्चालन गर्नुपर्छ ।' 'सेज'ले उत्पादन र निर्यात प्रवर्द्धनमा सहयोग पुऱ्याइ देशलाई समृद्ध बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्नेमा प्रधानमन्त्री प्रचण्डले विश्वास व्यक्त गरे ।

# मिटरब्याजको विवाद प्रहरीको जिम्मा

**टुडे समाचारदाता**

काठमाण्डु । मिटरब्याज( अनुचित लेनदेन) सम्बन्धी विवादको छानबिन गर्ने काम जिल्ला प्रशासनबाट अब जिल्ला प्रहरी कार्यालयको जिम्मा लगाइएको छ ।

मिटरब्याज सम्बन्धी जाँचबुझ आयोगको म्याद सकिएपछि गृह मन्त्रालयले बाँकी रहेका र नयाँ आउने उजुरी हेर्ने र विवाद निरुपण गर्ने जिम्मा प्रहरीलाई दिएको छ ।

मन्त्रालयले मिटरब्याज सम्बन्धी उजुरी संकलन तथा फछ्र्यौटका लागि जारी गरेको कार्यसम्पादन कार्यविधिमा जाँचबुझ आयोगले जिल्ला प्रशासन कार्यालयमा पठाएर विचाराधीन रहेको उजुरी जिल्ला प्रहरी कार्यालयमा पठाउने प्रावधान राखिएको छ। उजुरी दिन छुटेको मिटरब्याज पीडितहरुले उजुरी दिन चाहेमा मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा ४ बमोजिम जिल्ला प्रहरी कार्यालयमा उजुरी दिन सक्ने व्यवस्था कार्यविधिमा गरिएको छ ।






# राष्ट्रिय हृदय केन्द्रलाई स्वास्थ्य प्रतिष्ठानमा रुपान्तरण गरिँदै

टुडे समाचारदाता

काठमाण्डु । स्वास्थ्य तथा जनसंख्यामन्त्री मोहनबहादुर बस्नेतले शहीद गङ्गालाल राष्ट्रिय हृदय केन्द्रलाई स्वास्थ्य प्रतिष्ठानका रुपमा विकास गर्न मन्त्रालयले प्रक्रिया अघि बढाएको जानकारी दिएका छन् ।

केन्द्रको २८औं वार्षिकोत्सवका अवसरमा सोमबार यहाँ आयोजित समारोहलाई सम्बोधन गर्दै उहाँले केन्द्रलाई आत्मनिर्भर हुँदै विशिष्टीकृत उपचार सेवामा अब्बल हुन आग्रह गरे । केन्द्र प्रतिष्ठानका रुपमा रुपान्तरण गर्न प्रक्रिया अघि बढेको जानकारी समेत दिए ।

"केन्द्रले चाहेजस्तो दक्ष चिकित्सकहरु यही हुनुहुन्छ, सबै विधाका प्राध्यापक चिकित्सकहरु यही हुनुहुन्छ । यस अस्पतालले व्यावसायिकताका हिसाबले भन्दा पनि आवश्यकताका हिसाबले हामी पढाउछौँभन्दा छेक्नुपर्ने कारण छैन", मन्त्री बस्नेतले भने, "केन्द्रलाइ प्रतिष्ठानका रुपमा विकास गर्न प्रक्रिया अघि बढेको छ । सरकार 'कन्भिन्स' भएको छ । हामी तपाईंहरुको प्रस्तावको पर्खाइमा थियौँ, मन्त्रालयले यससम्बन्धी निर्णयसमेत गरिसकेको छ ।"



यही वर्ष भदौ १३ गते मन्त्री बस्नेतको अध्यक्षतामा बसेको सञ्चालक समितिको बैठकले केन्द्रलाई प्रतिष्ठानमा रुपान्तरण गर्न तीन सदस्यीय उपसमिति गठन गरेको थियो ।

उक्त उपसमितिले अवधारणापत्र बुझाइसकेको र मन्त्रालयबाट प्रक्रिया सुरु भएको उनको भनाइ छ ।"संस्थापक, सहयोगी कर्मचारी र पदाधिकारीले यस अस्पताललाई प्रतिष्ठानका रुपमा अघि बढाउने र आवश्यकताअनुसार विषयमा पठनपाठनको व्यवस्था गराउने तयारी गर्नुहोस् । मन्त्रालयबाट पहल र सहयोग गर्ने कुनै कुरा बाँकी रहनेछैन, प्रक्रिया अघि पनि बढिसकेको छ", उनले भने ।

मन्त्री बस्नेतले भविष्यमा चिकित्सक र नर्सको अभाव खड्किन नदिनका लागि चिकित्सा शिक्षा ऐन संशोधनका लागि तयारी भइरहेको जानकारीसमेत दिए । उनले आधारभूत स्वास्थ्य उपचार र चिकित्सा शिक्षा दुवै सँगसँगै लानुपर्ने आवश्यकता औंल्याए ।

केन्द्रका कार्यकारी निर्देशक डा रवि मल्लले दिनप्रतिदिन बढ्दो बिरामीको चापअनुसार केन्द्रको क्षमता विस्तार गनुपर्ने आवश्यकता रहेको बताए । उनले दुई सय शय्याको अत्याधुनिक बाल मुटुरोग भवन निर्माणको काम अघि बढाउन मन्त्रालयसँग आग्रह गरे ।

निर्देशक डा मल्ल केन्द्रलाई प्रतिष्ठानका रुपमा विकास गर्नतर्फ मन्त्रालयको ध्यानाकर्षण गराए । "विगत सात वर्षदेखि मुटु शल्य चिकित्सकको विधामा कोही पढन आएका छैनन् र यही अवस्था रहेमा केही वर्षभित्रमा मुटु शल्य चिकित्सकको अभाव हुन सक्ने देखिन्छ", उनले भने, "यस केन्द्रलाई प्रतिष्ठानका रुपमा विकास गर्न सकिए सो अभाव पूर्ति गर्न सकिनेछ ।" विक्रम संवत् २०५१ मा नौवटा शय्याबाट उपचार सेवा सुरु गरेको केन्द्र अहिले दुई सय ९६ शैय्यामा सञ्चालन भइरहेको छ । केन्द्रले मुटुरोगसम्बन्धी विभिन्न किसिमका गुणस्तरीय विशेषज्ञ उपचार सेवा उपलब्ध गराउँदै आएको छ ।

केन्द्रले गत वर्ष सन् २०२३ मा एक लाख ९२ हजार नौ सय ९२ जना बिरामीलाई बहिरङ्ग सेवा उपलब्ध गराएको छ । सोही वर्ष १४ हजार नौ सय ८८ जनाले अन्तरङ्ग उपचार सेवा लिएका छन् ।

यसैगरी, २० हजार तीन सय १७ जना बिरामीले आकस्मिक उपचार सेवा लिएका छन्भने एक हजार आठ सय ३८ जना बिरामीले शल्यक्रिया गराएका छन् ।

गत वर्ष नै केन्द्रले निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरी आठ हजार एक सय ७२ बिरामीको मुटु परीक्षण गरेको थियो । केन्द्रले विभिन्न विद्यालयका सात हजार सात सय १८ जना विद्यार्थी को 'इको स्क्रिनिङ' समेत गरेको थियो ।गत आव ०७९/०८० को वार्षिक कार्यक्रम सञ्चालनका लागि सरकारतर्फ ५४ करोड २९ लाख खर्च भई सय प्रतिशत वित्तीय प्रगति भएको केन्द्रको प्रगति विवरणमा उल्लेख छ । यस्तै आन्तरिकतर्फ एक अर्ब ५१ करोड ९४ लाख बजेटमा एक अर्ब ४७ करोड ५८ लाख खर्च भई ९७ प्रतिशत वित्तीय प्रगति भएको छ ।

# त्रिविका परीक्षासम्बन्धी सेवा अनलाइन

टुडे समाचारदाता

काठमाण्डु । त्रिभुवन विश्वविद्यालयले सोमबारदेखि परीक्षासम्बन्धी सेवा अनलाइन प्रणालीमार्फत दिन सुरु गरेको छ । विद्यार्थीले परीक्षाका प्रमाणपत्र लिनका लागि घरबाटै आवेदन गर्नसक्ने भएका छन् ।

त्रिभुवन विश्वविद्यालयले स्थापनाको ७४औं वर्षमा पहिलो पटक अनलाइन सेवामा प्रवेश गरेको हो । विश्वविद्यालयका कार्यवाहक उपकुलति शिवलाल भुसालले बल्खुस्थित परीक्षा नियन्त्रण कार्यालयको कम्प्युटरमा क्लिक गरी सेवाको शुभारम्भ गरेका थिए । उद्घाटनपछि उनले परीक्षाका सबै कार्यलाई अनलाइनमार्फत गर्ने विश्वविद्यालयको अभियान आज सुरु भएको र यो सफलतामा पुग्ने विश्वास व्यक्त गरे ।

यसअघि प्रमाणपत्र प्राप्त गर्न बल्खुस्थित कार्यालयमा नै गएर आवेदन दिनुपर्ने व्यवस्था थियो । अनलाइन सेवा प्रारम्भ भएपछि विद्यार्थीले ट्रान्सक्रिप्ट, प्रोभिजनल प्रमाणपत्र, मूल प्रमाणपत्र, पुनर्योग र प्रमाणपत्र सच्याउनेजस्ता कार्यका लाग घरैबाट अनलाइन निवेदन दिन सक्नेछन् ।

सोका लागि विद्यार्थीले आफ्नै कम्प्युटरबाट तगभहक.भमग.लउ मा लग इन गरी तोकिएको प्रमाण संलग्न गर्ने र नेपाल बैंक वा ग्लोबल आइएमइ बैंकमा तोकिएअनुसारको शुल्क तिरेर निवेदन दिनसक्ने जानकारी कार्यक्रममा दिइयो । चौबिसैं घन्टा चल्ने सो प्रणालीमा निवेदन दिएपछि विद्यार्थीको उक्त निवेदन स्वीकृत वा अस्वीकृत भएको जानकारी कार्यालय समयभित्र विद्यार्थीले पाउनेछन् । उनका अनुसार अस्वीकृत भएमा त्यसको कारणसमेत खुलाइ सच्याएर वा नपुग विवरण राखेर पुनःआवेदन गर्नसमेत विद्यार्थीलाई आग्रह गरिनेछ ।



यसरी दिइएको निवेदनमा सबै प्रमाण पुगेको वा मिलेको छ भने निवेदन दिएको एक साताभित्र प्रमाणपत्र तयार हुने छ । यसरी तयार भएको प्रमाणपत्र लिन सम्बन्धित परीक्षार्थी उपत्यकाको हकमा परीक्षा नियन्त्रण कार्यालय बल्खुमै जानुपर्नेछ । उपत्यका बाहिरका विद्यार्थीले भने प्रमाणपत्र लिनका लागि सम्बन्धित क्षेत्रीय शिक्षा निर्देशनालय जानुपर्ने हुन्छ ।

त्रिवि परीक्षा नियन्त्रक पुष्पराज जोशीका अनुसार परीक्षाका जुनसुकै कामका लागि पनि बल्खु नै जानुपर्ने अवस्थाको अन्त्य गरी समयअनुसार त्रिविका शैक्षिक क्यालेन्डरलाई व्यवस्थित गर्न अनलाइन सेवा सुरु गरिएको हो ।

आगामी दिनमा प्रमाणपत्र वितरणलगायत सबै कार्य अनलाइनमै गर्ने गरी तयारी भइरहेको पनि परीक्षा नियन्त्रक जोशीले जानकारी दिए ।

कार्यालयले अबको करिब एक महिना अनलाइन र आफैं बल्खु आएर निवेदन दिनेगरी दुईवटै प्रणाली राखिने जानकारी पनि उनल दिए । अनलाइन सेवा चलाउनका लागि अझै पनि कार्यलयले दक्ष र पर्याप्त जनशक्तिको अभाव भोग्नुपरेकोसमेत उनले बताए । दोस्रो चरणदेखि यस्ता प्रमाणपत्र सम्बन्धित क्याम्पसबाट विद्यार्थीले पाउने जानकारी कार्यक्रममा दिइयो । "फागुन १ गतेदेखि यसलाई पूर्णतः अनलाइन प्रणालीमा लगिनेछ", उनले भने ।

अनलाइन सेवामा २०५४ सालपछिका प्रमाणपत्रको काममात्र समेट्ने जानकारी परीक्षा नियन्त्रक जोशीले दिए । त्यसभन्दाअघिका प्रमाणपत्र कम्प्युटर अभिलेखमा नरहेका कारण त्यसअघि परीक्षा दिएकाहरुले प्रमाणपत्रसम्बन्धी सेवा लिन बल्खु नै पुग्नुपर्ने उनले जानकारी दिए ।

यद्यपि यस्ता सेवाग्राही अत्यन्त थोरै संख्या महिनामा एक/दुई जना आउने गरेको उनले बताए । परीक्षा सुधारको मागसहित आन्दोलनरत त्रिविका विद्यार्थी नेताले त्रिविको यस कार्यलाई सकारात्मक रहेको प्रतिक्रिया दिएका छन् । त्रिवि स्ववियुका उपसभापति अनोज कार्कीले आफूहरुको १० सूत्रीय मागमध्येको एउटा महत्वपूर्ण माग पूरा भएको बताए ।

# नेपाली वैज्ञानिकलाई २९ करोड अनुसन्धानवृत्ति

काठमाण्डु ।तपाईको बाल्यकालमा भएका घटना या कुनै समयमा भएका दुर्घटना तपाईको मस्तिष्कमा कति समयसम्म सञ्चय भएर वस्छन् ? त्यसले कतै तपाईको जीवनको उत्तरार्द्धमा गम्भीर समस्या लिएर डिप्रेशनको शिकार पो भएको छ कि ? अर्थात् चिकित्सकको भाषामा 'पोष्ट ट्रमाटिक स्ट्रेस डिसअर्डर' अर्थात् गम्भीर दुर्घटनापछिको मनोवैज्ञानिक सन्त्रास मानव जीवनमा आजीवन समस्याको रुपमा रहन पनि सक्छ ।

वास्तवमा मानव जीवनमा आईपर्ने यस्ता अनेकन विस्मृतिलाई मस्तिष्कमा भण्डारण गरेर राख्ने सुक्ष्म कोषिकाहरु र त्यसअनुसारको निर्मित प्रोटिनहरुले मस्तिष्कलाई क्रियाशील वनाउनका लागि कसरी काम गरिरहेको छ ? त्यो आममानिसहरुको लागि चासो हुने कुरा पनि भएन । अझ मानिसको मस्तिष्कमा रहेका सुक्ष्म कोषिकाहरुले प्रोटिनको 'सिन्थेसिस' संयन्त्रमा भावनात्मक रुपले कसरी प्रतिक्रिया दिन प्रेरित गरिरहेको हुन्छ भन्ने विषय झन जटिल हो ।

नेपालबाट अमेरिका आएर बिसौं वर्ष न्यूरो साइन्समा अभ्यास गरिरहनुभएकी डा प्रेरणा श्रेष्ठ भने यही विषयलाई नै आफनो अध्ययनको प्रमुख विषय बनाउनु भएको छ । सोही विषयको प्राथमिकताले उहाँले अहिले लोभलाग्दो सफलता हासिल गर्दै अगाडि बढ्नुभएको छ ।

अमेरिकाको न्यूयोर्क राज्यको स्टोनी व्रुक युनिभर्सिटीमा न्यूरोवायोलोजी एण्ड बिहेभियर विभागमा अध्यापन गर्दै आउनु भएकी श्रेष्ठलाई यस्तै विषयमा अध्ययनका लागि अमेरिकी सरकारी निकाय नेशनल इन्ष्टिच्युट अफ मेन्टल हेल्थले २२ लाख डलर अर्थात् आजको विनिमय दरमा २९ करोड २५ लाख बरावरको रकम उपलब्ध गराउने भएको छ ।

अनुसन्धानको लागि उपलब्ध हुने २२ लाख डलरको अनुदानपश्चात् रासससँगको कुराकानीमा प्रतिक्रिया दिदै श्रेष्ठले भन्नुभयो - यो मेरो कामको लागि पुरस्कार जत्तिकै महत्वपूर्ण हो ।

श्रेष्ठका अनुसार मानिससँग मिल्दोजुल्दो आनीबानी भएका मुसामा अध्ययन गरिने विधिअनुसार (जसलाई मस्कुलर विधि पनि भनिन्छ,) उहाँको टोलीले किन मस्तिष्कमा लामो समयसम्म यस्तो विषय रहिरहन्छ भन्नका लागि औजार जडान गरि अध्ययन गर्नेछ । आगामी सन् २०२७ को अक्टोवर सम्ममा अध्ययन सकिने गरी हुन लागेको यो अध्ययनले भविष्यमा यस्ता समस्यामा रहेका मानिसको उपचार विधि र पद्धति तर्जुमा हुनसक्ने श्रेष्ठ बताउनुहुन्छ ।

अमेरिकी सरकारले नागरिकहरुको स्वास्थ्यको महत्वपूर्ण हिस्सा मानिएको मानसिक स्वास्थ्यसम्बन्धी काम गर्ने सरकारी निकायका अनुसार ३ तीन दशमलव ६ प्रतिशत वयस्कमा जीवन कालमा भएका कुनै घटना,दुर्घटनाका कारणले दीर्घकालीन रुपमा मनोवैज्ञानिक सन्त्रासको जीवन बिताउन वाध्य भएका छन् ।

यसैले यसलाई वैज्ञानिक तरिकाले कसरी अनुसन्धान गरेर दीर्घकालीन रुपमा मानसिक स्वास्थ्य सबल वनाउन सकिन्छ भनेर नेशनल इष्टिच्युट अफ मेन्टल हेल्थले विभिन्न कार्यक्रमहरुलाई प्राथमिकतामा राखेर काम गर्दै आएको छ । सरकारी निकायको रुपमा रहेको यसले मानव मस्तिष्कमा भावनात्मक उत्तेजनाले पार्ने असरलाई न्यूनीकरण गर्दै मानसिक स्वास्थ्यलाई जटिल बन्न नदिनेलगायत उद्देश्य अनुरुप काम गर्दै आएको छ । श्रेष्ठले दिनुभएको जानकारी अनुसार उहाँको अनुसन्धान मानव मस्तिष्कमा कसरी भावनात्मक स्मरण लामो समयसम्म रहन्छ भन्नेमा केन्द्रित हुनेछ । उहाँ भन्नुहुन्छ - हामीले अनुसन्धान गर्ने मुख्य दुई पक्ष एक, गम्भीर दुर्घटनाले व्यक्तिगत रुपमा पार्ने असर र उनीहरुले यसलाई स्वत : दिने प्रतिक्रिया । यसरी दुई कुरामा केन्द्रित हुनुको कारण उक्त दुर्घटनापछि मानिसलाई जीवन पर्यन्त मनोवैज्ञानिक सन्त्रासमा राख्न यसले वल पुरयाईरहेको हुन्छ भन्ने तथ्यमा आधारितछ। हामीहरुको अनुसन्धान टिमले मनोवैज्ञानिक सन्त्रासमा परेका मानिसको मस्तिष्कमा स्मरण गराईराख्न कोषिकाले कसरी निर्देशित गराइरहेका हुन्छन् भन्ने विषयलाई अध्ययन गर्नु र पर्याप्त सूचना सङ्कलन गर्नु हुनेछ - उहाँ थप्नु हुन्छ - यो अनुदानबाट हाम्रो अनुसन्धानले केही खोजलाई उजागर गर्नेछ ।

प्रेरणा श्रेष्ठको अमेरिकाको आगमन रमाइलो छ । सन् १९९९ मा उहाँलाई अमेरिकामा आउने वा कुनै देशमा एमबिबिएस अध्ययन गर्न जाने ।

त्यसैबेला उहाँ अमेरिकामा पूर्ण छात्रवृत्तिमा बायोकेमेष्ट्री अध्ययनको लागि आउनुभयो । अमेरिकामा मेडिकल कलेजमा भर्ना हुन चारवर्षको कोर्ष आवश्यक पर्ने भएकाले मेडिकल स्कूलको लागि पूर्वतयारी कक्षामा सामेल हुनुभएको थियो । अमेरिका आएपछि सन् २००२को ग्रीष्मयाममा उहाँले वैज्ञानिक अनुसन्धानको लागि हार्डवर्ड युनिभर्सिटीको सेल वायोलोजी ल्यावमा दिनु भएको परीक्षामा सफलता हात पारेपछि उहाँलाई अनुसन्धानमा झनै बढी रुचि भयो । त्यसपछि उहाँले आफूले सिकेको विषय र मानव मष्तिष्कका बारेमा थप ज्ञान हासिल गर्न विद्यावारिधि कार्यक्रममा सामेल हुनुभयो ।

न्यूरो साइन्समा दुई दशकदेखि काम गर्दै आउनु भएकी श्रेष्ठ आफ्नो जीवनलाई निर्णायक मोडमा पुरयाउने काम भने हार्डवर्ड युनिभर्सिटीले दिएको रिसर्च फेलोको रुपमा ल्याबमा दिएको अवसरलाई मान्नुहुन्छ । उक्त ल्याबमा उहाँले मानव मस्तिष्कको विषयमा महत्वपूर्ण अनुसन्धान गर्न पाउनुभयो ,सोही अनुसन्धान सकिएपछि उहाँलाई मानवको विषयमा थप अध्ययन गर्ने मार्ग पहिल्याउने सफलता प्राप्तभयो । निरन्तरको अध्ययन र अनुसन्धानपछि सन् २०११ मा रकफेलर युनिभर्सिटीबाट लाइफ साइन्समा विद्यावारिधि गर्नुभयो ।

मानव मस्तिष्कका बहुआयामकि पाटोलाई केलाउने क्रममा आफूले महत्वपूर्ण ज्ञान हासिल गर्न सफल भएको उहाँको भनाइ छ ।

हाल स्टोनी ब्रुक युनिभर्सिटीमा सहप्राध्यापकका रुपमा काम गर्दै आउनु भएकी श्रेष्ठले तीन वर्ष अगाडि श्रेष्ठ ल्याब भनेर अनुसन्धान केन्द्र स्थापना गर्नुभएको छ । दश जनाको टोलीले उक्त प्रयोगशालालाई सञ्चालन गरेको छ । नेपालको आदर्श विद्या मन्दिरबाट विद्यालय शिक्षा अध्ययन र बुढानीलकण्ठबाट 'ओ' र 'ए' लेभलको अध्ययन पूरा गर्नु भएकी श्रेष्ठले अमेरिका आएर १२ वर्षको अनवरत अध्ययन अनुसन्धान पश्चात् विद्यावारिधि उपाधि हासिल गर्नुभएको हो ।

आफनो सफलताको कथा भन्ने क्रममा श्रेष्ठले मानव भएर केवल व्यक्तिगत फाइदाको विषयमा मात्र केन्द्रित हुननहुने भएकाले त्यसलाई अझै विस्तार गर्न योगदान गर्नु पर्ने धारणा राख्नुहुन्छ ।

# न्याय मार्च

टुडे समाचारदाता

झापा । मिटरब्याज तथा ठगी किसान मजदुर संघर्ष समितिले मिटर ब्याजसँग सम्बन्धित सम्पूर्ण 'फर्जी लिखत' र 'पीडितको सम्पत्तिको हक हस्तान्तरण' बदर गरी अधिकार सम्पन्न न्यायिक छानबिन आयोगको माग गरेको छ ।

बिगत तीन वर्षदेखि मिटरब्याज पीडितको अधिकारका लागि आन्दोलन गरिरहेको जनाउँदै समितिका केन्द्रीय अध्यक्ष अवधेश कुशवाहले सोमबार काँकडभिट्टामा पत्रकार सम्मेलन गरी मेची-महाकाली 'न्याय मार्च' गर्ने घोषणा गरे ।उनले पीडितका तर्फबाट सरकारसमक्ष छ बुँदे माग प्रस्तुत गरेका छन् । तमसुक, दृष्टिबन्धक र रजिस्ट्रेसनलगायत फर्जी लिखत खारेज हुनुपर्ने र पीडितको सम्पत्तिको हक हस्तान्तरण बदर हुनुपर्ने समितिको मागमा उल्लेख छ ।

मिटर ब्याजसम्बन्धी आर्थिक अपराधमा संलग्नलाई कडा कानुनी कारबाही हुने शक्तिशाली कानुन निर्माण हुनुपर्ने, अधिकार सम्पन्न न्यायिक आयोग गठन हुनुपर्ने, पीडितको अभिलेखीकरणका लागि नयाँ निवेदन खुलाउनुपर्ने, पीडक साहुमहाजनलाई पक्राउ गरिनुपर्ने, स्थानीय तहमा एकलौटी प्रमाणित गराइएका कपाली तमसुकको छानबिन हुनुपर्ने, पीडितमाथि भएका मानवाधिकार उल्लङ्घनका घटनाको छानबिन हुनुपर्ने, पीडित परिवारलाई राहत र क्षतिपूर्ति दिइनुपर्ने र पीडितलाई बिनाधितो सहुलियत ऋणको व्यवस्था हुनुपर्ने उनीहरुको माग रहेको छ । देशभरमा पाँच हजार र झापामा छ सयभन्दा बढी मिटरब्याज पीडित रहेको उल्लेख गर्दै समितिका अध्यक्ष कुशवाहले माघ १६ गते सहिद दिवसको अवसर पारेर काँकडभिट्टा र महेन्द्रनगरबाट एकसाथ 'न्याय मार्च' सुरु गरिने जानकारी दिए ।

पूर्वी नाका काँकडभिट्टाबाट सुरु हुने न्याय मार्चअन्तर्गत पीडित पैदलै यात्रामा निस्किने भएका छन् । माघको चिसोमा बास बस्नका लागि सिरक डसना बोकेरै पैदल यात्रा गरिने उनले बताए ।

# विज्ञापनमा विदेशी कलाकारलाई प्रयोग गर्न नपाइने

काठमाण्डु । विज्ञापन बोर्डले सार्वजनिकस्थानमा राखिने होडिङबोर्ड र सञ्चारमाध्यममा प्रकाशन तथा प्रसारण हुने विज्ञापनमा विदेशी कलाकारलाई प्रयोग गर्न नपाइने जनाएको छ ।

बोर्डले सोमबार आयोजना गरेको 'विज्ञापनमा कलाकार हरुको भूमिका' विषयक छलफल कार्यक्रममा बोर्डका अध्यक्ष लक्ष्मण हुमागाईंले विज्ञापन ९नियमन गर्नेण ऐन, २०७६ जारी भएपछि यस क्षेत्रलाई नियमन र व्यवस्थित गरिएको बताउनुभयो । उहाँले विज्ञापनमा स्वदेशी कलाकारलाई प्रोत्साहन दिन त्यस्तो प्रबन्ध गरिएको भन्दै सार्वजनिकस्थानमा राखिने होडिङबोर्ड तथा सञ्चारमाध्यममा प्रकाशन, प्रसारण हुने विज्ञापनमा विदेशी कलाकारलाई प्रयोग गर्न नपाइने जानकारी दिनुभयो ।

ऐनको कार्यान्वयनका क्रममा विज्ञापन नियमन गर्ने नियमावली ९पहिलो संशोधन, २०८०० र विज्ञापन उत्पादन, वितरण, प्रकाशन तथा प्रसारणसम्बन्धी आचारसंहिता, २०७९ जारी भई कार्यान्वयना ल्याइएका भन्दै अध्यक्ष हुमागाईंले सोको पालनामा सहयोग गर्न कलाकार र सञ्चारमाध्यमलाई आग्रह गर्नुभयो ।

विज्ञापनमा अभिनय गर्दा लैङ्गिक र उपभोक्तामैत्री हुनुपर्ने, अश्लिल र हिंसालाई प्रोत्सहान गर्ने तथा अफवाह फैलाउने खालका हुन नहुने, राष्ट्रियता एवं राष्ट्रिय स्वाधीनतामा खलल पुऱ्याउन नहुने तथा कानुनतः निषेध गरिएका वस्तु र सेवाको प्रवर्द्धन गर्न नहुने आचारसंहितामा उल्लेख छ । ती व्यवस्था पालना नभएमा कानुनी कारबाही हुने भएकाले त्यसप्रति सजग रहन अध्यक्ष हुमागाईंले आग्रह गर्नुभयो । उहाँले सरकारले ल्याउने सामाजिक सञ्जाल व्यवस्थापन ऐनमा पनि यस विषयमा उपयुक्त व्यवस्था गराउन आग्रह गरिएको जानकारी दिनुभयो ।नेपाल चलचित्र विकास बोर्डका अध्यक्ष भुवन केसीले जानेर वन नजानेर कानुन विपरीत हुने विज्ञापनमा अभिनय गर्दा कलाकारले समस्या खेप्नु परेको उल्लेख गर्दै होर्डिङबोर्ड र अन्य विज्ञापनमा नेपाली कलाकारको सहभागिता अनिवार्य गराउनुपर्ने बताउनुभयो ।

नेपाल चलचित्र कलाकार सङ्घका अध्यक्ष मोहन निरौलाले विद्यमान ऐन, कानुन र आचारसंहिताको पालनासहित मौलिक र सिर्जनात्मक भई व्यावसायिकतालाई प्रोत्साहन गर्ने गरी विज्ञापनमा कलाकारले अभिनय गर्नुपर्ने बताउनुभयो । कार्यक्रममा कलाकार मदनदास श्रेष्ठ, गौरी मल्ल, दीपाश्री निरौला, धीरेन शाक्य, रवीन्द्र खड्कालगायत सहभागी हुनुहुन्थ्यो ।रासस

## तपाईको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : धन वृद्धि सञ्चय । |
| बृष | : प्रेम प्रसंग, मित्र सुख । |
| मिथून | : सुख समृद्धि हुने । |
| कर्कट | : भ्रमण अवसर हुने । |
| सिंह | : अवसर प्राप्त । |
| कन्या | : वाद विवादबाट बच्नु । |
| तुला | : पुरस्कार प्राप्त लाभ । |
| बृश्चिक | : नयाँ कार्य हुने । |
| धनु | : बौद्धिक क्षमता । |
| मकर | : प्रतिभा सम्पन्नता । |
| कुम्भ | : शिक्षामा उन्नति । |
| मीन | : पारिवाहिक सुख । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु



जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



जनकपुरधामस्थित रत्न सागर कुटी। तस्विरः रासस

# निःशुल्क कानुनी सहायताका लागि 'सफ्टवेयर' आवश्यक

टुडे समाचारदाता



काठमाण्डु । कानुन, न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङले आर्थिक अवस्था कमजोर भएका नागरिकलाई न्यायमा पहुँच पुऱ्याउन निःशुल्क कानुनी सहायतासम्बन्धी 'सफ्टवेयर' जरुरी भएको बताएका छन् । एकीकृत कानुनी सहायता प्रतिवेदन प्रणालीसम्बन्धी सफ्टवेयरको शुभारम्भ गर्दै उनले विपन्न, आर्थिकरुपमा कमजोर भएका नागरिकलाई न्यायमा पहुँच पुर्याउन निःशुल्क कानुन सहायता जरुरी छ भने। उनले सफ्टवेयरको प्रभावकारी कार्यान्वयनका लागि सबैले त्यसको अपनत्व लिई समन्वयात्मक रुपमा काम गरी अगाडि बढ्न सबैलाई आग्रह गरे ।

मन्त्री गुरुङले नेपालको संविधान तथा कानुनमा व्यवस्था भएबमोजिम सम्बन्धित निकायहरुबाट विभिन्न कार्यक्रम सञ्चालन भइरहेका भए पनि कानुनी सहायतासम्बन्धी सेवाको अभिलेखलाई व्यवस्थित गर्न नसक्दा भए गरेका कार्यको समेत मूल्याङ्कन हुन नसकेको बताए ।

कानुनी सहायताको सन्दर्भमा देखिएका समस्या र जनगुनासोलाई सम्बोधन गर्न सफ्टवेयर महत्वपूर्ण रहेको र सफ्टवेयरको प्रयोगका विषयमा सम्बन्धित सरोकारवाला समन्वयात्मकरुपमा अगाडि बढाउनुपर्ने आवश्यकता रहेको उनको भनाइ थियो । निःशुल्क कानुनी सहायतासम्बन्धी ऐन, २०५४ ले व्यवस्था गरेको केन्द्रीय कानुनी सहायता समितिको बैठकमा आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका वर्गको न्यायमा समान र सहज पहुँचलाई सुनिश्चित गर्न निःशुल्क कानुनी सहायताअन्तर्गत विभिन्न निकायले प्रदान गर्दै आएका सेवालाई एकीकृत गरी सो सम्बन्धी अभिलेखलाई व्यवस्थित गर्ने उद्देश्यका साथ उक्त सफ्टवेयर निर्माण गरिएको मन्त्रालयले जनाएको छ।

# बङ्गलादेशसँग मिलेर काम गर्ने प्रधानमन्त्रीको प्रतिबद्धता

टुडे समाचारदाता



काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले बङ्गलादेशको नयाँ नेतृत्वसँग मिलेर काम गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । बङ्गलादेशको प्रधानमन्त्रीमा शेख हसिना पुनःनिर्वाचित भएपछि प्रधानमन्त्री दाहालले उनलाई पठाएको बधाई सन्देशमा बङ्गलादेशको नेतृत्वसँग मिलेर काम गरिरहने प्रतिबद्धता व्यक्त गरेका हुन्।

बङ्गलादेशका लागि नेपाली राजदूत घनश्याम भण्डारीले त्यहाँका नवनियुक्त परराष्ट्रमन्त्री डा हसन महमुदसँग शनिबार भएको शिष्टाचार भेटमा प्रधानमन्त्री दाहालले दुई देश र जनताको पारस्परिक हितका लागि सहकार्य गर्ने प्रतिबद्धता सन्देशमा व्यक्त गरेको जानकारी दिएका थिए। त्यसअवसरमा राजदूत भण्डारीले परराष्ट्रमन्त्रीमा डा हसन महमुद नियुक्त भएकामा परराष्ट्रमन्त्री नारायणप्रकाश साउदले उनलाई सम्बोधन गरेर पठाउनुभएको बधाईपत्र हस्तान्तरण गर्नुभएको ढाकास्थित नेपाली राजदूतवासले सोमबार जनाएको छ।

त्यसअवसरमा नेपाल-बङ्गलादेशबीचको आर्थिक सहयोगलाई थप मजबुत बनाउने उपायबारे विचार आदानप्रदान भएको थियो । परराष्ट्रमन्त्री महमुदले आफूले गरेको नेपालको औपचारिक स्मरणको स्मरण गर्दै दुई देशबीचको उत्कृष्ट द्विपक्षीय सम्बन्धप्रति सन्तोष व्यक्त गरे । उनले व्यापार, पर्यटन, ऊर्जा, जलवायु परिवर्तन र जनस्तरको सम्पर्कका क्षेत्रमा रहेको सम्भावनालाई सदुपयोग गर्नुपर्नेमा जोड दिएका थिए। हामीले हाम्रा देशहरूबीचको ऊर्जा व्यापारलाई यथाशीघ्र अघि बढाउन मिलेर काम गर्नुपर्छ र वार्तालाई तीव्रता दिनुपर्नेमा जोड दिए।

राजदूत भण्डारीले परराष्ट्र मन्त्रालयको परामर्श, ऊर्जासम्बन्धी संयुक्त सञ्चालन समिति, वाणिज्य सचिवस्तरीय बैठकलगायत विभिन्न द्विपक्षीय संयन्त्रमा भएका प्रगतिबारे परराष्ट्रमन्त्रीसँगविचार आदान-प्रदान गरेका थिए। उनले द्विपक्षीय साझेदारीबारे प्रकाश पार्दै व्यापार, ऊर्जा, कनेक्टिभिटी, शिक्षा र पर्यटनजस्ता क्षेत्रमा घनीभूत सहकार्य आवश्यक भएको बताएका थिए।

# खोप अभियान चलाउन महानिर्देशक दाहालको सुझाव

टुडे समाचारदाता




जनकपुरधाम । पशु सेवा विभागका महानिर्देशक डा. उमेश दाहालले पशुहरूलाई विभिन्न रोगको महामारीबाट जोगाउन पशुमा खोप अभियान नै चलाउनु पर्ने बताएका छन् ।

नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना हरिहर भवन ललितपुरको आयोजनामा सोमबार जनकपुरधाममा आयोजित पशु स्वास्थ्य तथा पशु प्रजनन नीति कार्यान्वयन गोष्ठी कार्यक्रममा उनले सो कुरा बताएका छन् ।

पहिलेको तुलनामा मधेश प्रदेशको लहानमा वीर्य उत्पादन कार्य निकै अगाडि बढेको उनले लहानबाट प्रदेशभरि वीर्य उपलब्ध गराउनेतर्फ पहल भइरहेको जानकारी दिए । कम्तीमा ७० प्रतिशत पशुमा खोप लगाउने गरी अभियान चलाउनु पर्छ, गुणस्तरीय वीर्य सर्वसुलभ गराउनुपर्ने उनले बताए।

पशुको स्वास्थ्यको लागि उन्नत जातको घाँस उत्पादनमा जोड दिँदै उनले भने-'हामीसँग उच्चस्तरको घाँसको बीउ छ ।' अनुदान कार्यक्रमलाई अन्त्य गरी सेवा प्रभावकारी बनाउनेतर्फ अग्रसर हुन मातहतका कर्मचारीलाई निर्देशन दिँदै उनले भने-'पशुसम्बन्धी नीति राष्ट्रिय नीति हो। हाम्रो नीति हो। आत्मसात् गरेर अगाडि बढ्नुपर्छ।'

कार्यक्रममा धनुषा जिल्ला समन्वय समितिका प्रमुख राजनन्दन मण्डल राजले नीति बनाएर मात्र नहुने भन्दै नियत राम्रो हुनुपर्ने बताए। कर्मचारीहरू मासिक रूपमा तलब, भत्ता पाउँछन् तर बजेट बढी भएको कार्यालयमा जान मरिहत्ते गर्नुको अर्थ नियत ठिक नरहेको उनले बताए।

उनले आफ्नै जिससको उदाहरण दिँदै जिससमा बजेट एकदम न्यून रहेको कारण कर्मचारी नटिक्ने गरेको दुखेसो पोखेका थिए। उनले स्थानीय तहमा बजेट बढी भएका कारण जान हतारो गर्ने गरेको बताए। जिसस कुन तहको सरकार अन्तर्गत छ भने अहिलेसम्म अनुभूति नभएको बताउँदै उनले भने-'हामी बजेटको लागि सङ्घमा जान्छौ, त्यहाँ भन्छ, प्रदेशमा जानुस्, प्रदेशले भन्छ, जिससको कुनै काम छैन, सङ्घमा जानुस्।'

नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजनाका निर्देशक डा. नम्रता सिंहको अध्यक्षतामा भएको सो कार्यक्रममा उनले असल नियत भएमा मात्र नीतिको प्रभावकारी कार्यान्वयन हुने बताए।

पशु स्वास्थ्य नीति र पशु प्रजनन नीतिबारे जानकारी दिने उद्देश्यले कार्यक्रम आयोजना गरेको जानकारी दिँदै उनले यस नीतिको कार्यान्वयनमा तीन वटै तहका सरकारको भूमिका महत्वपूर्ण रहेको बताए । उनले त्यसमा प्रदेशका सम्बद्ध मन्त्रालयको कार्यान्वयनमा प्रमुख भूमिका रहने गरेको बताए।

# 'स्टार्टअप कर्जा कार्यविधि' स्वीकृत

टुडे समाचारदाता




काठमाण्डु । नवीनतम ज्ञान, सोच, सीप र क्षमता भएका उद्यमीलाई सहूलियतपूर्ण कर्जा उपलब्ध गराउने लक्ष्यसहित 'स्टार्टअप उद्यम कर्जा सञ्चालन कार्यविधि, २०८०' जारी भएको छ।

स्टार्टअप उद्यमलाई प्रवाह गरिने कर्जा प्रक्रियालाई सरल, स्पष्ट, व्यवस्थित र पारदर्शी बनाउन उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले यही माघ ११ गते उक्त कार्यविधि स्वीकृत गरेको हो ।कम्पनी दर्ता भएको सात वर्ष भन्दा बढी समय नभएका स्टार्टअप उद्यम कर्जा पाउनका लागि योग्य हुने कार्यविधिमा उल्लेख छ । कुल चुक्ता पुँजी रू दुई लाखदेखि रू १० लाखसम्म भएको, उद्यमको कुल कारोबार वार्षिक रू दुई करोडभन्दा बढी नरहेको र स्थिर पुँजी (घरजग्गाको बाहेक) रू दुई करोड भन्दा बढी नभएको हुनुपर्नेछ।

कानुनबमोजिम दर्ता नभएको, विदेशबाट वस्तु तथा सेवा आयात गरी बिक्री वितरण गर्ने, कालोसूचीमा परेको र होल्डिङ तथा लगानी कम्पनीको रुपमा औद्योगिक व्यवसाय ऐन, २०७६ बमोजिम दर्ता भएको कम्पनीलाई स्टार्टअप उद्यमी कर्जा उपलब्ध गराउन नसकिने कार्यविधिमा जनाइएको छ ।स्टार्टअप उद्यम कार्यक्रमको कार्यान्वयन औद्योगिक व्यवसाय विकास प्रतिष्ठानले गर्नेछ । कर्जा लिनका लागि प्रस्ताव आह्वान गर्ने, पेश भएका प्रस्ताव मूल्याङ्कन गर्ने तथा सिफारिस गर्ने काम प्रतिष्ठानले गर्नेछ।

> सरकारले चालु आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्यको बुँदा नम्बर ६८ मा सरकारको कुल पुँजीगत बजेटको न्युनतम एक प्रतिशत रकम अनुसन्धान, नवप्रवर्तन र आविष्कारमा खर्च गर्ने उल्लेख छ । यसका लागि छुट्टै कोष स्थापना गर्न रू एक अर्ब बराबर बजेट विनियोजन भएको छ । प्रदेश र स्थानीय तहलाई यस कोषमा रकम जम्मा गर्न प्रोत्साहन गरिने उल्लेख छ ।

कार्यविधिअनुसार सरकारी स्वामित्वको वाणिज्य बैंकलाई मात्रै कर्जा प्रवाह गर्ने बैंकको रुपमा तोक्नुपर्नेछ। बैंकले कर्जा प्रवाह गर्ने तरिका, कर्जाको सीमा, किस्ता बुझाउनुपर्ने अवधि, साँवा फिर्ता र ब्याज भुक्तानीको अवधि तथा प्रक्रिया तोकेर प्रतिष्ठानसँग सम्झौता गर्नुपर्ने कार्यविधिमा उल्लेख छ ।"कर्जाको अवधि अधिकतम पाँच वर्षमा नबढाइ ढिलोमा कर्जा लिएको दोस्रो वर्षबाट साँवा र ब्याजबापतको रकम फिर्ता गर्न सुरु गर्नुपर्नेछ। बैंकले कर्जा प्रवाह गर्दा स्वीकृत व्यवसाय वा परियोजनालाई धितोको रुपमा राख्नुपर्नेछ । त्यस्तो व्यवसाय वा परियोजनाको बीमा भने उद्यमी आफैँले गर्नुपर्नेछ", कार्यविधिमा उल्लेख गरिएको छ।

कार्यविधिअनुसार स्टार्टअप उद्यमका लागि विभिन्न १६ वटा क्षेत्र तोकिएका छन्। जसमा कृषि तथा पशुपक्षी, वन पैदावार, पर्यटन प्रवर्द्धन मनोरञ्जन र अतिथि सत्कार, विज्ञान, सूचना प्रविधि तथा सञ्चार, मानव स्वास्थ्य सेवा, शिक्षा तथा शिक्षण सिकाइलगायत क्षेत्र छन्। सहज र सुरक्षित यातायात एवं पारवहन, अटोमोवाइल्स, परम्परागत प्रविधि, उत्पादन र सेवाप्रवाहको प्रक्रिया सुधार, खानी तथा खनिज अनुसन्धान, घरायसी वा दैनिक जीवनयापनसँग जोडिएका क्षेत्रमा पनि स्टार्टअप कर्जा उपलब्ध गराइनेछ ।खाद्य उत्पादन तथा प्रशोधन, फोहरमैला व्यवस्थापन तथा वातावरण संरक्षण, विपद् व्यवस्थापन, वैकल्पिक तथा नवीकरणीय ऊर्जा र जलवायु परिवर्तन न्यूनीकरणसँग सम्बन्धित क्षेत्रमा उद्यमशीलता कर्जा पाइनेछ।

## चालु आर्थिक वर्षको बजेटको व्यवस्था

सरकारले चालु आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्यको बुँदा नम्बर ६८ मा सरकारको कुल पुँजीगत बजेटको न्युनतम एक प्रतिशत रकम अनुसन्धान, नवप्रवर्तन र आविष्कारमा खर्च गर्ने उल्लेख छ। यसका लागि छुट्टै कोष स्थापना गर्न रू एक अर्ब बराबर बजेट विनियोजन भएको छ। प्रदेश र स्थानीय तहलाई यस कोषमा रकम जम्मा गर्न प्रोत्साहन गरिने उल्लेख छ।

त्यस्तै, मुलुकमा नवप्रवर्तन र उद्यमशीलता प्रवर्द्धन गर्न 'स्टार्टअप इकोसिस्टम' विकास गरिने बजेटमा उल्लेख छ। "उद्यमशील सोच र संस्कृतिको विकास एवं उद्यमशील सोचलाई व्यवसायमा रुपान्तरण गर्न काठमाडौँमा इन्क्युवेसन सेन्टर सञ्चालन गरिनेछ। भेन्चर क्यापिटल र प्राइभेट इक्विटी फन्डलाई स्टार्टअप व्यवसायमा लगानी गर्न प्रोत्साहन गरिनेछ", बजेटमा भनिएको छ। विदेशी लगानी कम्पनीहरुमार्फत प्रवाह हुने वैदेशिक लगानीलाई प्रोत्साहन गरी नवप्रवर्तन र उद्यमशीलता विकासमा परिचालन गरिने बजेटमा उल्लेख छ। स्टार्टअपलाई प्रोत्साहन गर्न चालु आर्थिक वर्षको बजेटमार्फत रू एक अर्ब २५ करोड बराबर विनियोजन भएको थियो।

# लगानी सम्मेलन अघि दर्जन कानुन संशोधन गर्न सुझाव

टुडे समाचारदाता



काठमाण्डु । आगामी वैशाख १६ र १७ गते यहाँ आयोजना हुने तेस्रो लगानी सम्मेलनका लागि कानुनी सुधारको सिफारिस गर्न गठिन कार्यदलले विभिन्न एक दर्जन ऐन तथा नियमावली संशोधन गर्न सिफारिस गरेको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आर्थिक तथा पूर्वाधार क्षेत्रको जिम्मेवारी पाएका सचिव एकनारायण अर्यालको संयोजकत्वमा गठित सुझाव कार्यदलले यस्तो सुझाव दिएको हो । मुलुकमा स्वदेशी एवं विदेशी लगानी आकर्षित गर्न एक दर्जन कानुन र नियमावलीमा संशोधन प्रस्तावसहित कार्यदलले आज मुख्यसचिव डा बैकुण्ठ अर्याललाई सुझाव पेश गरेको छ।

औद्योगिक व्यवसाय ऐन २०७६, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०७५, विशेष आर्थिक क्षेत्र ऐन २०७३, वन ऐन २०७६, राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ लगायत ऐनका व्यवस्था संशोधनको सुझाव दिइएको छ। भूमिसम्बन्धी ऐन २०२१, जग्गा प्राप्ति ऐन २०३४, वातावरण संरक्षण ऐन २०७६, विद्युतीय कारोबार ऐन २०६३, नागरिक उड्डयन ऐन २०५३ का व्यवस्थामा पनि संशोधन गर्न सुझाव दिइएको छ। विदेशी लगानी तथा प्रविधि हस्तान्तरण नियमावली, २०७७ र वन नियमावली, २०७९ मा पनि संशोधनको आवश्यकता औँल्याइएको छ।

स्वदेशी तथा विदेशी लगानीकर्तालाई सहजीकरणका लागि संशोधन गर्नुपर्ने कानूनलाई मन्त्रिपरिषद्बाट निर्णयपछि केहि नेपाल ऐनलाई संधोधन गर्न बनेको विधेयकमार्फत संसद्मा लगिने तयारी भइरहेको छ।

सुझाव कार्यदलमा निजी क्षेत्रका छाता संस्थाको पनि प्रतिनिधित्व थियो। "स्वदेशी एवं विदेशी लगानी बढ्न नसक्नुमा नीतिगत समस्या मुख्य कारण हो", समितिका सदस्य एवं नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले भने, "नीतिगत सुधारका लागि पेस भएको संसोधन प्रस्ताव पारित भै कार्यान्वयन भएमा स्वदेशी एवं विदेशी निजी क्षेत्र आकर्षित हुने अपेक्षा गर्न सकिन्छ।"


नेपालमा विदेशी लगानी अपेक्षित आउन सकिरहेको अवस्था छैन भन्दै यसका कारणहरु के के हुन् भनेर पत्ता लगाई निजी क्षेत्रले ती समस्याको समाधानका लागि आवश्यक कानुनको संशोधन गर्न विगतदेखि नै सुझाव दिएको र प्रस्तावित कानुनको संशोधनबाट वैदेशिक लगानीको वातावरण बन्ने अपेक्षा गरिएको अध्यक्ष ढकालले बताए।

लगानी सम्मेलनलाई लक्षित गरी कानुनी सुधारको सुझाव पेस गर्न निजी क्षेत्रको सहभागितामा सरकारले यो कार्यदल बनाएको थियो । लगानी प्रोत्साहित गर्न अहिले यो कार्यदललाई निरन्तरता दिनुपर्ने सुझाव पनि निजी क्षेत्रले दिएको छ। कार्यदलमा विभिन्न विषयगत मन्त्रालय र लगानी बोर्डका सह सचिव एवं अधिकारीहरु सदस्य छन्।

नेपालमा लगानीका लागि के-कस्ता कानुनी बाधा अड्चन छन् भनेर पहिचान गर्ने र त्यसलाई फुकाउन ऐन तथा नियमावलीमा संशोधनको सुझाव दिइएको लगानी बोर्डका प्रवक्ता प्रद्युम्नप्रसाद उपाध्यायले जानकारी दिए । "कानुनी सुधारका लागि तीनमहले सुझाव तयार पारेर प्रतिवेदन बुझाइएको छ। विद्यमान ऐन, कानुनमा के कस्ता प्रावधान छन् र त्यसमा कस्तो संशोधन आवश्यक छ भनेर विस्तृत खुलाइएको छ", उनले भने, "लगानी सम्मेलनका लागि गठित कार्यान्वयन समितिलाई प्रतिवेदन बुझाइएको हो । कार्यान्वयन समितले थप स्पष्टतासहित निर्देशक समितिमा छलफलका लागि लैजानेछ।"

सरकारले लगानी सम्मेलन आयोजना गर्न अर्थमन्त्रीको संयोजकत्वमा निर्देशक समिति, मुख्य सचिवको नेतृत्वमा कार्यान्वयन समिति, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिवको संयोजकत्वमा प्राविधिक समिति र बोर्डका प्रमुख कार्यकारी अधिकृतको संयोजकत्वमा सचिवालय गठन गरी काम अगाडि बढाएको छ।

जनकपुर टुडे
२०८० साल माघ १६ गते मंगलबार (30 January, Tuesday, 2024)



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# प्रहरीसँगै प्रजिअको समायोजन हुनुपर्छ

प्रहरी समायोजनको विषयलाई टुंग्याउन संघीय सरकार र प्रदेश सरकारबीच छलफल सुरु भएको छ । संघीय सरकारले गरेको व्यवस्था अनुसार प्रदेशमा डीएसपी सम्मको प्रहरी समायोजन हुनेछ । प्रदेश प्रहरीको प्रमुख डीआईजी, प्रदेश प्रहरी कार्यालयमा रहने दुई जना एसएसपी र प्रदेश तालिम केन्द्रका प्रमुख रहने एसएसपी सहित जिल्ला प्रहरीका प्रमुख रहने एसपी संघीय सरकारको गृहमन्त्रालय मातहत रहने छन् । हालको कानुनमा जिल्ला सुरक्षा समन्वय समितिको अध्यक्ष सीडीओ रहने व्यवस्था छ । सीडीओ संघीय सरकार मातहतको गृह मन्त्रालयका प्रशासनिक अधिकारी हुन् । अर्ध न्यायिक जिम्मेवारी समेत सम्हाल्ने सीडीओलाई प्रदेश सरकार मातहतको गृह मन्त्रालय अन्तर्गत राख्नु पर्छ । प्रदेश प्रहरी, सीडीओबीच समन्वय गर्न पनि सकृय भूमिका भएका अधिकारीहरु प्रदेश अन्तर्गत रहनु आवश्यक छ । सुरक्षाको जिम्मेवारी प्रदेशले लिएपछि त्यसलाई प्रभावकारी बनाउन नियमनकारी निकायहरु पनि प्रदेश अन्तर्गत रहनु आवश्यक छ । प्रदेश सरकार अन्तर्गत सीडीओलाई नराख्ने हो भने सुरक्षा सम्बन्धी कयौं कानुनहरु तत्काल संशोधन गर्नुपर्छ । त्यसकारण सीडीओलाई पनि प्रदेश मातहतमा राख्नु उपयुक्त हुनेछ । एसपी सम्मको सुरक्षा अधिकारीलाई प्रदेश मातहत राखेको भए सुरक्षा व्यवस्था अझ बढी प्रभावकारी हुनेछ । प्रहरीमा चेन अफ कमाण्ड आवश्यक छ । प्रदेश सरकारले भर्ना गर्ने प्रहरी प्रदेश अन्तर्गत नै रहने छ । उनीहरुको सरुवा, वढुवा लगायतका सेवा सुविधाहरु प्रदेश सरकारले नै दिनेछ । प्रदेश सरकारका लागि मात्र नभइ संघीय सरकारका लागि पनि प्रहरी समायोजन आवश्यक छ । संघीयता बिरोधी ताकतहरु सकृय हुन थालेको बेला संघीयता पक्षधर दलहरुले संघीयतालाई संस्थागत गर्न ढिला गर्नु हुँदैन् । प्रदेशका बासिन्दाले प्रदेश सरकारको अनुभूति गर्न नसके सम्म संघीयता बलियो हुने छैन् । संघीय सरकार र स्थानीय सरकारबीच समन्वय गर्ने भूमिका पनि प्रदेश सरकारलाई दिनु पर्छ । संघीय सरकारले गर्ने कामहरु राष्ट्रिय महत्वको हुनुपर्छ । प्रदेश सरकारले प्रदेश स्तरीय शासन प्रशासनलाई चुस्तदुरुस्त राखेर विकास निर्माणको कामलाई तीव्र बनाउनु पर्छ । प्रदेश सरकारको अनुभूति प्रदेशवासीलाई दिन शान्तिसुरक्षा र दैनिक जीवनयापनको सवालमा प्रदेश सरकारको भूमिका देखिनु पर्छ । संघीय सरकारले प्रहरी र सीडीओलाई प्रदेशमा समायोजन गरे पनि त्यो राष्ट्र र राष्ट्रियताप्रति पूर्ण जिम्मेवार रहने छ । प्रहरी समायोजनमा अब ढिलाइ गर्न हुँदैन् । प्रदेश सरकारलाई अधिकार सम्पन्न बनाएर संघीय सरकार दीर्घकालीन र ठूला योजनाहरुमा ध्यान दिनुपर्छ ।

## शहीद दिवस विशेष :

# शहीदहरु प्रेरक हुन्



रोशन जनकपुरी

२०२० साल माघ १५ गते मध्यरातमा दुर्गानन्द झालाई सेन्ट्रल जेलको गोलघर र जनाना जेलको मध्य भागमा लगेर गोली हानेर मृत्युदण्ड दिइयो । २१ वर्षीय दुर्गानन्दलाई मृत्यदण्ड दिने दिन उनलाईश्रीमति काशीदेवी र आमा सुकुमारीदेवीसंग भेँट गर्न दिइएको थियो । नवविवाहिता दुलही काशीदेवीले आफ्ना पति र वृद्धा आमाले छोरालाई भेटेपछि दुबै जना भाव विह्वल भएर रुन थालिन । दुर्गानन्दले पत्नी र आमा, दुबैलाई सम्झाउँदै भनेका थिए : 'न रोउ, दुःख न गर, मेरो बलिदान व्यर्थ जाँदैन । देशमा कुनै दिन गणतन्त्र निश्चय आउने छ र तिमीहरुलाई शहीदकी आमा र पत्नीको रुपमा सम्मानित गरिनेछ । मेरो शहादतमा दुःख न गर, बरु गर्व गर ।' ठ्याक्कै यै शब्द थिएन होला, तर उनको भाव यस्तै थियो । शहीद पत्नी काशीदेवीले शहीद दुर्गानन्दसंगको भेँटको प्रसंगमा कयौँ अन्तर्वार्तामा यस्तै भाव व्यक्त गरेकी छिन् । शहीद पत्नीको क्रान्तिकारी मुल्य चुकाउँदै हाल उनको पनि निधन भैसकेको छ ।

शहीद दुर्गानन्द नेपाली काँग्रेस पार्टीका सदस्य थिए । २०१७ साल पौष १ गते तत्कालीन राजा महेन्द्रले जननिर्वाचित संसद र बीपी कोइराला नेतृत्वको सरकारलाई बर्खास्त गरेर निरंकुश पञ्चायती राजतन्त्र लागू गरेका थिए । यसैको आक्रोशमा पार्टी निर्णय बमोजिम दुर्गानन्दले राजा महेन्द्रमाथी जनकपुरमा २०१८ साल माघ ९ गते बम प्रहार गरेका थिए । त्यतिबेला नेपाली काँग्रेसको दुईवटा धारा थियो । एउटा जो राजा महेन्द्रमाथी राजनीतिक दबाबसम्म दिने पक्षमा थियो, त्या यस कार्वाहीको पक्षमा थिएन । अर्को गणतन्त्र पक्षधरहरुलेयोजना कार्यान्वयनको जिम्मादुर्गानन्द झा र अरविन्द ठाकुर लगायतलाई दिएको थियो ।अरविन्द ठाकुर गुप्तचर हरुबाट चिनिएर जनकपुर विमानस्थलमा बम प्रहार गर्नुभन्दा पहिले नै गिरफ्तार भैसकेका थिए । दुर्गानन्द जनकपुरको जानकी मन्दिरको परिसरमा राजा महेन्द्रको जीपमाथी बम प्रहार गरेर कसैगरी उम्कन सफल भैसकेका थिए । दुर्गानन्दको बम प्रहारबाट राजा महेन्द्रलाई कुनै क्षति भएन । उनको जीपको पछिल्लो भागमा सामान्य क्षतिमात्र भएको थियो । दुर्गानन्द सीमा पारी भारतमा रहेको सेल्टरमा फर्किँदा यस योजनासंग असन्तुष्ट धाराका नेताहरुले राम्ररी व्यवहार नगरेको बुझिन्छ । गाउँघरका निकटस्थ पञ्चायत समर्थकहरुको सुराकीको कारण एकातिर सरकारी प्रशासनले परिवारजनलाई दिईरहेको यातना र अर्कोतिर पार्टीभित्रको रुखो व्यवहारबाट क्षुब्ध भएका दुर्गानन्दले गिरफ्तारी दिने निर्णय गरे । यस निर्णयको पछाडी उनको गिरफ्तारीले उनको परिवारजनमाथी हुने सरकारी यातना रोकिने अपेक्षा थियो । ०१९साल वैशाखमा जयनगरबाट रेल चढेर जनकपुर आउने क्रममा परवाहामा सरकारी प्रहरीले उनलाई गिरफ्तार गरेर महोत्तरी जिल्लामा रहेको परिकौली ब्यारक हुँदै काठमाँडौंको सेन्ट्रल जेल पुऱ्याइयो । विशेष अदालतमा यस बम प्रहार योजनामा गिरफ्तार भएकाहरु माथीएकलरुपमा मुद्दा चलाइयो । उल्लेखनीय छ,, राणाकालको अन्तपछि नेपालको सम्विधानबाट मृत्यदण्डको सजाय हटाइएको थियो । तर यस प्रकरणमा राजा महेन्द्र निर्मम भए । सम्विधान संशोधन गरियो र २०१९साल भदौ ९ गते राजकाज अपराध र सजाय ऐन २०१९ बमोजिम दुर्गानन्द, अरविन्द ठाकुर र दलसिंह थापालाई मृत्युदण्डको सजाय सुनाईयो । केही अपुष्ट स्रोतहरुका अनुसार उनीहरुलाई क्षमादान दिलाउन राजा महेन्द्रकी जेठी रानी इन्द्रराज्य लक्ष्मी देवीको माध्यमबाट प्रयासपनि भएका थिए। रानीको अनुरोधमा राजा सकारात्मकपनि भएका थिए । तर दुर्गानन्द क्षमा माँग्न तयार भएनन् । उनले आफ्नो कार्यप्रति कुनै अपराधबोध नभएको जबाफ फर्काए । यसपछि २०२०साल पौष २१ गते दुर्गानन्दलाई मृत्यूदण्डको निर्णयमा राजा महेन्द्रले अन्तिम स्वीकृति दिए। अन्य दुईको हकमा भने मृत्युदण्डको सजाय आजीवन कारावासमा बदलियो ।

राजा महेन्द्रले शुरु गरेको निरंकुश पञ्चायती राजतन्त्र तीसवर्षसम्म टिक्यो । नेपाली काँग्रेस र कम्युनिस्ट पार्टीहरु लगायत राजतन्त्रविरोधी र जनवादी शक्तिहरुको अगुआईमा नेपाली जनताले लडेको अथक संघर्ष, त्याग तपस्या र बलिदान तथा यस्को चरमोत्कर्ष स्वरुप २०४६/०४७सालको जनआन्दोलनको बलमा जनतासामू पञ्चायती राजतन्त्रले घुँडा टेक्यो । तर नेपाली जनताको त्यो निरन्तर संघर्ष सम्झौतामा टुङ्ग्याइयो र देशमा सम्वैधानिक राजतन्त्रसहितको बहुदलिय व्यवस्था लागू भयो । नेपालको इतिहासमा शहीद त थुप्रै छन्, तर दृढतापूर्वक गणतन्त्रको निम्ति शहादत दिने दुर्गानन्द पहिलो हुन् ।

शहीद दुर्गानन्दको गणतन्त्रको सपना सत्य हुन थप पन्द्रवर्ष नेपाली जनताले जनसंघर्ष गर्नु पऱ्यो । २०५२ साल फागुन १ देखी तत्कालीन नेकपा (माओवादी) को नेतृत्वमा नेपालका उत्पीडित वर्ग र समुदायहरुले तत्कालीन सम्वैधानिक बहुदलिय राजतन्त्रको विरुद्ध गरेको दशवर्षे जनयुद्ध चलाए । यसको चरमोत्कर्षमा माओवादी र नेका-एमाले लगायतका संसदवादी राजनीतिक दलहरुको संयुक्त अगुआईमा भएको जनआन्दोलनको फलस्वरुप लोकतान्त्रिक गणतन्त्रको स्थापना भएको हो । यसका पूरक आन्दोलनको रुपमा मधेशकेन्द्रित दलहरुको सशक्त आन्दोलनले गणतान्त्रिक सम्विधानमा संघीयतालाई मूर्त्तता दिएको हो । यसरी नेपाली जनताको सात दशकको निरन्तर संघर्ष र शहादतको बलमा अहिले हामी संघीय लोकतान्त्रिक गणतन्त्रको अभ्यासमा छौँ । यद्यपि वर्तमान जनताको सार्वभौमिकताको अर्थमा कयौ दृष्टिले अधूरै छ ।

शहीद दुर्गानन्दले देखेको गणतन्त्रको सपना निश्चय नै अहिलेको छद्‌म गणतन्त्र थिएन । उनले नेपाली जनता सबै प्रकारका शोषण र विभेदबाट मुक्त समान अधिकार सहितको गणतन्त्रको सपना देखेका थिए । दुर्गानन्द मात्रै किन, राजतन्त्रबाट मुक्त भएर सबैको निम्ति समान अधिकार र शोषणविहिन समाजको निम्ति बलिदान गरेका सबै शहीदले यसभन्दा पृथक बहुसंख्य उत्पीडित वर्ग र समुदायको वर्चस्व भएको सपना देखेका थिए । तर वर्तमानमा भोगी रहेको परिस्थिति ती सपनाहरुभन्दा भिन्न छन् । तर यस गणतन्त्रले नेपाली जनतालाई राजनीतिकरुपमा राजतन्त्रको सबैरुपबाट मुक्त गराईदिएको छ । यो भने सबै शहीदहरुले देखेको साझा सपनाहरु मध्येको एक हो । सत्तामा वर्चस्व बनाएका दलहरुको सत्ता लोलुपता तथा आपसी छीनाझपटीको कारण जनतामा एकखालको अन्यौलता र असन्तुष्टि बढदै छ । यसैको फाइदा उठाउँदै केही पुरातन रराजतन्त्रवादीशक्तिहरुले गणतन्त्रभित्र दुलो बनाएर, छिरेर यसलाई अस्थिर बनाउन खोजी रहेछन् । उनीहरु यसभन्दा राम्रो त राजतन्त्र नै थियो भनेर भ्रम छर्न खोज्दै छन् । यी तिनै प्रतिगामी संकीर्ण राष्ट्रवादी र संकीर्ण धार्मिकशक्तिहरु हुन्, जस्ले कुनै एकल जाति, भाषा, संस्कृति, धर्म, प्रतीक र अभिजात्यवर्गको सत्तालाई राष्ट्र र यस्को राजनीतिक अभिव्यक्तिको रुपमा राजा र राजतन्त्रलाई प्रस्तुत गर्ने गर्थे । यिनीहरु तिनै वर्ग र समुदाय हुन्, जस्ले राजतन्त्रलाई जनतामाथी बहुआयामिक शोषण गर्न सहयोग गरेर आफ्नो वर्चस्व र मौजमस्ती गरिरहेका थिए । राणाशासनकाल र ००७सालदेखि ०६२/०६३ सालसम्म नेपाली जनतामा शोषण, दमन र उत्पीडन थोपर्ने, देशलाई कंगाल बनाउने र यसको विरोधमा जनसंघर्षमा उत्रने हजारौँ हजार जनतालाई मार्ने यिनै प्रतिगामीशक्तिहरु हुन् । तर यिनीहरु जनताको प्रतिरोधी संघर्षमा मारिएकाको निहुँमा ती सारा दोष गणतन्त्रवादीहरु माथी थोपर्न खोज्दै छन् । पञ्चायतकालमा तथा सम्वैधानिक राजतन्त्रकालमायस लोकतान्त्रिक गणतन्त्रको निम्ति भएका जनयुद्ध लगायतका सशस्त्र संघर्षहरुको कारक को थियो ? के त्यो राजतन्त्रात्मक शासन व्यवस्थाबाट मुक्त हुन गरिएको नेपाली जनताको संघर्ष थिएन? निश्चय नै शान्तिपूर्ण होउन वा सशस्त्र, यी सबै जनसंघर्षहरु राजतन्त्रबाट मुक्त हुन गरिएका राजनीतिक संघर्षहरु थिए र यी संघर्षमा भएको सम्पूर्ण क्षतिको एकमात्र जिम्मेवार तत्कालीन दमनकारी र शोषणयुक्त अन्यायी राज्यसत्ता र शासकहरु थिए ।वर्तमान गणतन्त्र तिनै जनप्रतिरोधी संघर्षहरुको प्रतिफल हो । यो गणतन्त्र जनसर्वोच्चताको दृष्टिले अधुरै भएपनि यस्मा राजतन्त्रबाट मुक्त भएर जनताको राज्य कायम गर्नका निम्ति शहादत दिएका शहिदहरुको सपना निहित छ । यी शहिदहरु नेपाली जनताकै छोरा छोरीहरु थिए, जस्ले हाँसी हाँसी आफ्नो ज्यान गुमाएका थिए । यस्को विकल्पमा फेरी उही पुरानै भूत राजतन्त्रलाई कुनैपनि रुपमा स्वीकार्नुको अर्थ एकातर्फ ती शहीदहरुको अपमान हुनेछ भने अर्कोतिर जनतामा निहित सार्वभौमिकता कुनै एउटा जन्मजात शासकलाई सुम्पनु हुनेछ । यो प्रतिगामी हुनेछ ।

> जुनसुकै परिवर्तन भएपनि श्रमजीविवर्ग र उत्पीडित समुदायको निम्ति परिवर्तन अनुभूत भैरहेको छैन । वर्तमान सत्तामा उनीहरुको हैसियत चुनावी दासभन्दा बढी देखिँदैन र उनीहरुको अधिकार चुनावमा भोट खसालेर आफूमाथी शासक चयन गर्नेमा मात्र सीमित देखिन्छ । संघ, प्रदेश र स्थानीय तह, सबै तिर देशको सम्पूर्ण सम्पदा, अर्थतन्त्र र राजनीतिक शासन केही मानिसहरुको हातमा सीमित हुँदै गै रहेको छ ।

निश्चय नै वर्तमान गणतन्त्र अनेकौं अर्थमा अधूरो छ । सत्ताधारी वर्गले (अब त संसदमा प्रतिगामी राजतन्त्रवादीहरु पनि यसमा सामेल छन्) देशी विदेशी पूँजीपतिवर्ग र अभिजात्य समुदायसंग मिलेर लोकतन्त्र वा जनवादलाई चुनावमात्रमा परिभाषित गरेर चतुऱ्याँईपूर्वक यस संघीय लोकतान्त्रिक गणतन्त्रमा बेलगाम लूट मच्चाई रहेका छन् । जुनसुकै परिवर्तन भएपनि श्रमजीविवर्ग र उत्पीडित समुदायको निम्ति परिवर्तन अनुभूत भैरहेको छैन । वर्तमान सत्तामा उनीहरुको हैसियत चुनावी दासभन्दा बढी देखिँदैन र उनीहरुको अधिकार चुनावमा भोट खसालेर आफूमाथी शासक चयन गर्नेमा मात्र सीमित देखिन्छ । संघ, प्रदेश र स्थानीय तह, सबै तिर देशको सम्पूर्ण सम्पदा, अर्थतन्त्र र राजनीतिक शासन केही मानिसहरुको हातमा सीमित हुँदै गै रहेको छ । हद त कतिसम्म छ, यिनीहरु नै शहीद दिवसको आयोजनपनि गर्छन् । तर यथार्थ के हो भने शहीद र जनताको नाममा गरिने यी आयोजनहरुमा शहिद, जनता र देशप्रति सम्मान र समर्पणभन्दा पनि चुनावी भोट बैंक निर्माणको निम्ति शक्तिप्रदर्शनको उद्देश्य बढी निहित हुन्छ । माघ १५गते दुर्गानन्दको शहिद दिवस मनाइन्छ भने माघ १६गते राणाकालीन चारजना शहिदहरुको शहादत दिवस मनाइनेछ । गणतन्त्रको मूल कारक माओवादी जनयुद्धका शहीदहरुको शहादत दिवसलाई सर्वोच्च अदालतले नै खारेज गरिसकेको कारण श्रमजीविवर्गीय वर्गसंघर्षका शहिदहरुले राजनीतिक सांस्कृतिक अर्थमा मान्यता पाउन अझै बाँकी छ । यसरी वर्तमानमा सम्पूर्ण तन्त्र एउटा छद्‌म लोकतन्त्रमा परिणत भएको छ । यसले जनतालाई वास्तविक अर्थमा सत्ताको स्वामी बनाउन वा सार्वभौम अधिकार सम्पन्न बनाउन सामाजिक आमूल परिवर्तनको निम्ति थप संघर्षको माग गर्छ । तर यस्ता संघर्षहरु कुनै राजा, महाराजा वा कुनै विशेष सांस्कृतिक समुदायलाई स्वामी बनाउनलाई होइन, बहुसंख्यक श्रमजीवि र उत्पीडित समुदायलाई स्वामी बनाउनलाई हुनुपर्छ । किनभने वर्तमान गणतन्त्र सम्पूर्ण नेपाली जनताको साझा संघर्ष र बलिदानको प्रतिफल हो ।

दुर्गानन्द सांगठनिकरुपमा नेपाली काँग्रेसका सदस्य थिए । तर उनको शहादत र सपना सम्पूर्ण नेपाली जनताका थिए, त्यसैले उनी र उनीजस्ता सबै शहीदहरु जनताका हुन्छन् । सत्तावृत्तको राजनीतिक अन्यौल तथा जनताले गरेको संघर्ष र बलिदानको इतिहासबाट अनभिज्ञताको कारण वर्तमान युवा पुस्तामा एकखालको अन्यौलता र उदासीनता देखिन्छ । यस्ले जनता र शहीदको मुक्तिको सपना पूरा गर्न तथा वास्तविक अर्थमा जनताको राज्यको स्थापना गर्न जनताका ती महान संघर्षको इतिहासहरुबाट जानकार हुनु र आफ्नो दायित्व तय गर्नु नै देश र जनताको निम्ति हितकर हुनेछ ।

दुर्गानन्द लगायत जनताका सबै शहिदहरुलाई हार्दिक श्रद्धान्जलि ।

# 'शहिदलाई सम्मान गरौँ : राजनीति नगरौँ'



प्रा डा तीर्थप्रसाद मिश्र

विश्वमा आफ्नो देशका बहुसंख्यक जनताको स्वार्थको अगाडि लामो सङ्घर्ष गर्दागर्दै उद्देश्य प्राप्तिका लागि आफ्नो जीवन नै उत्सर्ग गर्ने, जीवन आहुति दिने वा मृत्युवरण गर्ने व्यक्तिलाई सम्मान गर्न सहिद घोषणा गर्ने प्रचलन छ । सहिदले देखाएको मार्गमा लागिरहन तथा ती महामानवहरूको बलिदानको गाथा भावी पुस्तालाई जानकारी गराउन सहिद दिवस मनाउने प्रचलन संसारभरि नै चलेको देखिन्छ । मुलुकको स्वतन्त्रता, सार्वभौमिकता र आत्मसम्मानका लागि अनवरत र अथकित सङ्घर्ष गर्ने क्रममा तत्कालीन शासकबाट मृत्युदण्ड पाएकाहरुलाई पनि सम्बन्धित व्यक्तिको योगदानको स्मरण गर्न सहिद घोषणा गर्ने परम्परा चलेको हो ।

अब नेपालको सन्दर्भतिर लागौं । नेपालमा सहिद घोषणाको इतिहासलाई हेर्दा जहानियाँ राणा शासनका विरुद्धमा लागेको आरोपमा जीवन उत्सर्ग गर्ने सपूतहरूलाई सहिद भन्ने गरिएको देखिन्छ । विसं २००७ को परिवर्तनपश्चात् १९९७ सालको प्रजापरिषद्को काण्डमा मृत्युदण्ड पाएका धर्मभक्त माथेमा, दशरथ चन्द, गङ्गालाल श्रेष्ठ तथा शुक्रराज शास्त्री गरी चार जनालाई सहिदको घोषणा भयो । यसैगरी २००७ सालको आन्दोलनको क्रममा मृत्यु भएका थिरबम मल्ल र २००८ सालमा दिल्ली सम्झौताको विरुद्धमा भएको आन्दोलनमा विश्व निकेतन स्कुलका १४ वर्षीय छात्र चिनियाकाजी श्रेष्ठलाई गोली लागी मृत्यु भएकामा उनीहरुलाई पनि सहिदको सम्मान दिइयो ।

विसं २०४६ को आन्दोलन सफल भएपछि राजा महेन्द्रको २०१७ सालको काण्डको विरोधमा प्राणदण्ड पाएका र पञ्चायतको विरोधमा लागेकाको आरोपमा जीवन उत्सर्ग गरेकालाई सहिदको सम्मान दिइयो । यसमा जगतप्रकाशजङ्ग शाह, लालध्वज गुरुङ, दुर्गानन्द झा, तेजबहादुर अमात्य, सरोजप्रसाद कोइराला, भीमदत्त पन्त, रत्नकुमार बान्तवा, वीरेन्द्र राजवंशी, भीमनारायण श्रेष्ठ तथा यज्ञबहादुर बस्नेत आदिलाई सहिदको सम्मान दिइएको थियो । यसैगरी राणाविरोधी आन्दोलनमा मृत्युदण्ड पाएका लखन थापा तथा बाँकावीरलाई पनि सहिद घोषणा गरियो । यसैगरी २०४६ को आन्दोलनमा सहादत प्राप्त गर्ने १९ जनालाई सहिदको सम्मान प्रदान गरियो । २०६२/६३ को आन्दोलनपश्चात् सहिद घोषणा र सम्मान कार्यमा निकै ठूलो भेल आएको देखिन्छ ।

विसं २०६५ पुस ९ गते छ हजार २४४ जना २०६७ असार ९ गते एक हजार ६१९ जना तथा २०७४ माघ ३ गते १९० जना व्यक्तिले सहिदको सम्मान पाए । यसैगरी पुष्पकमल दाहाल प्रधानमन्त्री भएको बेलामा आठ हजार पाँच जनालाई सहिदको



सम्मान दिएकामा २००० जनाको त नामथर नै नखुलेको टिप्पणी पनि भयो । यसैगरी माधवकुमार नेपाल प्रधानमन्त्री भएको बेलामा चार हजार र मधेश आन्दोलनमा मारिएका ५२ जनालाई सहिद घोषणा गरियो । माओवादी द्वन्द्वको क्रममा मारिएका (सरकारी र विद्रोही दुवै पक्षका) सबैलाई सहिद घोषणा गरियो ।

प्रत्येक राजनीतिक र अन्य निर्दिष्ट उद्देश्य प्राप्तिका लागि भएको आन्दोलनमा मृत्यु भएकाहरुलाई रु १० लाखसहित सहिद घोषणा गर्ने कार्य बडो उदारतापूर्वक हुँदै गइरहेको छ । यसै क्रममा पछिल्लो पटक कोरिया भाषा परीक्षा लिने विषयमा भएको आन्दोलनमा प्रहरीको गोली लागि मारिएका दुईजनालाई पनि रु १० लाखसहित सरकारले सहिद घोषणा गऱ्यो । नेपालको हालसम्मको सहिदको तथ्याङ्क सङ्कलन गर्न पनि अनुसन्धानकै खाँचो पर्ने देखिन्छ । सातौं शताब्दीमा नेपाल आएका चिनिया यात्री हु यन साङले नेपालमा कृषकभन्दा व्यापारी बढी भएको र उन्नाइसौँ शताब्दीमा नेपाल आएका अङ्ग्रेज दूत कर्क प्याट्रिकले काठमाडौँमा घरभन्दा मन्दिर बढी र मानिसभन्दा मूर्ति बढी भएको टिप्पणी गरेको सन्दर्भमा एक्काइसौँ शताब्दीमा नेपाल सहिदै सहिदको देश भनेर पहिचान नहोला भन्न नसकिने अवस्था छ ।

नेपाल सरकार सहिदको स्थापित मर्म, मान्यता, आदर्श र सन्देश बुझेर पनि त्यसलाई अवमूल्यन गर्ने कार्यतर्फ अग्रसर भएको छ । राजनैतिक पार्टीमा शिर्ष नेताहरु आफ्ना कार्यकर्तालाई प्रसन्न गराउन र जनताबाट शुभेक्षा प्राप्त गर्न सहिद घोषणा गरी १० लाख रुपैयाँ उपलब्ध गराउन कसरत गरिरहेका छन् । वस्तुनिष्ठ मापदण्डका आधारमा घोषणा गर्नुपर्नेमा समर्थकलाई सहिद घोषणा गर्न नेपाल बन्द, चक्काजाम, अनशन, धर्ना जस्ता संयन्त्र अवलम्बन गरिएको देखिन्छ । दुर्घटनामा परेकालाई समेत सहिद घोषणा गर्ने माग आएका दृष्टान्त पनि देख्न पाइन्छ । सहिदकै फोटो बोकेर मत माग्ने गरेको दृश्य पनि यहाँ देख्न पाइन्छ । सहिद मुलुकका गहना हुन् कुनै पार्टीका पेवा होइनन् भन्ने हेक्का राख्नुपर्ने तथ्यमा ध्यानै गएको देखिँदैन । यस प्रकार सहिद घोषणा गर्दा राजनैतिक आग्रह एवं तुष्टीकरणको नीति लिँदा सहिदको मर्म, मान्यता तथा सन्देशकै खिल्ली उडेको छ ।

सहिद कसलाई भन्ने हो त ? त्यसतर्फ विचार गरौँ । नेपाल प्रज्ञा प्रतिष्ठानद्वारा प्रकाशित नेपाली बृहत् शब्दकोशमा सहितको अर्थ आफ्नो देश, संस्कृति र अस्तित्वको संरक्षण तथा स्वतन्त्रता प्राप्तिका निम्ति बलिदान भएर लोकहितमा लाग्ने अमर व्यक्ति भन्ने दिइएको छ । यस अर्थमा नेपालको इतिहासमा विभिन्न महामानवहरूले देशको अस्तित्व, अस्मिता, स्वाभिमान र स्वतन्त्रता प्राप्त गर्ने सङ्घर्षमा ज्यान गुमाएका छन् । राष्ट्रपति बफादार र कर्तव्यनिष्ठ हुँदाहुँदै पनि प्राणदण्ड पाएका थुप्रै घटना छन् । ती सबै श्रद्धेय सपूत सहिद नै हुन् । इतिहासको विभिन्न कालखण्डमा यस्ता पात्र धेरै भए । भोटमा विशेष सुविधा दिलाई कान्तिपुर र कालान्तरमा नेपालकै श्रीवृद्धि गर्ने काजी भीम मल्ल काटिए ।

यसैगरी गोरखाको सैनिक परिचालनको क्रममा मारिएका जयन्त राना तथा कालु पाण्डे, षड्यन्त्रकारी राजनीतिको चपेटामा परी हत्या गरिएका देशभक्त सर्वजित राना, दामोदर पाण्डे तथा माथवरसिंह थापा जस्ता हस्तीहरूले सहिदको सम्मान पाउने कि नपाउने ? राणा शासनकै विरुद्ध लागेका लखन थापा र बाँकावीरलाई सहिद घोषणा गर्दा अमरविक्रम शाह सिजापति काण्डमा परेका तथा सुब्बा कृष्णलाल अधिकारी जस्ता सपूतप्रति अन्याय भएन र ? भन्ने प्रश्न उठेको छ । यसतर्फ ध्यान दिने बेला आएको छ ।

नेपालका सन्दर्भमा सहिदको वस्तुनिष्ठ मूल्याङ्कन गरी आवश्यक मापदण्ड निर्धारण गर्न गठित प्रश्रित र सुवेदी आयोगले पनि भने जस्तो कार्य गर्न सकेनन् । राजनैतिक तुष्टीकरणको नीति लिँदा सहिदकै मानमर्दन भइरहेको प्रशस्त टिकाटिप्पणी र चर्चापरिचर्चा हुँदा पनि यस विषयमा मुलुकले पर्याप्त ध्यान दिएर भविष्य उन्मुख योजना बनाउन सकेको छैन । नेपालको पहिलो सहिद को हो ? भन्ने विवाद पनि चर्किएको छ । प्रथम सहिद लखन थापा भन्ने गरिएकामा पूर्वप्रधानमन्त्री केपी ओलीले एक कार्यक्रममा बाँकावीर नै पहिलो सहिद भएको उद्घोष गर्नु भएको थियो ।

सहिद गेटमा चार सहिद र अग्रभागमा त्रिभुवनको सालिक राखिएको छ । तिनै राजा त्रिभुवनको आदेश (हुन त राणा प्रधानमन्त्री जुद्धशमशेरको अगाडि उनको केही चल्दैनथ्यो ।)बाट ती चारजनाले मृत्युदण्ड पाएको तथ्य पनि बिर्सन हुँदैन । अतः यस विषयमा पनि बेलाबेलामा चर्चा चलेकै छ । हेटौँडामा नगरपालिकाले एउटै ढुङ्गामा १२ सहिदको आकृति कुदाएर राखेको छ । त्यसमा जगतप्रकाशजङ्ग शाह तथा भीमनारायण श्रेष्ठ किन परेनन् भन्ने कुरामा सहिद परिवारकै असन्तुष्टि प्रकट भएको छ । यसैगरी सहिदलाई मरणोपरान्त विभूषण प्रदान गर्दा सहिद भीमनारायणको परिवारले बहिष्कार गरेको घटना पनि ताजै छ ।

विसं २०६२/६३ को आन्दोलनपश्चात् द्वन्द्वका क्रममा मारिएका असङ्ख्यलाई सहिद घोषणा गराउने घटनाप्रति आपत्ति जनाउँदै सहिद परिवारकै १२ जना सदस्यले सहिदलाई अपमान गरेकामा सामूहिक आत्मदाह गर्ने चेतावनी दिएका थिए । जिउँदो सहिद भनेर टङ्कप्रसाद आचार्य र मुकेश कायस्थलाई भन्ने गरिँदा यस्तै खड्गमान सिंह जस्ता किन परेनन् ? भन्ने कौतुहल पनि जागेको छ । सहिद परिवारबाटै आएको सहिदको सम्मान भएन भन्ने आवाजलाई पनि सुन्नै पर्छ कि ?

सहिदको सम्मान घोषणा गर्दा राजनैतिक आग्रह राखिनु उपयुक्त हुँदैन । आन्दोलनकारीलाई खुसी बनाउन रु १० लाख दिइ सहिद घोषणा गर्ने परिपाटीको अन्त्य हुनुपर्दछ । सहिद मुलुकै गहना हुन्, प्रतिष्ठा हुन् र भविष्यमा सन्ततिका मार्गदर्शक हुन् भन्ने कुरा मनन गर्नै पर्दछ । अब सहिदको अवधारणा र स्थापित मान्यताको आधारमा उचित मापदण्ड निर्धारण गरिनुपर्दछ । नेपालको ऐतिहासिक कालखण्डमा देखिएका मुलुकको उन्नति स्वाभिमान र स्वतन्त्रताको रक्षाका लागि आफ्नो जीवन उत्सर्ग गर्नेहरूको कार्य र योगदानको आधारमा भविष्य उन्मुख योजना बनाउनु जरुरी छ । यस्तो कार्यमा सरकारले तुष्टीकरणको नीतिबाट पृथक् भई कर्मकाण्डी आयोग वा अध्ययन दल बनाउनु किमार्थ हुँदैन । समाजका सम्बद्ध सबै पक्षसँग राय सल्लाह लिने गरी एउटा उच्चस्तरीय आयोग बनाउनु बाञ्छनीय देखिन्छ । यसरी कार्यविधि बनाई उचित ढङ्गले सहिदको वर्गीकरण हुँदा सबैको यथायोग्य सम्मान हुँदो हो ।

नेपालमा माघ १६ गते सहिद दिवस मनाउने प्रचलन २०१२ सालबाट प्रारम्भ भएको हो । तर, प्रदेश सरकारले भने हाल आआफ्नै अनुकूल सहिद दिवस मनाउँदै आएका छन् । कर्णाली प्रदेशले भदौ ४ गते सहिद दिवस मनाउने गरेको पाइन्छ । सहिद दिवस औपचारिक कार्यक्रम गर्नेमा मात्र सीमित नरहोस् । सहिदको बलिदान स्मरण गर्दै उनीहरूले देखाएको मार्गमा अग्रसर हुनु नै ती महान् आत्माप्रति गरिने सच्चा सम्मान हो । सम्पूर्ण ज्ञातअज्ञात सहिदप्रति हार्दिक श्रद्धाञ्जलि !

# जनतालाई शिरमा राखेर काम गर्नुपर्ने : रक्षामन्त्री

**टुडे समाचारदाता**

काठमाण्डु । उपप्रधानमन्त्री तथा रक्षामन्त्री पूर्णबहादुर खड्काले सरकार सञ्चालनमा रहेका तथा राज्य सञ्चालनमा रहेका पदाधिकारी तथा सम्बद्ध सबैले जनतालाई शिरमा राखेर काम गर्नुपर्ने बताएका छन् । नेपाली सैनिक प्रतिष्ठान, खरिपाटीको निरीक्षणका अवसरमा आयोजित कार्यक्रममा उनले संविधानले नै राज्यशक्तिको मूल स्रोत र सार्वभौमसत्ता नेपाली जनतामा निहित गरेकाले जनताको मन दुख्ने कुनै व्यवहार र काम कसैले पनि गर्न नहुने धारणा राखे ।



उपप्रधानमन्त्री खड्काले भने, "राज्यका सबै निकायले जनतालाई मन नपर्ने वा जनताको आत्मसम्मानमा चोट पुग्ने कुनै पनि काम गर्न हुँदैन ।" राजनीतिकर्मीलगायत सबै राष्ट्रसेवकले जनतालाई पहिलो सम्मान दिएर काम गरे नागरिकले पनि अपनत्वको भाव देखाउने जनाउँदै उनले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामा नागरिकभन्दा ठूलो अरू कोही पनि नभएको बताए ।

उपप्रधानमन्त्री खड्काले हरेक क्षेत्रमा काम गर्नेहरूको काम, कर्तव्य र अधिकार फरक-फरक भए पनि आम नागरिकको सम्मान, उन्नति र प्रगति सबैको साझा लक्ष्य हुनुपर्ने विचार प्रकट गरे । रक्षामन्त्री खड्काले प्रशिक्षणमा रहेका सैनिक अधिकृतहरूलाई सदैव सकारात्मक सोचाइ, सिक्ने अभिरूचि, दृढ इच्छाशक्ति तथा निरन्तर लगावका साथ राष्ट्र सेवामा लाग्न सुझाव दिए । उनले भने, "आफूलाई देशको एक अब्बल र अनुशासित सैनिक अधिकृतका रूपमा स्थापित गर्न स्वयंको जिम्मेवारी अरूको भन्दा बढी हुन्छ भन्नेमा सदैव हेक्का राख्नुपर्दछ ।"

प्रतिष्ठानले सेनालाई प्राप्त जिम्मेवारी कुशलतापूर्वक बहन गर्न सक्षम तुल्याउने, बफादार, अनुशासित, नैतिकवान तथा दक्ष सैनिक अधिकृत उत्पादन गर्ने कार्यमा महत्वपूर्ण योगदान पुऱ्याई प्राज्ञिक थलोका रूपमा स्थापित र परिचित गराउन गरिरहेको प्रयास गरिरहेको पनि उनले बताए । सो अवसरमा प्रधानसेनापति प्रभुराम शर्मा, रक्षा सचिव किरणराज शर्मासहितका अधिकारी सहभागी थिए ।

# सरकारी सञ्चारमाध्यम जनउत्तरदायी हुनुपर्ने संचारमन्त्रीको भनाई

**टुडे समाचारदाता**

काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले सरकारी सञ्चारमाध्यमलाई व्यावसायिक र जनताप्रति उत्तरदायी बनाउने उद्देश्यले सरकारले सार्वजनिक सेवा प्रसारण विधेयक ल्याएको बताएकी छन् ।

प्रतिनिधिसभा शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको सोमबार भएको 'सार्वजनिक सेवा प्रसारण विधेयक' सम्बन्धी बैठकमा मन्त्री शर्माले सरकारी सञ्चारमाध्यमले स्वतन्त्र ढङ्गले जनता र सरकारबीचको पुलको काम गर्नुपर्ने धारणासहित प्रस्तावित विधेयक ल्याइएको बताईन् ।



सञ्चारमन्त्री शर्माले भनिन्, "विगतमा सरकारी सञ्चारमाध्यम भनेपछि सरकारमुखी हुने, जनतामुखी नभएको हो कि भन्ने बुझाइ थियो, हामीले पटकपटक भनेका छौं सरकारी सञ्चारमाध्यम जनताप्रति उत्तरदायी हुनुपर्छ । सरकार र जनताकाबीच यी माध्यमले पुलका रुपमा काम गर्नुपर्छ भन्ने अवधारणा विधेयकमा समावेश गरिएको छ ।"

उनले विधेयकमाथिको संशोधनका क्रममा समसामयिक, प्रविधिमैत्री एवं थप समृद्ध बनाउन समितिबाट सुझाव आउने अपेक्षा गरिएको बताईन् । "विशेषगरी रेडियो नेपाल र नेपाल टेलिभिजनलाई गाभ्ने भन्ने हो, यो केवल गाभ्ने मात्रै हैन, त्यसलाई अझै उन्नतस्तरको 'मिडिया' बनाएर सरकारी मिडियाप्रतिको बुझाइ चिरेर जनउत्तरदायी बनाउने उद्देश्यले विधेयक ल्याइएको छ", उनले भनीन् ।

मन्त्री शर्माले सङ्घीय संसद्को हिउँदे अधिवेशन माघ २२ गते आह्वान भएकाले यही अधिवेशनमा उक्त विधेयक पेस गर्ने सरकारको तयारी रहेको जानकारी दिईन् ।

सार्वजनिक सेवा प्रसारणसम्बन्धी सेवालाई संशोधन र एकीकरण गर्न बनेको सार्वजनिक सेवा प्रसारणसम्बन्धी विधेयक राष्ट्रियसभामा उत्पत्ति भएको थियो । राष्ट्रिय आमसञ्चार नीति, २०७३ मा रेडियो नेपाल र नेपाल टेलिभिजनलाई राष्ट्रिय सार्वजनिक सेवा प्रसारणको रुपमा रुपान्तरण गरी लोकतान्त्रिक मूल्यमान्यता र स्वतन्त्र पत्रकारिताको मर्मलाई आत्मसात् गर्दै स्वच्छ, निष्पक्ष र जनताप्रति उत्तरदायीरुपमा सञ्चालन गरिने व्यवस्था छ । वर्तमान व्यवस्थामा रेडियो नेपाल र नेपाल टेलिभिजन छुट्टाछुट्टैरुपमा सञ्चालन भइरहेका सन्दर्भमा यी दुवै संस्थालाई सार्वजनिक सेवा प्रसारण संस्थामा रुपान्तरण गर्दा एउटा सुदृढ, सबल र सशक्त सार्वजनिक सेवा प्रसारणको स्थापना भई सार्वजनिक प्रसारणका माध्यमबाट नागरिकलाई सुसूचित गराउन सकिने र यसका लागि कानुन निर्माण गर्न आवश्यक भएकाले विधेयक पेस गरिएको जनाइएको छ । उक्त विधेयक राष्ट्रियसभाबाट पारित भई प्रतिनिधिसभामा पेस भएर दफाबार छलफलका लागि शिक्षा समितिमा आएको हो । विधेयकमा नौ सांसदको ७६ स्थानमा संशोधन परेको सञ्चारमन्त्री शर्माले जानकारी दिईन् ।

विधेयकमाथि संशोधन राख्ने सांसदहरुले सरकारी सञ्चारमाध्यमलाई स्वतन्त्र, व्यावसायिक र जनउत्तरदायी बनाइनुपर्ने धारणा व्यक्त गरे ।सांसद प्रदीप पौडेलले सार्वजनिक सञ्चारमाध्यमलाई समयसापेक्ष प्रतिस्पर्धी र जनउत्तरदायी बनाउन तथा नयाँ मिडियालाई पनि सम्बोधन गर्नेगरी विधेयक ल्याइनुपर्ने धारणा व्यक्त गरे । सांसद महेशकुमार बर्तौलाले सरकारी सञ्चारमाध्यमलाई एउटै कानुनको छातामुनि राख्नेगरी कानुन बनाइनुपर्ने धारणा राखे । सांसद रघुजी पन्तले नयाँ मिडियाको प्रभावकारितालाई ध्यान दिएर समयसापेक्ष कानुन बनाइनुपर्ने खाँचो औंल्याए ।सांसद चन्द्र भण्डारीले सरकारी सञ्चारमाध्यमको नेतृत्व कस्तो बनाउनेभन्नेबारे कानुनमै व्यवस्था हुनुपर्ने बताए । सांसद माधव सापकोटाले विधेयकले सङ्घीय अनुकूलको संरचनालाई सम्बोधन गर्नुपर्ने बताए ।सांसद देवेन्द्र पौडेलले समितिमा आएका सबै विधेयकलाई तालिका बनाएर पारित गरिनुपर्ने सुझाव दिए । सांसद सुनिता बरालले सरकारी सञ्चारमाध्यमलाई अझ व्यावसायिक बनाउनेगरी कानुन बनाउनुपर्ने बताए । सांसदहरु सुमना श्रेष्ठ, तोसिमा कार्की, प्रेम सुवाल, नारायणी शर्मा, दीपा शर्मालगायत विधायकले सार्वजनिक सञ्चारमाध्यमलाई जनउत्तरदायी बनाइनुपर्नेमा जोड दिए ।

समितिका सभापति भानुभक्त जोशीले समितिमा आएका विधेयकलाई चाँडो पारित गर्न सबैको सक्रियता चाहिने बताए । विधेयकमाथिको संशोधनकर्ताको धारणापछि भोलि मङ्गलबारको बैठकबाट दफाबार छलफल अगाडि बढाइने बताए ।

समितिका सदस्यको धारणा सुनेपछि सञ्चारमन्त्री शर्माले प्रविधिमा आएको परिवर्तनलाई विधेयकले सम्बोधन गर्नुपर्ने बताए । उनले मन्त्रालयसँग सम्बन्धित विधेयकलाई थप समृद्ध बनाउन मन्त्रालयले विज्ञ सरोकारवालासँग भिन्नभिन्न समिति बनाएर सुझाव लिएको जानकारी दिए ।

# परराष्ट्रमन्त्री साउद र सत्यार्थीबीच भेटवार्ता

**टुडे समाचारदाता**

काठमाण्डु । परराष्ट्रमन्त्री एनपी साउद र नोबेल शान्ति पुरष्कार विजेता कैलाश सत्यार्थीबीच भेटवार्ता भएको छ । परराष्ट्र मन्त्रालयमा सोमबार उनीहरुबीच भेटवार्ता भएको हो ।

भेटका अवसरमा परराष्ट्रमन्त्री साउदले बालअधिकारको क्षेत्रलगायत अन्य सामाजिक क्षेत्र र परोपकारी काममा नेपाल र भारतमा सत्यार्थीले पुऱ्याएको योगदानको चर्चा गरेका थिए ।

सत्यार्थीलाई सन् २०१४ मा बालअधिकारको क्षेत्रमा काम गरेवापत नोबेल शान्ति पुरस्कार प्रदान गरिएको थियो । लुम्बिनी प्रदेश सरकारका मुख्यमन्त्री डिल्लीबहादुर चौधरीसँगै मन्त्रालय पुग्नुभएका सत्यार्थी र मन्त्री साउदबीच आगामी मार्चमा लुम्बिनीमा हुने 'लरेट्स एन्ड लिडर्स' नामकमा शिखर सम्मेलनको तयारी बारे पनि छलफल भएको थियो । लुम्बिनी सरकारले गौतम बुद्धको जन्मस्थल लुम्बिनीमा बालबालिकाको हित, दिगो विकास र शान्तिका लागि 'लरेट्स एन्ड लिडर्स' नामकमा शिखर सम्मेलन आयोजना गर्दैछ ।

लुम्बिनी सरकारले चालु आवको नीति तथा कार्यक्रम र बजेटमै समेटेको शिखर सम्मेलन आगामी मार्च ११ र १२ मा आयोजना गर्न लागेको हो । उक्त शिखर सम्मेलनमा विश्वभरबाट विकासको क्षेत्रमा काम गरिरहेका विज्ञ, अभियन्ता, संयुक्त राष्ट्रसङ्घीय निकायका उच्च अधिकारी, सरकारी तथा गैरसरकारी क्षेत्रका प्रतिनिधिलाई आमन्त्रण गरिने लुम्बिनी प्रदेश सरकारले जनाएको छ ।

'लरेट्स एन्ड लिडर्स' नामकमा शिखर सम्मेलन आयोजनाले शान्तिका अग्रदूत भगवान गौतम बुद्धको जन्मभूमि लुम्बिनीको प्रचारप्रसारमा थप टेवा पुग्ने आयोजकले अपेक्षा गरेको छ ।

## 'बाह्रै महिना सडक सञ्चालनका लागि सहकार्य जरुरी'

**टुडे समाचारदाता**

ढोरपाटन । गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले प्रदेशका अधिकांश ठाउँमा मोटरेबल सडक पुगेको भन्दै ती सडकलाई बाह्रै महिना सञ्चालनका लागि स्थानीय तह र प्रदेश सरकारबीच सहकार्य हुनुपर्नेमा जोड दिएका छन् ।

बागलुङको ढोरपाटन नगरपालिका-६ दोगाडीमा मोटरेलपुलको उद्घाटन गर्दै मुख्यमन्त्री पाण्डेले सडकको पहुँचसँगै विकट गाउँमा पनि विकास देखिन थालेको बताए । उनले अब गाउँमा उत्पादन हुने वस्तु बजारमा आपूर्तिका लागि सहज समेत भएको उल्लेख गरे ।

"धेरैले सङ्घीय व्यवस्थामाथि प्रश्न उठाइ रहेका छन्, कार्यान्वयनमा केही समस्या पक्कै छन्", उनले भने, "तर सङ्घीय व्यवस्थाकै कारण दूरदराजसम्म विकास पुगेको छ ।" उनले अब हरेक नागरिक उद्यमशीलतासँग जोडिनुपर्नेमा जोड दिँदै गाउँमा अथाह सम्भावना भएको बताए । "गाउँमा भएको सम्भावनालाई अवसरमा बदल्नुपर्छ, यसका लागि प्रदेश सरकार तयार छ", उनले भने, "नागरिकका हरेक समस्या समाधानका लागि तीनै तहको सरकार प्रतिबद्ध हुन आवश्यक छ ।"

ढोरपाटन पर्यटनका हिसाबले निकै सम्भावना बोकेको ठाउँ भएको भन्दै यस क्षेत्रको विकासका लागि प्रदेश सरकारले काम गरिरहेको उनको भनाइ थियो । अहिले ढोरपाटनसम्म जोड्ने सडकको अवस्था खराब हुँदा पर्यटक र स्थानीयले दुःख पाउने गरेको भन्दै छिट्टै समस्या समाधान हुने उनको भनाइ थियो ।

# अनुगमन र सजायको अधिकार स्थानीय तहलाई हुनुपर्ने मन्त्री रिजालको भनाई

**टुडे समाचारदाता**

काठमाण्डु । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजालले संविधानद्वारा परिभाषित क्षेत्राधिकारभित्र रही बजार अनुगमन र त्यससम्बन्धी दण्ड सजायसम्बन्धी अधिकार स्थानीय तहलाई दिनुपर्नेमा जोड दिएका छन् ।



प्रतिनिधिसभा अन्तर्गतको कृषि, सहकारी तथा प्राकृतिक स्रोत साधन समितिको सोमबारको बैठकमा उनले प्रत्येक दैनिक उपभोग्य वस्तुको उत्पादनमा गुणस्तर र म्याद गुज्रने अवधि स्पष्ट उल्लेख हुनुपर्र्ने व्यवस्थासहितको कानुन निर्माण गरिनुपर्नेमा जोड दिए । साना उद्योग स्थानीय तहमै दर्ता हुने भएकाले त्यसको अनुगमन, मूल्याङ्कन, नियमन पनि उसैबाट हुनु मनासिव हुने उहाँको भनाइ छ । मन्त्री रिजालले भने, "उद्योग दर्ता, उत्पादन, प्रशोधन, अनुगमन, गुणस्तर निर्धारणलगायत विषयमा प्राप्त सुझावका आधारमा कृषि तथा पशुपन्छी मन्त्रालयसँग मिलेर काम गर्ने गरी कानुन निर्माण गरिनुपर्छ ।"

समितिले खाद्य स्वच्छता तथा गुणस्तर विधेयक २०७७ का संशोधनकर्ता सांसद तथा सरोकारवाला निजी क्षेत्रका प्रतिनिधिबाट विधेयकलाई समृद्ध तुल्याउने सन्दर्भमा परामर्श लिइएको थियो ।निजी क्षेत्रका तर्फबाट विधेयकलाई गुणस्तरीय तुल्याउने सिलसिलामा नेपाल उद्योग वाणिज्य महासङ्घका वरिष्ठ उपाध्यक्ष अञ्जन श्रेष्ठसहितका पदाधिकारीले विभिन्न १३ बुँदे सशोधन पेस गरे ।

महासङ्घले ऐन कार्र्यान्वयन नियमावली बनेपछि मात्र हुने भएकाले विगतका अनुभव समेतका आधारमा ऐन प्रमाणीकरण भएको एक वर्षपछि देखिमात्र लागू गर्न सुझाव दिएको छ । त्यसैगरी, स्वास्थ्यलाई हानि हुने सडेगलेका वा फोहर मैला मिसिएको खाद्य पदार्थलाई मात्र दूषित खाद्य पदार्थका रुपमा लिइने व्यवस्था गर्न सल्लाह दिइएको छ । यसअघि बैठकमा सदस्यहरुले प्रस्तावित विधेयकमा तजबिजी अधिकार रहेको तथा कतिपय महत्वपूर्ण ऐनमै उल्लेख गर्नुपर्ने विषय पनि नियमावलीका आधारमा हुने भन्ने उल्लेख रहेकाले त्यसमा सुधारको खाँचो औंल्याए ।

संशोधनकर्ता सुमना श्रेष्ठले भुईं मान्छेलाई राज्यका तर्फबाट प्रदान गरिने सेवासुविधा सहजरुपमा प्राप्त गर्न सक्छ कि सक्दैन भन्ने विषय कानुन निर्माणकै बखत ध्यान पुऱ्याउन आवश्यक रहेको धारणा राखे । राष्ट्रियसभा प्रवेश भई सुझावसहितको प्रतिवेदन प्राप्त भएपछि प्रतिनिधिसभाले उक्त विधेयक केही समयअघि छलफलका लागि समितिमा पठाएको थियो । उक्त विधेयकमा नौजना सदस्यको सशोधन परेको छ ।

# प्रधानमन्त्री समक्ष प्रतिवेदन पेश

**टुडे समाचारदाता**

काठमाण्डु । निजी क्षेत्रको दूरसञ्चार सेवा प्रदायक कम्पनी एनसेलको शेयर खरिद-बिक्री सम्बन्धमा अध्ययन गर्न गठित छानबिन समितिले सोमबार प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' समक्ष सिंहदरवारमा प्रतिवेदन पेस गरेको छ ।

सोमबार सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माको उपस्थितिमा समितिका संयोजक टङ्कमणि शर्मा दङ्गालले उक्त प्रतिवेदन प्रधानमन्त्री समक्ष पेस गरे ।

सरकारले गत मङ्सिर २१ गते एनसेलको शेयर खरिद बिक्रीको निर्णयका सम्बन्धमा प्रचलित कानुनको परिपालनाको विषय, राजस्व र नेपालमा वैदेशिक लगानीको सम्बन्धमा पर्न सक्ने असरलगायत विषयमा छानबिन गर्न पूर्वमहालेखापरीक्षक शर्माको संयोजकत्वमा समिति गठन गरेको थियो । समितिमा नेपाल सरकारका सचिव फणीन्द्र गौतम, अर्थमन्त्रालयका सहसचिव रितेशकुमार शाक्य, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सहसचिव बाबुराम भण्डारी र नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (आइक्यान)का अध्यक्ष सुजनकुमार काफ्ले सदस्य थिए । समितिलाई एक महिनाभित्र प्रतिवेदन पेस गर्ने समयावधि दिइएपछि छानबिन नसकिएपछि म्याद थप गरिएको थियो ।


## प्रभु बैंक लिमिटेड तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता भुक्तान गर्ने, धितोमा रहेको अचल सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम विक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना

**(सूचना प्रकाशित मिति २०८०/१०/१६ गते मंगलबारको जनकपुर टुडे राष्ट्रिय दैनिक)**

यस बैंक( साविक सेञ्चुरी कमर्सियल बैंक लि.) बाट तपसिलमा उल्लेखित ऋणीले लिनुभएको कर्जा रकम चुक्ता भुक्तान गर्ने मिति समाप्त भईसक्दा र सो ऋण चुक्ता फछ्र्यौट गर्न पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा तथा मिति २०७८/०४/२२ गते राजधानी राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरेकोमा सो सुचना वमोजिम कर्जा चुक्ता नभएकोले मति २०७८/०९/१४ कारोवार राष्ट्रिय दैनिक पत्रिकामा धितोमा रहेको सम्पत्ति लिलाम विक्री सम्वन्धि १५ दिने सार्वजनिक सूचना प्रकाशित गरीएकोमा सो सूचना वमोजिम कर्जा चुक्ता नभएको र धितो पनि लिलाम विक्री नभएकोले कर्जा असुलीका लागि मिति २०७९/०२/०५ गते कारोवार राष्ट्रिय दैनिक पत्रिकामा धितोमा रहको सम्पतिको गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम विक्री गर्ने वारेको ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम ऋणी तथा जमानतकर्ताले कर्जा चुक्ता नगरेकाले कर्जा असुलीका लागि कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपशिलमा उल्लिखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा बित्तिय संस्था सम्बन्धि ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ती के कति दर भाउ र मुल्यमा खरिद गरी लिने हो सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र बैकको शाखा कार्यालय महेन्द्रनगर धनुषामा दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन अर्थात मिति २०८०/१०/२३ गते मंगलवार (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको **शाखा कार्यालय महेन्द्रनगर धनुषामा** दिनको ठीक ३:०० (तीन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । पुनश्च: यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र उक्त बांकी सम्पूर्ण कर्जाको साँवाब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्र्यौट गर्न गराउनको लागि सम्वन्धित ऋणी, धितो सुरक्षणधनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्धारा जानकारी गराईन्छ । उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराउन सकिने व्यहोरा जानकारी गराउँदै कर्जाको सूरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित अचल जायजेथा जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लिखित जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपसिल**

**ऋणी/जमानतकर्ताको विवरण :**

| | |
|---|---|
| **ऋणीको नामः मायानन्द झा मैथिल**<br>(ना.प्र.नं. ०८२१६६०, जारी मिति २०५१ साल, जि.प्र.काः महोत्तरी) ।<br>ठेगाना : महोत्तरी जिल्ला, साढा गा.वि.स.,वडा नं.०३ (हाल धनुषा जिल्ला, मिथिला न.पा.,वडा नं. ०६) ।<br>बाबु : राधारमन झा मैथिल वाहुन । बाजे : पिताम्वर झा । | **जमानतकर्ताको नामः भाग्य नारायण झा**<br>(ना.प्र.नं. १७१०९६/१८४, जारी मिति २०६६/०२/०८, जारी गर्ने कार्यालय जि.प्र.का. धनुषा ।<br>ठेगाना : धनुषा जिल्ला, ढल्केवर गा.वि.स.,वडा नं.०५ (हाल धनुषा जिल्ला, मिथिला न.पा.,वडा नं. ०६) ।<br>बाबु : मायानन्द झा मैथिल । बाजे : राधारमन झा मैथिल वाहुन । |
| **जमानतकर्ताको नाम : श्रीमती रेखा कुमारी थापा क्षेत्री**<br>(ना.प्र.नं. ०७७४१७८७, जारी मिति २०४५/११/०९, जि.प्र.काः धनुषा) ।<br>ठेगाना : धनुषा जिल्ला, वनिनिया गा.वि.स.,वडा नं.०३ (हाल धनुषा जिल्ला, मिथिला न.पा.,वडा नं. ०६) ।<br>पति : मायानन्द झा मैथिल । बाबु : राम बहादुर थापा क्षेत्री ।<br>ससुरा : राधारमन झा मैथिल वाहुन | **जमानतकर्ताको नाम : ओम नारायण झा**<br>(ना.प्र.नं. १७-०१ -७२-०४१३४, जारी मिति २०७२/०४/१२, जारी गर्ने कार्यालय जि.प्र.का. धनुषा ।<br>ठेगाना : धनुषा जिल्ला, ढल्केवर गा.वि.स.,वडा नं.०५ (हाल धनुषा जिल्ला, मिथिला न.पा.,वडा नं. ०६) ।<br>बाबु : मायानन्द झा मैथिल ।<br>बाजे : राधारमन झा मैथिल वाहुन । |
| **जमानतकर्ताको नाम : जय नारायण झा**<br>(ना.प्र.नं. १७०१०९६/१०१६, जारी मिति २०७०/०१/३०, जारी गर्ने कार्यालय जि.प्र.का. धनुषा ।<br>ठेगाना : धनुषा जिल्ला, ढल्केवर गा.वि.स.,वडा नं.०५ (हाल धनुषा जिल्ला, मिथिला न.पा.,वडा नं. ०६) ।<br>बाबु : मायानन्द झा मैथिल । बाजे : राधारमन झा मैथिल वाहुन । | **लिलामी विक्री हुने धितो सम्पत्तिको विवरण :**<br>श्रीमती रेखा कुमारी थापा क्षेत्री को नाममा मालपोत कार्यालय जनकपुरमा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला, ढल्केवार गा.बि.स.वडा नं. ५ नक्सा सिट नं ५क स्थित कि.नं. ९६७ क्षेत्रफल ०-१-०-० (बिघा) घर जग्गा तथा सो घर जग्गाले चर्चेको र भविष्यमा चर्चने सम्पुर्ण लिगलगापत समेत सम्पुर्ण । |

**पुनश्च :**

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय **महेन्द्रनगर धनुषा** बाटसमेत प्राप्त गर्न सकिनेछ ।
२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय **महेन्द्रनगर धनुषा**मा सम्पर्क राख्न सकिनेछ ।

PRABHU BANK
**प्रभु बैंक लिमिटेड**
**प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल**
**फोन नं. ०१-५७१५०००**

# जियाङ्सी प्रान्तीय पूर्व वरिष्ठ विधायक घूसकाण्डमा दोषी ठहर

**सिन्ह्वा**

बेइजिङ । सर्वोच्च पिपुल्स प्रोक्युरेटरका अनुसार पूर्वी चीनको जियाङ्सी प्रान्तका पूर्व वरिष्ठ विधायक यिन मेगेनविद्ध घुस लिएको आरोपमा मुद्दा चलाइएको छ ।

उहाँले पदीय मर्यादा विपरित अनुचित फाइदा लिएको, शक्तिको दुरुपयोग गरेको , अवैध रूपमा ठूलो रकम र बहुमूल्य वस्तुहरू पनि स्वीकार गरेको बताइएको छ ।

अभियोजकहरूले यिनलाई प्रतिवादीको कानुनी अधिकारबारे जानकारी दिई सोधपुछ गरी प्रतिरक्षा र सल्लाहकारको तर्क सुन्ने सुविधा दिइएको बताएका छन् ।

राष्ट्रिय पर्यवेक्षण आयोगको अनुसन्धानको निष्कर्षपछि पूर्वी चीनको फुजियान प्रान्तको सानमिङको पिपुल्स प्रोक्युरेटरले यो मुद्दा सहरको मध्यवर्ती जनअदालतमा दायर गरेको छ ।

# बेलायतद्वारा डिस्पोजेबल ई–चुरोटमाथि प्रतिबन्ध लगाउने योजना सार्वजनिक

**एएफपी**

लण्डन । बेलायतका प्रधानमन्त्री ऋषि सुनकले युवाहरूमा भेपिङको बढ्दो प्रवृत्तिसँग सामना गर्नका लागि बेलायतले डिस्पोजेबल ई-चुरोटमाथि प्रतिबन्ध लगाउन कानून प्रस्तुत गर्ने सोमबार घोषणा गर्नुभएको छ ।



"तपाईं कुनै पनि आमाबुबा वा शिक्षकसँग कुरा गर्नुहोस् उहाँहरूले बच्चाहरूमा भेपिङको चिन्ताजनक वृद्धिको बारेमा कुरा गर्नुहुनेछ", उत्तरपूर्वी इङ्गल्यान्डको डार्लिङ्टनमा एक स्कुलको भ्रमणका क्रममा मिडियासँग सुनकले भन्नुभयो, "यो सही हो कि हामी यसमाथि रोक लगाउनका लागि कडा कदम चाल्दैछौँ, पसलहरूमा प्रदर्शित गरिने स्वाद, उपस्थिति, प्याकेजिङ डिस्पोजेबल भेप्समाथि प्रतिबन्ध लगाउँदैछौँ, बच्चाहरूले भेपिङ गर्नुहुँदैन ।"

'पफ्स' पनि भनेर चिनिने पहिला नै भरिएको डिस्पोजेबल ई-चुरोट युवाहरूमा लोकप्रियछ । यसमा निकोटिनको मात्रा धेरै हुनसक्छ, यो विभिन्न स्वादमा आउँछ र सस्तो हुन्छ ।

सरकारले हालैको आँकडा उद्धृत गर्दै पछिल्लो दुई वर्षमा डिस्पोजेबल भेपको प्रयोग गर्ने १८ वर्षभन्दा कम उमेरका भेपरहरूको अनुपात करिब नौ गुणाले बढेको जनाएको छ । सुनकको सरकारले इङ्गल्यान्ड र वेल्समा बच्चाहरूलाई अवैधरूपमा भेप बिक्री गर्ने पसलहरूमाथि जरिवाना लगाउने योजनासमेत बनाइरहेको छ ।

स्वास्थ्य विशेषज्ञहरूले सरकारको प्रस्तावको स्वागत गरेका छन् । मुख्य चिकित्सा अधिकारी क्रिस ह्विट्टीले उक्त कानूनले भविष्यका पुस्ताहरूमा ठूलो जनस्वास्थ्य प्रभाव पार्ने बताउनुभयो ।

रोयल कलेज अफ पिडियाट्रिक्स एन्ड चाइल्ड हेल्थका माइक म्याककेनले उक्त कदमको प्रशंसा गर्दै 'साहसिक कदम' भन्नुभयो । "डिस्पोजेबलमाथि प्रतिबन्ध लगाउनु सही दिशामा एउटा सार्थक कदम हो", उहाँले भन्नुभयो ।

प्रधानमन्त्री सुनकले गत वर्ष बेलायतलाई धूम्रपानमुक्त मुलुक बनाउने योजना घोषणा गर्नुभएको थियो । उहाँको प्रस्तावअनुसार प्रभावकारीरूपमा प्रत्येक वर्ष धूम्रपानको उमेरमा एक वर्ष बढाएर सम्पूर्ण जनसङ्ख्यामा लागु नभएसम्म सन् २००९ जनवरी १ वा त्यसपछि जन्मेका कुनै पनि व्यक्तिका लागि सुर्तीजन्य उत्पादन बिक्री गर्नु अपराध ठहर्छ ।

"म प्रस्ताव गर्छु, हामी प्रत्येक वर्ष धूम्रपानको उमेर एक वर्ष बढाउनेछौँ, यसको अर्थ आज १४ वर्षको बच्चाले कहिले पनि कानूनीरूपमा चुरोट बेच्ने छैन, उनीहरू र उनीहरूका पुस्ता धूम्रपानमुक्त हुनसक्छन्", अक्टोबरको आफ्नो कन्जरभेटिभ पार्टीको वार्षिक सम्मेलनमा उहाँले भन्नुभयो ।

हाल इङ्गल्यान्ड र वेल्समा सुर्तीजन्य उत्पादनको खरिद गर्ने उमेर १८ वर्षको छ । प्रधानमन्त्री सुनकका अनुसार प्रत्येक मिनेट अस्पतालमा भर्ना हुनका लागि धूम्रपान जिम्मेबार छ । यद्यपि उहाँले भेपमाथि पूर्ण प्रतिबन्ध लगाउन जोड दिनुभएन र यसलाई 'रोक्न चाहने वयस्क धूम्रपान गर्नेहरूका लागि' राख्नु महत्त्वपूर्ण हुने तर्क दिनुभयो ।

यद्यपि केही टोरीले धूम्रपानलाई चरणबद्धरूपमा बन्द गर्ने प्रधानमन्त्री सुनकको प्रयासको विरोध गरिरहेका छन् । विरोध गर्नेमा पूर्वप्रधानमन्त्री लिज ट्रस पनि हुनुहुन्छ । उहाँले यसलाई 'नानी (बालबच्चाको हेरचाह गर्ने) राज्य' विस्तार भन्दै सरकारले सुर्तीजन्य बिक्रीमाथिको प्रतिबन्धका लागि आफ्नो अत्यन्तै अपरम्पतारगत योजनाहरू त्याग्नुपर्ने बताउनुभयो ।

बेलायतको यो घोषणा डिसेम्बरमा एकल-प्रयोग ई-चुरोटमाथि प्रतिबन्ध लगाउनका लागि फ्रान्सेली संसद्को सर्वसम्मत भोटपछि आएको हो । यद्यपि कानूनले फ्रान्सको माथिल्लो सदन सिनेटबाट समर्थन र युरोपेली युनियन (इयु) बाट अनुमति लिन आवश्यक छ ।

बेल्जियमले प्रतिबन्धका लागि इयुको अनुमतिको प्रतीक्षा गरिरहेका बेला जर्मनीले पनि ई-चुरोटमाथि प्रतिबन्ध लगाउने मनसायको सङ्केत दिएको छ । विश्व स्वास्थ्य सङ्गठनका अनुसार सबै भेपको बिक्री वर्तमानमा ३० भन्दा बढी मुलुकमा प्रतिबन्धित छ । कानूनमार्फत ७९ मुलुकले ई-चुरोटको बिक्रीमाथि नियमन गरेका छन् भने ८४ मुलुकमा कुनै प्रतिबन्ध वा नियम छैन ।

# स्नाइपरद्वारा म्यान्माका ब्रिगेडियर जनरलको हेलिकप्टरमा गोली हानी हत्या

**एएफपी**

याङ्गुन । हेलिकप्टर अवतरणको तयारीमा रहेको बेला एक ब्रिगेडियर जनरलसहित म्यान्मा सुरक्षा सेवाका चार सदस्यको सोमबार स्नाइपर हमलामा गोली हानी हत्या गरिएको सैन्य स्रोतले एएफपीलाई बताएको छ ।

ब्रिगेडियर जनरल आये मिन नाउङ, उहाँका निजी सुरक्षा अधिकारी र दुई पाइलटलाई थाई सीमामा रहेको म्यावाडी नजिकैको पूर्वी थिङगान्निनाउङ सहरमा अवतरण गर्न तयार हुँदा एक 'स्नाइपर'ले गाली हानेको सुरक्षा स्रोतले बताएको छ ।

मिडियासँग कुरा गर्नका लागि अधिकार नभएकाले नाम नछाप्न अनुरोध गर्दै स्रोतले ब्रिगेडियर जनरलको मृत्यु भएको बताएको छ । स्रोतले विवरण नदिई हेलिकप्टरमा सवार दुई अन्य सैनिक ' बाँचेको' बताएको छ । कति स्नाइपरले हेलिकप्टरमाथि गोली चलाएका थिए वा गोली हान्ने दोषी को थियो भन्नेबारे स्रोतले केही बताएन ।

हालैका महिनाहरूमा जुन्ताको म्यावाडी वरपर जातीय अल्पसङ्ख्यक लडाकूहरू र सहयोगी ' पिपुल्स डिफेन्स फोर्स' समूहहरूसँग नियमितरूमा झडप भएका छन् । स्थानीय मिडियाले घटनापछिको तस्बिर प्रकाशित गरेका छन् जसमा एउटा सानो हेलिकप्टर खेतमा रहेको देखिन्छ । एक स्थानीय आउटलेटले हेलिकप्टर दुई इन्जिन भएको युरोकप्टर ३६५ रहेको बताएको छ ।

ब्रिगेडियर जनरल मुलुकका विभिन्न भागमा आफ्नो विद्रोहको विरोधीहरूको लडाइँका क्रममा अग्रिम मोर्चामा मारिने सबैभन्दा पछिल्लो उच्चपदस्थ अधिकारी हुनुहुन्छ । नोभेम्बरमा चिनियाँ सीमा नजिकै मोनेकोमा एउटा ड्रोनले खसाएको बमबाट लाइफ इन्फेन्ट्री बटालियनका ब्रिगेडियर जनरलको मृत्यु भएको एक सैन्य स्रोतले बताएको छ ।

छिमेकी कोकाङ क्षेत्रमा जातीय अल्पसङ्ख्यक लडाकूहरूको गठबन्धनसामु दुई हजारभन्दा धेरै सैनिकसँग आत्मसमर्पण गरेको आरोपमा छ जना ब्रिगेडियर जनरल हिरासतमा छन् ।

नोभेम्बरमा दुई पाइलट बोकेको एउटा हलुका लडाकू विमान लडाइँ जारी रहेको मुलुकको पूर्वी भागमा दुर्घटनाग्रस्त भएको थियो । सैन्य विद्रोहका विरोधीहरू शक्तिहरूले उनीहरूले उक्त विमान खसाएको दावी गरेका छन् । जुन्ताले इन्जिनको विफलताका कारण दुर्घटना भएको बताएको छ ।

सन् २०२१ को सैन्य विद्रोहपछि म्यान्मा द्वन्द्वको चपेटामा परेको छ । धेरै सशस्त्र जातीय समूह विभिन्न मोर्चामा जुन्तासँग लडिरहेका छन् ।

# पाकिस्तानमा नातावाद मौलाउँदा सीमित महिलालाई लाभ, लक्षित समूह सुविधाभन्दा बाहिर

**एएनआई**

इस्लामाबाद । पाकिस्तानको चुनावमा अदृश्य महिलाको सहभागिता एक सान्दर्भिक मुद्दा भएको छ । आरक्षण सीट मापदण्ड केवल औपचारिकतामा मात्र सिमित भई परिवारवादको आधारमा छुट्याइएको सोमबार द एक्सप्रेस ट्रिब्यूनले जनाएको छ ।

ट्रिब्यूनका अनुसार प्रमुख राजनीतिक नेताहरूको परिवारिक सदस्य र छोराछोरीलाई बढावा दिने परम्पराले आम पाकिस्तानी महिलाको चुनावमा सहभागिता असम्भव बनाएको छ । उदाहरणका लागि भर्खरै पाकिस्तान पिपुल्स पार्टी (पिपिपी) को आरक्षित सीटहरूको वितरण सूचीमा राखिएका थट्टाका हीर सोहोले सन् २००८ को आम चुनावदेखि आरक्षित सीट प्राप्त गर्दै आउनुभएको छ ।

एक्सप्रेस ट्रिब्यूनले थट्टाका पत्रकार मुहम्मद फयाजलाई उद्धृत गर्दै भनेको छ, "हीर आफ्ना बुबा इस्माइल सोहोका कारण लगातार चौथो आम चुनावमा आरक्षणमा पर्न सफल भएको उल्लेख गरेको छ ।" मुहम्मदले इस्माइल पाकिस्तान पिपुल्स पार्टीको शीर्ष नेतृत्वको साथी भएकाले उहाँकी छोरीले बारम्बार आरक्षण टिकट पाइरहेको बताउनुभयो ।

यस्तै सिन्धमा पाकिस्तान पिपुल्स पार्टीका अध्यक्ष निसार अहमद खुह्रोकी छोरी निदा खुह्रोले दोस्रो चुनावका लागि आरक्षित सिट प्राप्त गर्नुभएको छ ।

> आरक्षित सिटका लागि सम्पन्न महिलाहरुलाई प्राथमिकता दिने अभ्यासले वंशवादी राजनीतिक दलहरु र विद्यमान शासक वर्गले बाँकी जनतामा राखेको गढको व्यापकतालाई बलियो बनाउँछ ।

यस्तै पूर्व मुख्यमन्त्री सैयद कैम अली शाहकी छोरी नफीसा शाहले पनि पिपिपीको आरक्षित सिटको सूचीमा स्थान सुरक्षित छ ।

त्यस्तै, सन् २०१३ र २०१८ को आम चुनावमा आरक्षित सिट प्राप्त राष्ट्रिय सभाका पूर्व सदस्य परवेज मलिककी पत्नी साइस्ता परवेज मलिकलाई यसपटक पनि टिकट दिइएको द एक्सप्रेस ट्रिब्यूनले जनाएको छ ।

यसैगरी प्रमुख मौलाना फजलुर रहमानकी बहिनी शाहिदा अख्तरलाई पटक-पटक आरक्षित सिटको लागि स्वीकृति दिएको छ । अर्की बहिनी रेहाना इस्माइललाई पनि आरक्षित सिट दिएको छ ।

सम्बन्ध तथा मित्रताको आधारमा आरक्षित सिटहरूको वितरण गर्दा, महिला आधारभूत राजनीतिक कार्यकर्ताहरू पछाडि पर्छन् । जुन कार्यकर्तामध्येका आ-आफ्नो पार्टीहरूका लागि उनीहरूले गरेको बलिदानको अपमान हो ।

आरक्षित सिटका लागि सम्पन्न महिलाहरूलाई प्राथमिकता दिने अभ्यासले वंशवादी राजनीतिक दलहरू र विद्यमान शासक वर्गले बाँकी जनतामा राखेको गढको व्यापकतालाई बलियो बनाउँछ । यस सन्दर्भमा, पेशावर विश्वविद्यालयको अर्थशास्त्र विभागका प्राध्यापक सनम वागमा खट्टकले प्रान्तीय वा राष्ट्रिय सभाहरूमा प्रतिनिधित्व केवल प्रतीकात्मक नभई वास्तविक जनसङ्ख्याको प्रतिनिधि हुनुपर्ने धारणा राख्नु भएको छ ।


सनमसँग सहमत हुँदै पञ्जाब विश्वविद्यालयको राजनीति विज्ञान विभागका अध्यक्ष इराम खालिदले आरक्षित सिटमा वास्तविक मनोनयन गर्नुपर्ने महिलालाई प्रायः बेवास्ता गरिने बताउनुभयो । यसरी आरक्षण सिटका लागि पनि केवल पारिवारिक सम्बन्ध र प्रियजनलाई प्राथमिकता दिइने अभ्यासले सभ्रान्त वर्गले मात्र प्रतिनिधित्व पाउने विज्ञहरू बताउछन् ।

# जापानको चन्द्रमामा अवतरण गर्ने यान पुनः सञ्चालनमा

**एएफपी**

टोकियो । जापानको चन्द्रमामा अवतरण गरेको यानको सोर्य प्यानलले काम गर्न सरु गरेको जापानको अन्तरिक्ष निकाय (जाक्सा)ले सोमबार जनाएको छ ।

स्मार्ट ल्यान्डर फर इन्भेस्टिगेसन मून (स्लिम) ले आफ्नो सौर्य प्यानलले काम नगरेको घोषणा गरिएको नौ दिनपछि प्यानलले पुनः काम गर्न सुरु गरेको आश्चर्यजनक घोषणाले जापानको अन्तरिक्ष कार्यक्रममा थप प्रोत्साहन मिलेको छ ।



जाक्साले सामाजिक सञ्जाल एक्स (ट्वीटर) मा 'टोय पुडल' भनिने चन्द्रमाको चट्टानको दानेदार तस्बिरसहितको सन्देश पोस्ट गर्दै लेखेको छ, "हिजो साँझ हामी स्लिमसँग सम्पर्क स्थापित गर्न सफल भयौं, र अनुसन्धान कार्यहरूलाई फेरि सुरु गरेका छौं ।"

"हामीले तत्काल एमबीसीसँग वैज्ञानिक अवलोकन सुरु गर्यौं र १०-ब्यान्ड अवलोकनका लागि पहिलो प्रकाश सफलतापूर्वक प्राप्त गरेका छौं," ल्यान्डरको मल्टिब्यान्ड स्पेक्ट्रोस्कोपिक क्यामेरालाई उद्धृत गर्दै विज्ञप्तिमा भनिएको छ ।

स्लिमको जनवरी २० को चन्द्रमाको अवतरणले जापान संयुक्त राज्य अमेरिका, सोभियत सङ्घ, चीन र भारतपछि चन्द्रमामा 'सफल अवतरण' गर्ने पाँचौं राष्ट्र बनेको छ । '२० मिनेटको सन्त्रास' फैलाएको उक्त यानको इन्जिनमा समस्या आएको र यो निकै खराब कोणमा टुङ्गिएको जाक्साले सार्वजनिक गरेको तस्बिरले देखाएको छ ।

यसको मतलब सौर्य प्यानलहरू सिधा माथि हुनुको सट्टा पश्चिमतर्फ ढल्केको कारण सौर्य प्यानलबाट हुने इन्धन आपूर्ति प्रणालीमा अवरोध आएको थियो । सौर्य प्यानलले काम गरेसँगै उनीहरूले अझै पनि काम गर्न पर्याप्त सूर्यको प्रकाश पाउनेछन् ।

जाक्साले गत हप्ता स्लिमलाई १२ प्रतिशत इनर्जी बाँकी रहेको अवस्थामा स्विच अफ गरेको बताएको थियो । जाक्साका प्रवक्ताले सोमबार एएफपीलाई बताएअनुसार 'सम्भवतः स्लिमको सौर्य ब्याट्रीमा सूर्यको प्रकाश आपूर्तिभएसँगै यानलाई आवश्यक बिजुली उत्पादन सुरु भएको छ र स्लिमको अनुसन्धान अभियान पुनः शुरू भएको छ ।

उहाँले भन्नुभयो, "हामी स्लिमको स्थिति समायोजन गर्नुको सट्टा अब हामी अवलोकन र जानकारी सङ्कलन के गर्न सक्छौं त्यसलाई प्राथमिकता दिनेछौं किनकि प्यानलको अवस्थालाई चलाउँदा अभियानमा समस्या हुनसक्छ ।"

"स्लिम रहेको स्थान अर्थात् चन्द्रमामा जनवरीको अन्त्यसम्म दिनको समय रहनेछ र सोर्य प्रणालीलाई सहयोग पुग्नेछ तर १४ दिनपछि अर्थात् फेब्रुअरीको सुरुसँगै चन्द्रमामा रात हुनेछ," उहाँले बताउनुभयो ।

# र्‍यानएयरको त्रैमासिक नाफा ९३ प्रतिशतले कमी




**एएफपी**

लण्डन । आयरल्याण्डको सस्तो एयरलाइन्स कम्पनी र्‍यानएयर ले इन्धनको उच्च लागतका कारण खुद नाफामा ९३ प्रतिशतले गिरावट आएको सोमबार जनाएको छ ।

सन् २०२३ को अन्तिम तीन महिनामा अघिल्लो वर्षको तुलनामा एक करोड ४८ लाख युरो (एक करोड ६० लाख अमेरिकी डलर) खुद नाफा घटेको निगमले जनाएको छ । कम्पनीका प्रमुख कार्यकारी माइकल ओलेरीले र्‍यानएयरले वार्षिक खुद नाफा एक अर्ब ८५ करोड र एक अर्ब ९५ करोड युरोमा सीमित हुने बताउनुभएको छ ।

कम्पनीले आफ्नो नाफा १.८५ अर्बदेखि २.०५ अर्ब यूरोको बीचमा रहने अनुमान गरेको थियो ।"यो मार्गदर्शन र पूर्ण वर्षको परिणाम समूहको वर्तमान चौथो त्रैमासिकमा अप्रत्याशित प्रतिकूल घटनाहरूबाट बच्नमा धेरै निर्भर रहन्छ," ओलेरीले आय विवरणमा थप्नुभयो ।

उहाँले युक्रेन युद्ध, इजरायल-हमास द्वन्द्व र बोइङको आपूर्तिमा थप ढिलाइजस्ता जोखिम रहेको बताउनुभयो । तेस्रो त्रैमासिकमा र्‍यानएयरको इन्धन लागत ३५ प्रतिशतले बढेको छ भने करको लागत १७ प्रतिशतले वृद्धि भएको छ ।

उच्च औसत भाडाको बावजुद यात्रुहरूको सङ्ख्यामा सात प्रतिशतले बढेर ४१.४ चार करोड १४ लाख पुगेको छ जसले उच्च तलब जस्ता अन्य बढ्दो लागतहरू रोक्न मद्दत पुर्‍याएको छ । एयरलाइन्सको चौथो त्रैमासिक वा जनवरी-मार्च अवधि परम्परागत रूपमा सबैभन्दा कमजोर हो ।

ओलेरीले अमेरिकी विमान निर्माता कम्पनी बोइङले डेलिभरीमा हुने ढिलासुस्ती र गुणस्तर सुधार गर्न थप काम गर्नुपर्ने आफ्नो लक्ष्य रहेको दोहोर्‍याउनुभयो ।

बोइङका एक उच्च अधिकारीले अलास्का एअरलाइन्सको मध्यउडान 'डोर प्लग' को विस्फोटले निम्त्याएको समस्याका लागि माफी माग्नुभयो ।


बोइङको कमर्सियल प्लेन युनिटका कार्यकारी प्रमुख स्टान डिलको यो टिप्पणी बोइङमाथिको गहन जाँचमा केन्द्रित भएको र सुरक्षा जाँचका लागि आफ्ना विमानहरू ग्राउन्डेड गरेको घटनाको तीन हप्तापछि आएको हो ।

# बङ्गलादेशलाई ग्यास आपूर्ति गर्न कतारद्वारा १५ वर्षे सम्झौता

**एएफपी**

दोहा । कतारले अमेरिकास्थित एक्सेलरेट इनर्जीसँग बङ्गलादेशलाई १५ वर्षका लागि खाना पकाउने ग्यास आपूर्ति गर्ने सम्झौतामा हस्ताक्षर गरेको छ ।

दोहाले एक्सेलरेटलाई जनवरी २०२६ देखि सुरु हुने १५ वर्षको अवधिमा बङ्गलादेशमा वार्षिक १० लाख टन खाना पकाउने आपूर्ति गर्नेछ ।



चीनको सिनोपेक, फ्रान्सको टोटल, बेलायतको शेल र इटालीको एनीसँग कतारी ग्यास आपूर्ति सम्झौताका लागि गत वर्ष घोषणा गरिएको थियो ।

यी सम्झौताहरू, २७ वर्ष लामो उद्योगको इतिहासमा सबैभन्दा लामो सहमति हो ।

कतारका ऊर्जामन्त्री साद अल-काबीद्वारा जारी विज्ञप्तिमा भन्नुभयो, "बङ्गलादेशलाई वार्षिक १० लाख टनसम्म एलएनजी आपूर्तिका लागि एक्सेलरेटसँग यो सम्झौतामा हस्ताक्षर गर्न पाउँदा हामी हर्षित छौं ।

"यो नयाँ सम्झौताले एक्सेलरेटसँग हाम्रो सम्बन्धलाई थप मजबुत बनाउनेछ र बङ्गलादेशको ऊर्जा आवश्यकता र बृहत्तर आर्थिक विकासको दिशामा यसको विकाशलाई पनि समर्थन गर्नेछ," कतार इनर्जीका प्रमुख कार्यकारीसमेत रहेका काबीले भन्नुभयो ।

चीन, जापान र दक्षिण कोरियाको नेतृत्वमा एसियाली देशहरू कतारको ग्याँसको लागि मुख्य बजार हुन् । सन् २०२२ मा रूसले युक्रेनमा आक्रमण गरेपछि युरोपेली देशहरूले बढ्दो रूपमा खोजी गरिरहेका छन् ।

गत जुनमा कतार इनर्जीले बङ्गलादेशको सरकारी ऊर्जा कम्पनी पेट्रोबङ्गलासँग १५ वर्षका लागि वार्षिक १५ लाख टन एलएनजी आपूर्ति गर्ने सम्झौतामा हस्ताक्षर गरेको थियो ।

संयुक्त राज्य अमेरिका, अष्ट्रेलिया र रूससँगै कतार विश्वको शीर्ष एलएनजी उत्पादकमध्ये एक हो । यो बङ्गलादेशको लागि सबैभन्दा ठूलो प्राकृतिक ग्याँस आपूर्तिकर्ता हो ।

# राष्ट्रपति पदका लागि पुटिनद्वारा औपचारिक उम्मेदवारी दर्ता

**एएफपी**

मस्को । रुसले सोमबार औपचारिकरूपमा भ्लादिमिर पुटिनलाई मार्चमा हुने राष्ट्रपति निर्वाचनका लागि उम्मेदवारका रूपमा मान्यता दिएको छ । निर्वाचनमा उहाँको जित करिब निश्चित छ ।



यस शताब्दीको सुरुदेखि नै रुसको नेतृत्व गर्दै आउनुभएका ७१ वर्षीय पुटिनले चार वटा राष्ट्रपतीय निर्वाचन जित्नुभएको छ भने विपक्षीहरू करिब अस्तित्वहीन भएको प्रणालीमा केही समयका लागि प्रधानमन्त्रीका रूपमा काम गर्नुभयो ।

केन्द्रीय निर्वाचन आयोगले आफूलाई मनोनयन गर्ने पुटिनका साथै दक्षिणपन्थी तथा पुटिनप्रति बफादार लियोनिद स्लटस्कीलाई निर्वाचनका लागि उम्मेदवारका रूपमा दर्ता गरेको जनाएको छ । निर्वाचन मार्च १५ देखि १७ सम्म अर्थात तीन दिनसम्म हुनेछ । क्रेमलिनका आलोचकहरूका अनुसार निर्वाचनले पारदर्शिताको ग्यारेन्टीलाई अझ कठिन बनाउने बताएका छन् । सन् २०२० मा एउटा विवादास्पद संवैधानिक सुधारपछि पुटिन कम्तीमा सन् २०३६ सम्म सत्तामा कायम रहन सक्नुहुनेछ ।

अधिकार समूहहरूले विगतका निर्वाचनहरूमा अनियमितता भएको भन्दै स्वतन्त्र पर्यवेक्षकहरूलाई निर्वाचनको अनुगमन गर्न रोक लगाउन सकिने बताएका छन् । पुटिनले कुनै वास्तविक प्रतिस्पर्धाको सामना गर्नुहुने अपेक्षा गरिएको छैन । उदारवादी प्रतिद्वन्द्वी बोरिस नादेजदिनले उम्मेदवारका रूपमा दर्ताका गर्नका लागि हस्ताक्षरको थ्रेसहोल्ड (सीमा) पार गर्नुभएको छ ।

यद्यपि उहाँलाई उम्मेदवारका रूपमा अनुमति दिइन्छ वा दिइन्न भन्ने अझै स्पष्ट भएको छैन । साथै क्रेमलिनले उहाँलाई गम्भीर प्रतिद्वन्द्वी नमानिएको बताएको छ ।

# किसान धमाधम आलु रोप्नमा व्यस्त

टुडे समाचारदाता

इलाम । सूर्योदय नगरपालिका-१ थुम्केका तीर्थ बुढाथोकीलाई आलु रोप्ने चटारो छ । बुढाथोकीले ८० मन आलु रोप्न घर माथिको १० रोपनी टारबारी जोतेर तयार बनाएका छन् । “पहिलो दिन आलु रोप्न १५ जना खेताला भनेको छु, एकैपटक सबै खेताला भेटिँदैनन् । हप्ता दिनसम्म रोपेर सकिन्छ”, गोदाममा राखिएको बीउ आलु देखाउँदै उनले भने, “पहिलेपहिले त सयौँ मन रोपेको हो । तर अहिले काम गर्ने युवा विदेशतिर गए, पल्लो गाउँतिर पुगेर खेताला भन्नुपर्छ ।”

सन्दकपुर, माईजोगमाई, देउमाई, सूर्योदयलगायत माथिल्लो लेकाली क्षेत्रका किसानको मुख्य नगदेबाली आलु हो । मकै र अन्य बाली मासिन थालेपछि किसानले आलुमात्र लगाउन थालेका छन् । आलुखेतीले नै घर चलाउने, बालबच्चा पढाउनेजस्ता सबै खर्च धान्दै आएको किसान बताउँछन् । “एक मन बराबर कम्तीमा सात मन फल्छ । ८० मन रोप्दा साढे पाँच सय मन हराउँदै”, बुढाथोकीले भने, “बेच्नेबेला दुई हजार प्रतिमन हुँदा पनि ११ लाखजतिको कारोबार आलुबाट हुन्छ, खर्च कटाएर पनि वर्षमा रु पाँच लाखसम्म आम्दानी गरिन्छ ।”

सडक सञ्जालको सहज पहुँच नपुगे पनि भारतीय सीमा क्षेत्र मानेभञ्ज्याङ बजार पुग्न थुम्केबाट पैदल डेढ घन्टा लाग्छ । उत्पादन भएको आलु बिक्री गर्न बजार अभाव नहुने भएकाले बर्सेनि ठूलोमात्रामा आलुखेती गरेर यहाँका किसानले मनग्य आम्दानी गरिरहेका छन् । जिल्लाको तल्लो क्षेत्रमा बीउ बिक्री गर्न र बाँकी मानेभञ्ज्याङ बजारमा लगेर फुट्टा आलु बेच्न सकिने भएकाले व्यावसायिक आलुखेती गरिरहेका हुन् ।

यतिबला रोपेको आलु असार, साउनमा उत्पादन हुन्छ । चिसो ठाउँ भएकाले घरको गोदाममा थन्क्याएर राखेको आलु कुहिने डर हुँदैन । “केही बजार लगेर साउनमै बिक्री गर्छौं, आधाजति भण्डारण गरेर राख्छौं ।” किसान सीता क्षेत्रीले भने । असोज, कात्तिकमा तल्लो क्षेत्रका किसान लेकमा पुगेर त्यही आलु बीउका रुपमा खरिद गर्छन् । बेचेर रहेको आलु



लेकतिर यो याममा रोपिन्छ । यसरी आलुबाट किसानले आर्थिक उपार्जन गरिरहेका हुन् ।

आलुसहित कोपी, मुला, चिराइतोलगायतका कृषिउपज यहाँ धेरै उत्पादन हुन्छ । उत्पादित कृषिउपजको बजार मानेभञ्ज्याङ हो । बजार नजिकै भए पनि ढुवानीमा यातायात समस्या छ । “कच्ची सडक भरपर्दो छैन । दुःखले माटोरसाइकल चलाउन सकिए पनि गाडीमा आलु ढुवानी गर्न सकिँदैन”, बुढाथोकीले भने ।

यातायातको साधन घोडा हो । प्रायजसो सबैको घरमा घोडा पालिएको हुन्छ । उत्पादित कृषिउपजलाई बजार पुर्‍याउन र त्यहाँबाट घरका लागि आवश्यक नुन, तेल, चामल, गाईबस्तुको लागि अन्न घोडामा बोकाएर ल्याइन्छ । यो ठाउँ लोपोन्मुख वन्यजन्तु रेडपाण्डा पाइने क्षेत्र हो । यहाँबाट श्रीअन्तुमा जस्तै सूर्योदय देखिन्छ । भारतसहित तेस्रो मुलुकसम्मका पर्यटक रेडपाण्डाको अध्ययन अवोलकन गर्न आइपुग्छन् ।

पर्यटकका लागि होमस्टे बनाइएको छ । सडक नहुँदा सबै कुरा खल्लो भएको स्थानीय बताउँछन् । आलुलगायत खेती गर्ने किसानलाई सडक अभावको तीतो महसुस हुन्छ । “वर्षामा पहिरो जान्छ, घोडा नै पुर्छ, बाटोमा चिप्लिएर भिरमा भारीसँगै खसिन्छ कि भन्ने चिन्ताले खेतीको उपलब्धि पनि दिक्क लाग्दो हुन्छ ।” तीर्थका छोरा रमन बुढाथोकीले भने, “हामी विकासमा पछि परेका छौँ, अन्तुले घाम बेचेको छ । त्यहाँ देशविदेशका पर्यटक आउँछन् । उत्तिकै घाम देखिने थुम्के पुग्न भने सामान्य सडक बनाइएन । अरु त अरु रेडपाण्डाको संरक्षण गर्ने, प्रचारप्रसार गर्ने कुरामा कसैको ध्यान छैन ।”

विशेषगरी जिल्लाको उच्च पहाडी भेगका किसानले आलुको व्यावसायिक खेती गर्ने गरेका छन् । आलुको नयाँनयाँ जात उत्पादन गर्ने उद्देश्यले सरकारले जौ बारीमा आलु विकास केन्द्र स्थापना गरेको छ । विशेष गरेर एमएस, डेजिरे, बिटे, सेतो आलु तथा झ्यालेलगायत जातका आलु उत्पादन हुने गरेको छ । लेकाली क्षेत्रका अधिकांश किसानले आलुलाई मुख्य आम्दानीको स्रोत बनाएका छन् । इलाममा बढी उत्पादन भएकै कारण ‘सात अ’ मा पर्ने आलु पनि एक हो । हिउँ पर्ने जमिनमा समेत फस्टाउने आलु छ हजार ८१५ हेक्टर क्षेत्रफलभन्दा बढी जमिनमा खेती गर्ने गरिएको छ ।

कृषि ज्ञानकेन्द्र इलामका अनुसार गत आर्थिक वर्ष २०७९/८० मा जिल्लामा छ हजार नौ सय ९६ हेक्टर क्षेत्रफलमा आलुखेती गरिएको थियो । सो क्षेत्रफलमा एक लाख १७ हजार आठ सय ८३ मेट्रिकटन उत्पादन भएको ज्ञानकेन्द्रका कर्मचारी रुजन खड्काले जानकारी दिए । उनका अनुसार आलुको उत्पादकत्व १६ दशमलव ८५ हेक्टर छ । सङ्घीय कार्यक्रमअन्तर्गत यस वर्ष इलाममा आलु ब्लक विकास कार्यक्रम छ । यसका लागि फिल्ड भेरिफिकेसन र अनुगमन भइरहेको खड्काले बताए । पचास प्रतिशत साझेदारीमा रु १५ लाख बजेटमा चाँडै आलुको ब्लक क्षेत्र निर्धारण गरिने खड्काले बताएका छन् ।

# नेप्से परिसूचक बढ्यो

टुडे समाचारदाता

काठमाण्डु । गत साता निरन्तर ओरालो देखिएको नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक यो साता कारोबारको सुरुवाती दुई दिन लगातार बढेको छ । आइतबार दोहोरो अङ्कले बढेको परिसूचक सोमबार १० दशमलव २६ अङ्कले उकालो लागेको हो । सोमबार नेप्से परिसूचक शून्य दशमलव ४८ प्रतिशतले बढेर दुई हजार एक सय चार दशमलव ७२ को विन्दुमा कायम भएको हो ।

तीन सय ११ कम्पनीको एक करोड २३ लाख २२ हजार सात सय पाँच कित्ता शेयर एक लाख तीन हजार एक सय ५३ पटक खरिदबिक्री हुँदा रू चार अर्ब ५६ करोड ६५ लाख २२ हजार दुई सय ३० बराबरको कारोबार भएको नेप्सेले जनाएको छ ।बैंकिङ समूह शून्य दशमलव ०६, लघुवित्त समूह शून्य दशमलव ०५ र निर्जीवन बीमा समूह शून्य दशमलव ११ प्रतिशतले घटेको छ भने अरु सबै समूहको उपसूचक बढेको छ । सबैभन्दा धेरै अन्य समूह एक दशमलव ६४ र जलविद्युत् समूह एक दशमलव ०८ प्रतिशतले बढेका छन् ।

युनियन हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा सोमबार सकारात्मक सर्किट लागेको छ भने गरिमा डिबेन्चर-२०८५ को शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ । कारोबार रकम र कारोबार भएका शेयर संख्याका आधारमा सोमबार हिमालयन रिइन्स्योरेन्स लिमिटेडको सबैभन्दा धेरै रू ६० करोड १६ लाख ७१ हजार आठ सय नौ बराबरको नौ लाख पाँच सय ११ कित्ता शेयर किनबेच भएको छ ।

# बडिगाडको कोसेली महर भाँगो

टुडे समाचारदाता

ढोरपाटन । एकदशकअघिसम्म बागलुङमा मेला महोत्सव तथा सार्वजनिक कार्यक्रममा सहभागी अतिथिलाई कोसेलीका रुपमा बुट्टेनली दिने चलन थियो । दशकयता आयातीत सामग्रीलाई कोसेलीका रुपमा प्रयोग गर्दै आइएको थियो । तर यस वर्षदेखि बागलुङमा कोसेलीका रुपमा स्थानीयस्तरमा उत्पादित वस्तुलाई प्रयोग गर्न थालिएको छ । कृषकलाई उत्पादन गर्न प्रेरित गरिरहेको छ भने उत्पादित वस्तुले बजारसमेत पाउन थालेका छन् ।

आइतबार बागलुङमा दुई ठूला कार्यक्रममा गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे सहभागी भएका थिए । एउटा बडिगाड गाउँपालिकाको प्रशासकीय भवन उद्घाटन र अर्को लायन्स क्लबको तेस्रो क्याबिनेट बैठक थियो । बडिगाड गाउँपालिकाले मुख्यमन्त्री पाण्डेलाई स्थानीयस्तरमै उत्पादन भएको चोयाको टोकरीमा मह र भाँगो कोसेलीका रुपमा दिएको थियो भने लान्यस क्लबले बागलुङको ताराखोला गाउँपालिका र निसीखोला गाउँपालिकामा उत्पादन भएको भाँगो दिएको थियो ।

आइतबार भएका दुई कार्यक्रममा मात्रै होइन जिल्लामा हुने अन्य कार्यक्रमका आयोजकले प्राङ्गारिक उत्पादनलाई बढी महत्व दिन थालेका छन् । मुख्यमन्त्री पाण्डेलाई कोसेली प्रदान गर्दै बडिगाड गाउँपालिकाकी अध्यक्ष गण्डकी थापा अधिकारीले स्थानीय उत्पादन पहिचान भएको बताए । बडिगाड क्षेत्रमा धेरै किसानले चोयाबाट धेरै प्रकारका सामग्री निर्माण गर्ने, मह र भाँगो उत्पादन गर्ने हुँदा कोसेलीका रुपमा प्रयोग गर्न थालेको बताए ।

“हामीले धेरै पहिलेदेखि कोसेलीका रुपमा यही नै उत्पादन भएको सामग्रीलाई प्रयोग गर्ने गरेका छौं, यहाँबाट अरु धेरैले सिक्नुभएको छ, खुसी लाग्छ, कोसेलीमा स्थानीयको पहिचान झल्किन्छ, पहिले आयातीत काम नलाग्ने जिन्सी सामान कोसेली दिने चलन थियो”, अध्यक्ष अधिकारीले भने, “स्थानीय उत्पादन कोसेलीका रुपमा प्रयोग गर्दा किसानले उचित मूल्य पाउँछन्, बढी उत्पादन गर्नतर्फ प्रेरित हुने गरेका छन्, हामीहरुले दिन कोसेली कुनै न कुनै हिसाबबाट प्रयोगमा आउँछन् ।”

बडिगाड गाउँपालिकाले मात्रै होइन, ढोरपाटन नगरपालिका, निसीखोला गाउँपालिका, जैमिनी नगरपालिका, गलकोट नगरपालिका, तमानखोला गाउँपालिकालगायतले स्थानीय उत्पादनलाई कोसेलीका रुपमा प्रयोग गर्दै आएका छन् । तमानखोलाले पाहुना तथा अतिथिलाई चोयाको डाली, पछ्यौरा र गाउँमै उत्पादन भएको ढाकाटोपी दिने गरेको गाउँपालिका अध्यक्ष जोकलाल बुढामगरले बताए । पछिल्लो समय आधुनिकताले गर्दा धेरैले बाहिरबाट ल्याएका सामान प्रयोग गर्ने गरेको भन्दै त्यस्ता वस्तु देख्न राम्रो हुने तर पहिचान नझल्किने उनको भनाइ छ ।

# व्यापारिक केन्द्र त्रिवेणी सुनसान

टुडे समाचारदाता

त्रिवेणी । तीसको दशक उत्तरार्द्धसम्म व्यापारिक केन्द्रका रूपमा स्थापित त्रिवेणी हिजोआज सुनसान छ । त्रिवेणीघाट नजिकको त्रिवेणी बजारमा चहलपहल घट्दो छ । केही धार्मिक सामग्रीका पसल र खाजाघर छन् । व्यापारिक केन्द्रको साख गुमाएको त्रिवेणीले धार्मिक क्षेत्रको पहिचान भने कायम राखेकाले हिजोआज धार्मिक यात्रामा निस्कनेहरू केहीमात्रामा भेटिन्छन् ।

“तीसको दशकको अन्त्यसम्ममा त्रिवेणीमा खुब चहलपहल थियो, यो राजमार्गमा जस्तो चहलपहल थियो, त्यस्तै नारायणी नदीमा डुङ्गा ओहोरदोहोर गर्थे, बजार ठूलो थियो, अहिले सबै जिरोजस्तो भयो”, त्रिवेणीका सन्तोष पुनले भने, “त्रिवेणी कुनामा रहे पनि त्योबेला धेरै चहलपहल हुन्थ्यो । पहिला त्रिवेणीमा बजार थियो र पारी भारत सुनसान थियो तर हिजोआज ठिक उल्टो भएको छ ।” ऊबेला त्रिवेणीमा पहाडी भेगबाट सामान किनबेचका लागि मानिसहरू आउने गरेको उहाँले जानकारी दिए ।

नारायणघाटदेखि त्रिवेणीसम्म पहिला डुङ्गामा सामान ओसार पसार गर्नुभएका डुङ्गा चालक रामवृष सहानीका अनुसार तोरी, मकै, सुठो, सुन्तला, धान, मुसुरो, अमिलो, फापरलगायत सामग्री त्रिवेणी हुँदै भारततर्फ जाने गर्दथ्यो । त्रिवेणीमा ठूलाठूला व्यापारी बस्थे । कपडा, फलाम, रासनका गल्ला थिए । नारायणघाट, गोलाघाट, सिख्रौलीघाट, पितौजीघाट, पिठौलीघाट, अमलटारीघाटलगायत स्थानमा डुङ्गा रोकिन्थे । वरपरबाट व्यापारीले ल्याएका सामान डुङ्गामा सङ्कलन गर्दै तीन/चार दिनमा त्रिवेणी आइन्थ्यो । राजमार्ग बनेपछि र नारायणीमा विसं २०३८ मा पुल बनेपछि क्रमशः तीसको दशक अन्त्य र चालिसको दशक प्रारम्भ हुँदै गर्दा त्रिवेणीमा चहलपहल घट्दै गएको चालक शहानीले बताए । राजमार्ग बनेपछि यहाँ कुनै बाटोले जोडिएन, व्यापारी कोही बुटवल, भैरहवा, कोही काठमाडौँ फर्किए, अहिले पनि यो ठाउँ सुनसानजस्तो छ ।

त्रिवेणीका ८७ वर्षीय भैरवप्रसाद शर्माका अनुसार चितवन, नवलपुरसहित पहाडतर्फका सामान त्रिवेणीमा ल्याएर भारत र नेपालको पश्चिमतर्फ पठाउने गरिन्थ्यो । भारतमा नहर नबन्दा त्यहाँ उब्जाउ केही नहुने भएकाले त्रिवेणी हुँदै धेरै रासन उता पठाउने गरिन्थ्यो । “भारतमा नहर नबन्दासम्म खराब स्थिति थियो, भोकमरी हुन्थ्यो, गल्ला हुन्थेनन्, जब नहर बनेर यहाँबाट नारायणीको पानी लगेपछि त्यहाँ खेतीपाती हुन थाल्यो । पछि त महेन्द्र राजमार्ग बन्यो, यताबाट सामान जान छाड्यो, अहिले त झन् उताबाट ल्याएर यहाँ खानुपर्ने अवस्था बन्यो, त्रिवेणी सुनसान हुँदै गयो”, उनले भने, “त्रिवेणीमा आएका सामान गोरुगाडामार्फत नेपालको पश्चिमतर्फ पठाउने गरिन्थ्यो ।

त्रिवेणीमा डुङ्गा घाटको ठेक्का लिनुभएका शर्माका अनुसार राजमार्ग खोलेपछि त्रिवेणीलाई जोड्ने छोटो बाटो नबन्दा व्यापारी यहाँबाट पलायन भएका हुन् । पूर्व-पश्चिम राजमार्ग बन्यो, उता ट्रक बस चल्न थाले, यता कुनै बाटोले जोडिएन, डुङ्गाहरू चल्न छाडे, विस्तारै यहाँको रमझम हराउँदै गयो । पहिला जुन रस थियो, त्यो फर्किन सकेको छैन, ऊबेला झुपडी थिए अहिले ठूला ठूला घर बने फरक त्यति हो । त्रिवेणीभन्दा पछि परेका हिजोको ठाउँ अहिले धेरै विकास भए पनि त्रिवेणी पछि पर्दै गएको छ । पहिल नै सहजरुपमा राजमार्गसँग जोड्न सकेको भए त्रिवेणी, व्यापारिक केन्द्रकैरुपमा आज पनि रहन्थ्यो होला तर आज गुमनाम भएको छ ।

त्रिवेणीले ऊ बेला भोगेको नियति आज पनि कायमै रहेको



विनयी त्रिवेणी गाउँपालिका-६, का वडाध्यक्ष नुरेन्द्र शाहको गुनासो थियो । अहिले गण्डकी प्रदेशमा राखिएको त्रिवेणीलाई जिल्ला पुग्न सकस हुनाका साथै छोटोरुपमा राजमार्गसँग जोड्ने दुम्कीबास-त्रिवेणी सडक नखोल्दासम्म त्रिवेणी पछाडि परिरहने उनले बताए । चालिस वर्षअघि त्रिवेणीमा चलहपहल हुँदा सिमानामा रहेको भारतीय टङ्की बजारमा केही नहुने गरेकामा अहिले त्यहाँको बजार बढेर गएको र त्रिवेणीको बजार खुम्चिँदै जानाका साथै गण्डकी प्रदेशलाई भारतसँग जोड्ने त्रिवेणी नाकासमेत सुनसानजस्तै हुने गरेको अध्यक्ष शाहले बताए ।


## बोलपत्र आह्वान सम्बन्धी सूचना

**Ref: 02/079/080**

**प्रथम पटक प्रकाशित मिति: २०८०।१०।१४ गते**

जानकी महिला जागरण समाज (JWAS) ले प्लान ईन्टरनेशनल नेपालसँगको साझेदारी र धनुषा जिल्लामा कार्यक्रम सञ्चालित पालिकाहरुसँगको समन्वयमा धनुषा जिल्लाको सबैला, शहिदनगर, विदेह, कमला र जनकनन्दनी पालिकाहरुमा सञ्चालित दक्ष युवा परियोजना अन्तर्गत १८ देखि २४ वर्ष उमेर समूहका युवाहरूलाई रोजगार तथा स्वरोजगार मुलक व्यवसाय सञ्चालन गर्नका निम्ति यस संस्थालाई यसै सूचना बमोजिमको बोलपत्र आह्वान सम्बन्धी दस्तावेज Term of Reference (ToR) मा उल्लेख भएका वस्तु तथा सामाग्रीहरुको आवश्यक्ता भएकोले सम्बन्धित इच्छुक इजाजत प्राप्त दर्तावाला फर्म, कम्पनी हरूबाट यस संस्थाको तल उल्लेखित कार्यालयको ठेगानामा प्राप्त हुने गरी फर्म/कम्पनीहरुको विवरणका साथै सिलबन्दी बोलपत्र आगामि मिति २०८० माघ २४ गते कार्यालय समय भित्र प्राप्त हुने गरी पेश गर्नका लागि आह्वान गर्दछौं ।

१. आवेदन यस जानकी महिला जागरण समाज (JWAS) को जनपुरधाम उप महानगरपालिका वडा नं ४, कटैयाचौरी जानेबाटो स्थित कार्यालयमा तोकिएको मितिभित्र कार्यालय समय विहान १०:०० बजेदेखि साँझ ०४:०० बजेसम्म पेश गर्न सकिने छ ।
२. सम्बन्धित फर्म/कम्पनीले दर्ताको लागि पेश गरेको सिलबन्दी आवेदन सहितको खाम बाहिर आफनो फर्म, कम्पनी वा संस्थाको नाम, ठेगाना र आवेदनको प्रयोजन समेत उल्लेख गर्नु पर्ने छ ।
३. सम्बन्धित फर्म/कम्पनीले तयार गरेको बोलपत्र आवेदन खामभित्र सिलबन्दी गरी पेश गर्नु पर्ने छ ।
४. बोलपत्र आवेदनका लागि इच्छुक फर्म/कम्पनीले समाग्रीहरुको विवरण सहितको बोलपत्रसम्बन्धि दस्तावेज Terms of reference (ToR) र यससँग सम्बन्धित अन्य कागजातको विवरण प्राप्त गर्न यस संस्थाको vacancyjwas@gmail.com इमेल ठेगानामा इमेल मार्फत अनुरोध गरेमा यथासक्य चाँडै इमेल मार्फत नै उपलब्ध गराइनेछ । इच्छुक बोलपत्र पेश गर्ने फर्म/कम्पनीहरुले आफ्नो बोलपत्रको कागजातको आवेदनको साथमा आफूले पेश गर्ने बोलपत्रको रकमको २.५% बराबरको रकम बैंकमा नगद जम्मा वा बैंक ग्यारेण्टीको कागजात मध्ये कुनै एक पेश गर्नुपर्नेछ ।



## धितो लिलामी गर्ने बारे ३५ दिने अत्यन्त जरुरी सूचना

**(प्रकाशित मिति २०८०/१०/१६ गते)**

तपशिलमा उल्लेखित ऋणी संस्थाले **राजविराज** शाखाबाट उपभोग गरेको कर्जाको सावाँ, व्याज र हर्जना रकम तिर्न बुझाउन पर्नेमा नबुझाई कर्जा सम्बन्धी शर्त तथा बन्देजहरु उल्लंघन गरेकाले सो सम्बन्धमा मौखिक तथा लिखित सूचना र पत्रद्धारा ताकेता गर्दा साथै मिति २०८०/०६/२४ गते जनकपुर टुडे पत्रिकामा कर्जा चुक्ता गर्ने बारे ३५ दिने सार्वजनिक सुचना प्रकाशित गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, व्याज, हर्जना तथा अन्य दैदस्तुरको रकम समेत चुक्ता भुक्तानी नगरी बाँकी रहेको हुनाले बैंकलाई ऋण सुरक्षण बापत लेखाई दिएको तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पती लिलाम बिक्रि गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरी लिनका लागि यो धितो लिलाम बिक्री सम्वन्धि ३५ दिने सूचना प्रकाशित गरिएको छ । अतः उल्लेखित म्याद भित्र तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पती लिलाम बिक्रीमा सहभागी हुन र बोलपत्र खरिद गरी लिन इच्छुक संघ/संस्था, फर्म, कम्पनी तथा सर्वसाधारण महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र आफुले कवोल गरेको रकम सहितको गोप्य शिलबन्दी बोलपत्र पेश गर्नहुन अनुरोध गर्दछौं । लिलाम बिक्रीमा सो सुरक्षण धितो सम्पती कसैले नसकारेमा वा रितपूर्वक बोलपत्र नपरेमा बैक तथा वित्तीय संस्था सम्बन्धि ऐन, सहकारी ऐन २०७४ तथा प्रचलित कानुन बमोजिम धितो सुरक्षण सम्पति यस बैंक आफैले सकार गरी लिने व्यहोरा समेत सम्बधित सबैलाई जानकारी गराईन्छ । धितो लेखि दिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दा साविकमा बैंकबाट भएको मुल्याङकन भन्दा कम मुल्यमा बिक्री भयो वा मेरो/हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर वाजुर गर्न पाउने छैन । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रीबाट पनि यस बैंकको सम्पूर्ण लेना रकम असूल उपर नभएमा सम्बन्धित ऋणी संस्था तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा सम्पतिबाट समेत असुल उपर गरी लिने र ऋणी तथा जमानीकर्तालाई बैक तथा वित्तीय संस्था सम्बन्धि ऐन बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्धारा सूचित गराईन्छ ।

**ऋणी संस्थाको नाम : श्री नव ज्योत बचत तथा ऋण सहकारी संस्था लि.। रजिष्टर्ड ठेगाना : जमुनी मधेपुरा ४, सप्तरी । हालको ठेगाना राजविराज नगरपालिका ०८, मदननगर सप्तरी । दर्ता नं : ३६५/०७१/०७२**

**संचालक तथा जमानीकर्ताको विवरण**

**१) नाम : नरसिंह यादव (अध्यक्ष जमानीकर्ता)**
बाबु : सिताराम यादव
बाजे : परमी यादव
ना प्र नं. : १६१०५४/४०, सप्तरी
ठेगाना : जमुनी मधेपुरा ९, (हाल राजविराज ८, सप्तरी

**२) नाम : बालेश्वर विस्वास (उपाध्यक्ष जमानीकर्ता)**
बाबु : नटाई विस्वास
बाजे : नेवी विस्वास
ना.प्र.नं : ८११६१९५८, सप्तरी
ठेगाना : रुपनी गाउपालिका ४, सप्तरी

**३) नाम : लालदेव यादव (सचिव जमानीकर्ता)**
बाबु : अयोधी यादव
बाजे : कुदी यादव
ना.प्र.नं : ४२७४, सप्तरी
ठेगाना : जमुनी मधेपुरा ३, (हाल विष्णुपुर १, सप्तरी)

**४) नाम : जिबछ यादव (कोषाध्यक्ष जमानीकर्ता)**
बाबु : वौवालाल यादव
बाजे : पुहुपलाल यादव
ना.प्र.नं : ५९२४२९७५, सप्तरी
ठेगाना : जमुनी मधेपुरा ३, (हाल विष्णुपुर १, सप्तरी)

**५) नाम : बासुदेव खंग (संचालक जमानीकर्ता)**
बाबु : तरु खंग
बाजे : रौदी खंग
ना.प्र.नं : ८११६३८०४, सप्तरी ।
ठेगाना : पथरगाडा (हाल रुपनी गा.पा.४, सप्तरी)

**६) नाम : नबिजा खातुन (संचालक)**
बाबु : मुनमहम्मद मंसुरी
पति : महिउदिन मंसुरी
ससुरा जलिल मंसुरी
ना.प्र.नं : ४२२२, सप्तरी
ठेगाना : जमुनी मधेपुरा ५, (हाल विष्णुपुर १, सप्तरी

**७) नाम : श्रीमती सितादेवी यादव (संचालक जमानीकर्ता)**
बाबु : सोती यादव पति : हरेराम यादव ससुरा सुबधी यादव ना.प्र.नं : १६१०५३/२८१, सप्तरी
ठेगाना : जमुनी मधेपुरा ४, (हाल विष्णपुर १, सप्तरी)

**धितो सुरक्षण राखिएको सम्पत्ति र सुरक्षणधनीको विवरण :**

१. श्री परमी यादवको नाति श्री सिताराम यादवको छोरा सप्तरी जिल्ला जमुनी मधेपुरा गा.वि.स. वडा नं. ०९ (हाल राजविराज ८, सप्तरी) बस्ने श्री नरसिंह यादवको नाममा मालपोत कार्यालय राजविराज, सप्तरीमा दर्ता श्रेस्ता कायम रहेको सप्तरी जिल्ला राजविराज न.पा. वडा नं. ५(क) को कित्ता नं. ३५५४ को क्षेत्रफल ०-०-५ जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।
२. श्री पुहुपलाल यादवको नाति श्री वौवालाल यादवको छोरा सप्तरी जिल्ला जमुनी मधेपुरा गा.वि.स. वडा नं. ०३ बस्ने श्री जीबछ यादवको नाममा मालपोत कार्यालय राजविराज, सप्तरीमा दर्ता श्रेस्ता कायम रहेको सप्तरी जिल्ला राजविराज नगरपालिका वडा नं. ५(क) को कित्ता नं. २२३९ को क्षेत्रफल ०-१०-५ जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।
३. श्री परमी यादवको बुहारी श्री सिताराम यादवको श्रीमती सप्तरी जिल्ला जमुनी मधेपुरा गा.वि.स. वडा नं. ०९ बस्ने मुनेश्वरी यादवनीको नाममा मालपोत कार्यालय राजविराज, सप्तरीमा दर्ता श्रेस्ता कायम रहेको सप्तरी जिल्ला जमुनी मधेपुरा गा.वि.स. वडा नं. ९(ख) को कित्ता नं. ४३६ को क्षेत्रफल ०-२-१० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।
४. श्री योगेन्द्र लाल दासको छोरी श्री कृष्ण कुमार दासको श्रीमती सप्तरी जिल्ला बिषहरियाँ गा.वि.स. वडा नं. ०२ बस्ने दास मेघाको नाममा मालपोत कार्यालय राजविराज, सप्तरीमा दर्ता श्रेस्ता कायम रहेको सप्तरी जिल्ला राजविराज न.पा. वडा नं. ८ को कित्ता नं. ८३/१ को क्षेत्रफल ०-०-१२-१२ जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।
५. श्री सुन्दरलाल दासको नाती श्री उमेश दासको छोरा सप्तरी जिल्ला राजविराज वडा नं. ०४ बस्ने सन्तोष कुमार दासको नाममा मालपोत कार्यालय कंचनपुर, सप्तरीमा दर्ता श्रेस्ता कायम रहेको सप्तरी जिल्ला ठेलिया गा.वि.स. वडा नं. २ को कित्ता नं. ७६० को क्षेत्रफल ०-०-१० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

**धितो लिलाम बिक्रिको शर्त तथा बन्देजहरु :**

(१) बोलपत्र फारम यस बैंकको केन्द्रीय कार्यालय र शाखा कार्यालय राजविराजबाट रु ५००/- (अक्षेरुपी पाँच सय) फिर्ता नहुने गरी खरिद गर्न सकिने छ ।
(२) बोलपत्र फारममा आफुले बोलकवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । बोलपत्र फारममा आफुले लिन चाहेको अचल सम्पत्तिको विवरण यस बैंकबाट प्रकाशित सूचनाको आधारमा नै भर्नु पर्नेछ । उल्लेखित अचल सम्पत्तिको स्पष्ट विवरण उल्लेख गरी सो को मुल्य अंक र अक्षरमा भर्नुपर्नेछ । अंक र अक्षरमा रकम फरक पर्न गएमा अक्षरमा उल्लेखितलाई मान्यता दिइने छ ।
(३) बोलपत्रमा आफुले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुन आउने रकम राष्ट्रिय सहकारी वैंक लिमिटेडको नाममा **Kumari Bank LTD** पुतलीसडक, काठमाण्डौं रहेको खाता नं.**००१०००१४८६६००००१**मा जम्मा गरेको सक्कल भौचर साथ बोलपत्र साथ पेश गर्नुपर्ने छ ।
(४) लिलाम बिक्री हुने धितो सुरक्षण निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै राजविराज शाखामा कार्यालय समय भित्र सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरिक्षण गर्न सकिने छ । साथै सोही अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ ।
(५) बोलपत्र स्वीकृत भएको सूचना पाएको ३५ दिन भित्र सम्पूर्ण रकम बुझाई अचल सम्पत्ति आफ्नो नाउँमा नामसारी गरी लिनु पर्नेछ । सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वत जफत हुने छ । रजिष्ट्रेशन गर्ने अड्डामा लाग्ने सरकारी दस्तुर, पूँजिगत लाभकर लगायत अन्य सम्पूर्ण दैदस्तुर घर/जग्गा खरिद गर्ने खरिदकर्ताले ब्यहोर्नु पर्नेछ ।
(६) बोलपत्र दाखिला भै सकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तहरुमा कुनै हेरफेर हुनेछैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागे सम्म समान्यतया धरौटी रकम फिर्ता दिइने छैन ।
(७) रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
(८) बोलपत्र स्वीकार वा अस्वीकार गर्ने र लिलाम सम्बन्धि सम्पूर्ण निर्णय गर्ने अधिकार बैंकमा निहीत रहनेछ ।
(९) बोलपत्र सदर बदर हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी फिर्ता दिन सकिने छ । धरौटी स्वरुप राखेको रकममा ब्याज दावी गर्न पाईने छैन ।
(१०) लिलाम सूचना प्रकाशित मितिले ३५ दिन भित्र बोलपत्र पेश गर्न सकिनेछ । उक्त दिन विदा परेमा सोको भोलिपल्ट कार्यालय समय भित्र पेश गर्न सकिने छ । लिलाम सूचना प्रकाशित मितिले ३६ औं दिनको ३:०० बजे बैंकको केन्द्रीय कार्यालयमा बोलपत्र खोलिने छ । यदि ३६ औं दिनमा सार्वजनिक विदा परेमा सोको भोलीपल्ट वा कार्यालय खुलेको दिनमा उल्लेखित समयमा बोलपत्र खोलिने छ । ३५ दिन सम्म ऋणी वा धितोवालाले बैंकको ऋण चुक्ता बुझाई धितो फुकुवा लैजान सक्ने छ ।
(११) प्राप्त भएका बोलपत्रहरु बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । यदि बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थिति नभएमा बोलपत्र खोल्न बाधा परेको मानिने छैन ।
(१२) बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ ।

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
केन्द्रीय कार्यालय: पुल्चोक, ललितपुर, फोन: ०१-५१८०१८२, Web: www.ncbl.coop

# शहीद झाको ६१ औं बलिदानी दिवस मनाइयो




जनकपुरधामको विद्यापति चोकमा आयोजना गरिएको बलिदानी दिवस कार्यक्रममा सहभागीहरु। *तस्विर : टुडे*

**टुडे समाचारदाता**

जनकपुरधाम। नेपालको पहिलो गणतान्त्रिक शहीद दुर्गानन्द झाको ६१ औं बलिदानी दिवस विभिन्न कार्यक्रम गरी मनाइएको छ। बलिदानी दिवसको अवसरमा दुर्गानन्द स्मारक निर्माण समिति र शहीद दुर्गानन्द झा अनुसन्धान तथा सेवा केन्द्रले छुट्टा छुट्टै कार्यक्रमको आयोजना गरेर बलिदानी दिवस मनाएको छ।

जनकपुरधामको वडा नं २३ को कार्यालयले जनकपुरधामको जनकपुरधाम जटही ६ लेन सडकमा शहीद दुर्गानन्दको शालिक राख्ने योजना रहेको छ। वडाध्यक्ष राघवेन्द्र साहको अध्यक्षतामा भएको सो कार्यक्रममा वक्ताहरुले मुलुकमा स्थापित भएको गणतन्त्रको प्रमुख श्रेय दुर्गानन्द झाको रहेकाले उनको बलिदानी दिनलाई भव्य रुपमा मनाउनका लागि तीनै तहका सरकारसंग आग्रह गरे।

कार्यक्रममा साहित्यकार चन्द्रशेखर चमन लगायतका वक्ताहरुले प्रथम गणतान्त्रिक शहीद झाको योगदानको स्मण गर्दै प्रदेश सरकारले उत्सवको रुपमा मनाउनु पर्ने धारणा राखे।

अनुसन्धान केन्द्रका अध्यक्ष पूर्व प्राध्यापक शम्भुनाथ झाको अध्यक्षतामा भएको सो कार्यक्रममा पूर्व सांसद स्मृतिनारायण चौधरी, मधेश प्रदेशका नीति तथा योजना आयोगका पूर्व उपाध्यक्ष डा. हरिवंश झा, पूर्व कृषि विज्ञ काशीकान्त झा, पूर्व प्रशासक जीवछ मिश्र, बरिष्ठ अधिवक्ता श्याम मिश्र, पत्रकारहरु अजय कुमार झा, धवेन्द्र झा, मधेश आन्दोलनका अगुवा ईन्द्र कुमार मधेशानन्द, कांग्रेसका युवा नेता प्रवेश चौधरी सहितका वक्ताहरुले धारणा राखेका थिए। यसै गरी प्रथम गणतान्त्रिक शहिद झाको पैतृक गाउँ जटहीमा निर्माण भएको स्मरकमा पुष्पगुच्छा अर्पण गरेर शहीद झाप्रति श्रद्धासुमन अर्पण गरिएको थियो।

# महिला नेतृलाई अध्यक्ष यादवले प्रशिक्षण दिने

**टुडे समाचारदाता**

जनकपुरधाम। जनता समाजवादी पार्टी नेपालले पछिल्लो समय संगठन विस्तार, सुदृढीकरण, पुनर्गठन जस्ता अभियानलाई तीव्रता दिएको छ। सोही अभियान अन्तर्गत मंगलबारदेखि जसपा नेपालको भातृ संगठन समाजवादी महिला संघ मधेश प्रदेशका अगुवा महिला नेतृहरुका लागि प्रशिक्षक प्रशिक्षण कार्यक्रम हुने भएको छ।

माघ १६ र १७ गतेका लागि जनकपुरधामको रमण टावरमा 'संघीयता, सुशासन, सामाजिक न्याय र समाजवाद' मुख्य नाराका साथ आयोजना हुन लागेको दुई दिवसीय कार्यक्रममा जसपा निकट मधेश प्रदेशका अगुवा महिला नेतृहरुको सहभागिता रहने छ।

समाजवादी महिला संघका केन्द्रीय पदाधिकारी, मधेश प्रदेशका महिला पदाधिकारी, पार्टीका जिल्ला समिति, महिला सांसद र प्रदेश अन्तर्गत जसपा निकट स्थानीय जनप्रतिनिधि महिला नेतृ सहभागी हुने जनता समाजवादी पार्टी (जसपा)का धनुषा जिल्ला अध्यक्ष पशुपति यादवले जानकारी दिएका छन्।

केन्द्रदेखि प्रदेश समितिको विभिन्न निकायबाट एक सय बढी महिला नेतृ सहभागी हुने उक्त कार्यक्रममा जसपा नेपालका राष्ट्रिय अध्यक्ष उपेन्द्र यादव लगायतका शीर्ष नेतृत्वले प्रशिक्षण दिने कार्यक्रम तय गरिएको छ।

राष्ट्रिय राजनीतिमा महिला सहभागिता, उनीहरुको भूमिका, नेपालको संविधान एवं ऐन कानुनमा महिला अधिकारको उल्लेखित प्रावधान, सामाजिक लोकतन्त्र, समसामयिक राजनीतिक परिवेश लगायतका एजेण्डामा प्रशिक्षण दिइने समाजवादी महिला संघको मधेश प्रदेश समिति अध्यक्ष सञ्जीला यादवले जानकारी दिइन्।

यसअघि हालैमात्र जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले नेतृत्वमा विराटनगर, ओखलढुङ्गा, पोखरा, लुम्बिनी, लहान र जनकपुरधाममा प्रदेश एवं राष्ट्रिय समिति स्तरीय प्रशिक्षक प्रशिक्षण कार्यक्रम सम्पन्न भइसकेको छ।

# 'बन्द रहेका उद्योगहरु सञ्चालन गर्छौं'



**टुडे समाचारदाता**

वीरगञ्ज। प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले लामो समयदेखि बन्द रहेका उद्योगहरु सञ्चालन गरिने तयारी भइरहेको बताएका छन्।

प्रेस सेन्टर नेपालको २० औं स्थापना दिवस तथा राष्ट्रिय परिषद् बैठकलाई सोमबार पर्साको वीरगञ्जमा सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले लामो समयदेखि बन्द रहेका बिराटनगर जुट मिल, हेटौडा कपडा उद्योग, गोरखकाली रबर उद्योग र बुटबल धागो उद्योग सञ्चालन गर्ने गरी काम अघि बढाइएको बताए।

'हिजो मात्रै हामीले बन्द रहेका ती उद्योग निजी- सार्वजनिक साझेदारी अवधारणअनुरुप सञ्चालन गर्ने निर्णय गरेका छौं', प्रधानमन्त्री दाहालले भने-'अबको एक हप्ता वा १० दिन भित्रमा बन्द उद्योग सञ्चालन हुने कुरा जनताले थाहा पाउने छन्।' कतिपय उद्योगहरु नेपाली सेनाले सञ्चालन गर्नेछ भने कतिपय निजी कम्पनीले चलाउने गरी तयारी भइरहेको उनले बताए।

जनता र सबै राजनीतिक दलको सामूहिक सहभागितामा बजेट निर्माण गर्न सरकार केन्द्रित भएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले आगामी वर्षको नीति तथा कार्यक्रम र बजेटलाई जनमुखी, जनता केन्द्रित बनाउने स्पष्ट पारे। "नीति तथा कार्यक्रम र बजेट समाजवाद र सामाजिक न्यायको पक्षमा हुनेछ', उनले भने-'यसमा क्रान्ति नै गर्न खोजिएको छ, यसको पक्षमा जनमत निर्माण गर्न अपिल गर्दछु।'

आफ्नो ध्यान आगामी वर्षका लागि जनता केन्द्रित र सहभागितामूखि नीति, कार्यक्रम र बजेट निर्माणमा गएको उल्लेख गर्दै प्रधानमन्त्री प्रचण्डले लोकतन्त्रको पक्षमा बजेट निर्माण गरेर 'आमुल सुधार' गरिने विश्वास व्यक्त गरे। नीति तथा कार्यक्रम बनाउँदा स्थानीय र प्रदेश सरकार एवं मन्त्रालयहरूको पनि रायसुझाव लिइने बताउदै उनले अब नयाँ तबरले सरकार अगाडि बढ्ने बताए।

पुराना योजना पूरा नहुँदै नयाँ योजना निर्माण गर्ने प्रवृत्तिलाई निराकरण गर्ने योजनामा सरकार रहेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले आवश्यक योजना बनाएर बजेट निर्माण गर्नेगरी सरकार अगाडि बढेको बताए।

सरकारले भ्रष्टाचार, भूमाफिया र मिटरब्याजविरुद्ध सशक्त कदम चालेको भन्दै प्रधानमन्त्रीले सामाजिक सुरक्षा कोषमा अनौपचारिक क्षेत्र, स्वरोजगारी तथा वैदेशिक रोजगारीमा रहेका श्रमिकलाई समेट्ने महत्वपूर्ण कार्य सरकारले गरेको जानकारी दिए।

प्रेस सेन्टर नेपालका अध्यक्ष बिष्णु सापकोटा (जुगल) को अध्यक्षतामा आयोजित कार्यक्रममा नेकपा माओवादी केन्द्रका उपाध्यक्ष तथा प्रवक्ता अग्नि सापकोटा, उपमहासचिव तथा पूर्वमन्त्री मातृका प्रसाद यादव, केन्द्रीय सदस्य लिलामणि पोखरेललगायत नेताले सम्बोधन गरेका थिए।

सो अवसरमा प्रधानमन्त्री दाहालले प्रेस सेन्टर नेपालको उत्कृष्ट प्रदेश, उत्कृष्ट जिल्ला र उत्कृष्ट पत्रकारहरुलाई नगद तथा प्रमाणपत्र प्रदान गरे।

यसअघि सेन्टरको २० औं स्थापना दिवसको अवसरमा सोमबार बिहान वीरगञ्जस्थित घण्टाघर चोकदेखि कार्यक्रमस्थल नगरसभा हलसम्म प्रभातफेरि आयोजना गरिएको थियो।

# सरस्वतीको मूर्ति बनाउन व्यस्त मूर्तिकार



**टुडे समाचारदाता**

मलंगवा।विद्याकीदेवीसरस्वतीको पूजा नजिकिएसँगै सर्लाहीका मूर्तिकारलाई सरस्वतीका मूर्ति बनाउन भ्याइनभ्याइ भएको छ। वसन्तपञ्चमी अर्थात सरस्वती पूजाको दिनका लागि यहाँका मूर्तिकारलाई विभिन्न किसिमका मूर्ति बनाउन भ्याइनभ्याइ भएको छ।

वसन्तपञ्चमीको पूजामा सरस्वतीको मूर्तिबाट प्रशस्त आम्दानी हुने भएकाले जिल्लाका मूर्तिकार मूर्ति बनाउन व्यस्त भएका राजीव पण्डितले बताए। विद्यालयहरुमा सरस्वतीको मूर्तिको माग बढी भएकाले यहाँका मूर्तिकार मूर्ति बनाउन व्यस्त रहेका उनको भनाइ छ।

मूर्तिको आकार हेरेर मूल्य तोकिने भए पनि एउटा मूर्तिलाई दुई हजारदेखि १४ हजारसम्ममा पर्ने मूर्तिकार रामईश्वर पण्डितले बताए। गणेश पूजा, कृष्ण जन्माष्टमी, विश्वकर्मा पूजा र दुर्गा पूजालगायत पर्वमा मूर्ति बेचेर करिब तीन लाखसम्म बचत हुने गरेको उनले बताए।

'विशेष समयमा मूर्तिको माग बढी आउने भएकाले घरपरिवारका सबै सदस्य काममा लाग्ने गर्दछन्', मूर्तिकार लक्ष्मी पण्डितले भने। उनका अनुसार सरस्वती पूजाका लागि यसअघिका वर्षभन्दा यस वर्ष बढी माग आएको छ। उनले वार्षिक तीन लाखसम्म आम्दानी हुने गरेको बताए।

खासगरी कुमाल जातिको पुर्खौली पेसा भए पनि पछिल्लो समय समुदायका मानिसले पनि मूर्ति बनाउन थालेका स्थानीय इन्द्र न्यौपानेले बताए। उनका अनुसार अधिकांश निजी तथा सामुदायिक विद्यालयले सरस्वती पूजाका लागि मूर्ति बनाउन दुई महिना अघिदेखि मूर्तिकारलाई सूचना दिने गरेका छन्।

विद्यालय बाहिर टोलबस्तीमा गरिने पूजाको लागि भने पूजाको एकदिन अगाडि बिक्री स्थलमा गएर आफ्नो आर्थिक सामर्थ्य अनुसार सरस्वतीको मूर्ति छानेर खरिद गर्ने गरिएको स्थानीयवासी गोविन्द अधिकारीले बताए।

# संविधान र लोकतन्त्र जोगाऔं : महामन्त्री थापा




**टुडे समाचारदाता**

राजविराज। नेपाली कांग्रेसका महामन्त्री एवम् प्रतिनिधिसभा सदस्य गगन थापाले अहिलेको मुख्य चुनौती संविधान र लोकतन्त्र जोगाएर सुशासन कायम गर्नु रहेको बताएका छन्।

'समुदायमा कांग्रेस' अभियान अन्तर्गत सम्वाद यात्राका क्रममा सोमबार राजविराज आई पुगेका महामन्त्री थापाले पार्टी कार्यालयमा आयोजित पत्रकार सम्मेलनमा सुशासन जोगाउनु चुनौतीपूर्ण रहेको बताए। उनले भने-'यसका लागि सबैले आ-आफ्नो ठाउँबाट इमान्दारीपूर्वक प्रयास गर्नुपर्छ।' 'कसैले प्रदेश संरचना खारेजको कुरा उठाइरहेका छन् त कसैले व्यवस्था नै परिवर्तन गर्नुपर्छ भनिरहेका छन्, महामन्त्री थापाले भने-'यस्ता कुराको पछि लागे मुलुकमा ठूलो दुर्घटना हुनेछ।'

उनले संविधान र संघीयता विरोधी गतिविधि रोक्न सुशासन गतिलो हतियार हुने भन्दै यसका लागि सबै जिम्मेवार व्यक्तिले आ-आफ्नो ठाउँबाट भूमिका खेल्नुपर्नेमा जोड दिए।

ठूलो संघर्षपछि प्राप्त भएको संघीयता कार्यान्वयनको क्रममा केही त्रुटि पनि भएको स्वीकार्दै उनले त्रुटि सच्चाएर अघि बढ्नुपर्ने प्रमुख आवश्यकता रहेको बताए। उनले अहिलेको व्यवस्था नै उत्कृष्ट भएको दाबी गर्दै यसको विकल्प खोज्नु समय खेर फाल्नु जस्तै हुने बताए।

संविधान र लोकतन्त्र जोगाउन तथा समग्र परिवर्तनको रक्षाका लागि कांग्रेस अघि बढेको बताउँदै उनले यसमा सबै लोकतन्त्रवादीको साथ र सहयोग आवश्यक रहेको जनाए। सोमबार नै उनी प्रसिद्ध शक्तिपीठ छिन्नमस्ता भगवती मन्दिरमा पूजापाठ पश्चात स्थानीय गजेन्द्रनारायण सिंह अस्पताल पुगी त्यहाँको समस्याबारे जानकारी लिनुका साथै सुधारका लागि आफ्नो तर्फबाट सक्दो पहल गर्ने प्रतिबद्धता जनाएका थिए।स्थानीय स्तरमा सेवा प्रवाहको अवस्था, विकास निर्माण र समुदायमा भएका असल अभ्यासको अवलोकन, हुलाकी सडक वरिपरि बसोबास गरिरहेका जनताको पीडा नजिकबाट बुझ्ने तथा जनताबाट आएका गुनासा र सुझावलाई प्रभावकारी ढंगले कार्यान्वयनमा ल्याउने उद्देश्यले थालिएको समुदायमा कांग्रेस अभियान तथा सम्बाद यात्रा माघ २६ सम्म सञ्चालन हुने सो पार्टीले जनाएको छ।

# अवैध कपडा बरामद



**टुडे समाचारदाता**

राजविराज। अवैध रुपमा नेपाल भित्र्याइएको पाँच लाख भन्दा बढीको रेडिमेड कपडा सशस्त्र प्रहरीले बरामद गरेको छ।

सशस्त्र प्रहरी बल नेपाल सुरक्षा वेस क्याम्प भारदहबाट खटेको प्रहरी टोलीले आईतवार राति ९ बजेतिर हनुमाननगर कंकालिनी नगरपालिका १ भारदह-कोशी ब्यारेज सडक खण्डमा चेकजाँचको क्रममा एक यात्रुबाहक वसबाट पाँच लाख ३१ हजार २ सय मूल्य बराबरको अवैध रेडिमेड कपडा बरामद गरेको छ।

बरामद कपडामा ६ सय ६४ थान लेडिज टप्स (कुर्ती) रहेको सशस्त्र प्रहरी नायब उपरीक्षक मोहन राज विष्टले जानकारी दिए। कुनै विल विजक नरहेको उक्त सामान जफत गरी आवश्यक कारबाही प्रकृयाका लागि सोमवार तिलाठी स्थित राजविराज भन्सार कार्यालय बुझाइएको सशस्त्र प्रहरी बल नेपाल नं.६ गण हेडक्वाटर सप्तरीले जनाएको छ।

सीमा क्षेत्रमा भन्सार छलेर अवैध रुपमा मालसमान ल्याउने तस्करको चलखेल बढेको सुराकीका आधारमा चेक जाँचमा कडाइ र निगरानी बढाइएको सशस्त्र प्रहरीले जनाएको छ।

# आजदेखि सरकारी कार्यालय ५ बजेसम्म

**टुडे समाचारदाता**

जनकपुरधाम। मंगलबारदेखि देशभरका सम्पूर्ण सरकारी कार्यालय अपराह्न ५ बजेसम्म खुल्ने भएका छन्। सरकारले २०७९ साल चैत २ गते नेपाल राजपत्रमा सूचना प्रकाशित गरी माघ १६ गतेदेखि कार्यालय समय बिहान १० देखि अपराह्न ५ बजेसम्म हुने जनाएको थियो।

सरकारले गत कात्तिक १६ गतेदेखि यही माघ १५ गतेसम्म बिहान १० देखि अपराह्न ४ बजेसम्म तोकेको थियो। वैशाख १ देखि कात्तिक १५ गतेसम्म र माघ १६ देखि चैत मसान्तसम्म कार्यालय समय साँझ ५ बजेसम्म सञ्चालन हुनेछन्। शुक्रबारका दिन बिहान १० देखि अपराह्न ३ बजेसम्म कार्यालय खुल्ला रहने गृहमन्त्रालयले जनाएको छ। सरकारले दिउँसो १:३० देखि २ बजेसम्म खाजा खाने समय निर्धारण गरेको छ।

# समुदायमा कांग्रेस अभियान शुरु




**टुडे समाचारदाता**

गौर। नेपाली कांग्रेसको 'समुदायमा कांग्रेस' अभियान औपचारिक रुपमा रौतहटबाट सुरु भएको छ।

रौतहट सदरमुकाम गौर स्थित जिल्ला पार्टी कार्यालयमा सोमवार आयोजित कार्यक्रमका प्रमुख अतिथि नेपाली कांग्रेसका केन्द्रीय सदस्य अजयबाबु शिवाकोटीले नेपाली कांग्रेसको सर्कुलरलाई वाचन गरेर यसको महत्व वारे प्रकाश पार्दै रौतहटको १ सय ५७ वटै वडामा जिल्ला नेतृत्वका साथीहरु गएर हरेक तह तप्का संगको विचार भावनालाई बुझ्ने एवं नागरिकको गुनासाहरु पनि सुनेर टिपोटहरु संग्रह गरी समाधानको प्रयास गर्ने अभियानमा लाग्ने उनले बताए।

वडामा रहेका नागरिक समाज, किसान समूह, आमा समूह, वन उपभोक्ता समूह, शिक्षक, प्राध्यापक, समाजका अगुवा, स्थानीय सरकारको वडा कार्यालयबाट प्रवाह भइरहेका सेवा एवं सुविधाहरु सम्बन्धमा प्रत्यक्ष रुपमा नागरिकहरु संग सम्वाद गर्ने, स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारबाट पाइरहेका सेवा सुविधाहरु बाहेक कस्ता कस्ता सेवाहरु पाउनुपर्ने हो त्यस बारे जानकारी प्राप्त गरेर नागरिकका समस्या समाधान गराउनमा नेपाली कांग्रेस भूमिका निर्वाह गरेमा मात्रै पार्टी प्रति जनविश्वास बढ्ने केन्द्रीय कार्यालयको मान्यता रहेको हुँदा त्यस तर्फ आ-आफना दायित्वलाई निर्वाह गर्न उनले निर्देशन दिए।

नेपाली कांग्रेस जिल्ला सभापति एवं प्रदेश सदस्य सुनिल यादवको सभापतित्वमा सम्पन्न जिल्ला स्तरीय कार्यक्रममा जिल्ला सचिव रामचन्द्र गिरीले स्वागत गरे। समुदायमा नेपाली कांग्रेस कार्यक्रममा जिल्लाका उपाध्यक्षद्वय धीरेन्द्र सिंह र रामलोचन जयसवाल, क्षेत्रीय सभापतित्रय श्रीराम यादव, रामस्नेही यादव र सरफलाल गुप्ता, सूर्य थापा, मेयरत्रय श्याम प्रसाद यादव, बैजु यादव, शेख वकिल, युवा नेता मिथिलेश मिश्र, तरुण दलका जिल्ला अध्यक्ष सोभित सिलवाल, प्रदेश सदस्यहरु, जिल्ला सदस्यहरु, हृदयनारायण यादव, रामनारायण यादव, मोहन यादव, किसान संघका प्रदेश अध्यक्ष सन्तलाल साह, विन्दा साहनी, महिला प्रतिनिधिहरु लगायतका विभिन्न जनवर्गीय संघ संगठनका प्रमुख एवं सदस्यहरुको उपस्थिति रहेको थियो।

**आगो वा हिटर प्रयोगमा होसियारी अपनाऔं।**

- झ्याल, ढोका थुनेर आगो वा हिटर नबालौं,
- सुत्नुभन्दा अगाडि आगो वा हिटर निभाऔं,
- आगो वा हिटर बालबालिकाको पहुँचभन्दा पर राखौं,
- हावाको उचित ओहोरदोहार हुनेगरी मात्र आगो वा हिटर बालौं,
- सकेसम्म बाथरुममा ग्यास गिजरको प्रयोग नगरौं, गर्नै परेमा भेन्टिलेसन खुला राखौं।

**झ्याल ढोका थुनेर आगो वा हिटर प्रयोग गर्दा अक्सिजनको कमी हुन गई ज्यान जान सक्दछ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

**समाचारदाता चाहियो**

रौतहट जिल्लालाई केन्द्र बनाएर क्रियासिल पत्रकार जनकपुर टुडे राष्ट्रिय दैनिकका लागि आवश्यक भएकाले वायोडाटा सहित मिति २०८०/१०/२२ गते सम्म तलको इमेलमा आवेदन पठाउन आव्हान गरिन्छ।

इमेल : jtodaynews@gmail.com

**आवश्यकता**

जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा तपसिल बमोजिमको कर्मचारी आवश्यकता भएको हुँदा ईच्छुक महानुभावहरुले बायोडाटा सहित जनकपुर टुडेको कार्यालयमा सम्पर्क गर्नु हुन जानकारी गराईन्छ।

**कम्प्युटर अपरेटर - १ (एक) जना**

सम्पर्क

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.
जनकपुरधाम, धनुषा
सम्पर्क नं. : ९८०१६२६०२६, ९८५४०२६०२५

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८